# गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस

नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको

दसौँ पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

कमल गौतम

नेपाली विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौँ


२०६५

शोधनिर्देशक,
उपप्रा.तुलसीमान श्रेष्ठ

# गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस**

**नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको**

**दसौँ पत्रको प्रयोजनका लागि**

**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**

**कमल गौतम**

**नेपाली विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस**

**प्रदर्शनीमार्ग, काठमाडौं**

**२०६५**

**त्रिभुवन विश्वविद्यालय,**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**

**रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, प्रदर्शनीमार्ग**

**काठमाडौँ**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पसअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी कमल गौतमले **गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, सहप्रा.शङ्कर सुब्बा 'फागो' ...................................

२. शोधनिर्देशक, उपप्रा.तुलसीमान श्रेष्ठ ..................................

३. बाह्य परीक्षक, प्रा.डा.मोतिलाल पराजुली ..................................

मितिः २०६५/१२/२५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पसअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी कमल गौतमले **गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः२०६५/१२/

....................................

(उपप्रा. तुलसीमान श्रेष्ठ)
शोधनिर्देशक
रत्नराज्यलक्ष्मी क्याम्पस
नेपाली विभाग
प्रदर्शनीमार्ग, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय,**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**

**रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, प्रदर्शनीमार्ग**

**काठमाडौँ**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पसअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी कमल गौतमले **गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, सहप्रा.शङ्कर सुब्बा 'फागो' ..................................

२. शोधनिर्देशक, उपप्रा.तुलसीमान श्रेष्ठ ..................................

३. बाह्य परीक्षक, प्रा.डा.मोतिलाल पराजुली ..................................

मितिः २०६५/१२/२५

# कृतज्ञताज्ञापन

प्रस्तुत गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको अध्ययन शीर्षकको शोधपत्र मैले समादरणीय गुरु उपप्रा. तुलसीमान श्रेष्ठको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अगि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।

मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्नका लागि अनुमति प्रदान गर्नुहुने तथा आवश्यक सल्लाह दिई उत्प्रेरित गर्नुहुने आदरणीय गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्न अवसर जुटाइदिने नेपाली विभाग रत्नराज्यलक्ष्मी क्याम्पसप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

विभिन्न व्यावहारिक समस्याहरूको समाधान गर्दै अध्ययनका लागि हौसला र प्रेरणा दिई यस अवस्थासम्म ल्याइपुऱ्याउन मद्दत गर्नुहुने पूजनीय पिता भोजराज गौतम र मेरी ममतामयी माता बालकुमारी गौतमप्रति म हार्दिक श्रद्धाभाव व्यक्त गर्दछु । मेरो सफलतालाई आफ्नो सफलतासँग जोडेर अध्ययनको निम्ति अनुकूल वातावरण मिलाइदिने जीवनसङ्गिनी रूपा एवम् प्यारो छोरा रूपकलाई पनि यस शोधपत्रको हिस्सा बनाउन चाहन्छु । त्यस्तै सदैव मेरो निम्ति आफ्नो सम्पूर्ण लगानी गर्ने भाइ सम्भु अनि प्यारो भाइ सरोज पनि मेरो अध्ययन यात्राको सहयात्री हुन भन्ने ठान्दछु । प्रारम्भदेखि उच्च शिक्षाको निम्ति हरसमय मार्गनिर्देश गर्नुहुने काका डा. बाबुराम गौतम उपप्रा अङ्गदमणि गौतमप्रति श्रद्धा भाव राख्नु म आफ्नो उत्तरदायित्व सम्झन्छु ।

यस शोधलेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिने भान्जा सुन्रेन्द्रराज ज्ञवाली, भाउजू सुशिला गौतम, भगवती काफ्ले, खगेश्वर गौतम, विष्णु सुवेदी, गोकुल पन्त, रामप्रसाद अर्यालप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । सामग्रीहरूलाई झर्को नमानीकन होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने क्रिएटिभ कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विभाग प्रदर्शनीमार्गसमक्ष पेस गर्दछु ।



कमल गौतम

रत्नराज्यलक्ष्मी क्याम्पसप्रति

नेपाली विभाग प्रदर्शनीमार्ग

काठमाडौँ

# विषयसूची

पृष्ठ


**पहिलो परिच्छेद : शोधपरिचय**

१.१ शोधशीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ विषयपरिचय १

१.४ शोधसमस्या २

१.५ शोधकार्यको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ शोधकार्यको औचित्य ६

१.८ शोधकार्यको सीमाङ्कन ७

१.९ सामग्री सङ्कलन र शोधविधि ७

१.१० शोधपत्रको रूपरेखा ७

**दोस्रो परिच्छेद : गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय**

२.१ ऐतिहासिक परिचय ९

२.२ नामकरण ९

२ .३ सामाजिक अवस्था १०

२.४ शिक्षा तथा स्वास्थ्यको अवस्था ११

२.५ धार्मिक तथा साँस्कृतिक स्थिति ११

२.६ राजनितिक / राजनैतिक आवस्था १३

  २ .६.१ निर्वाचन क्षेत्र नं. : १ १३

  २ .६.२ निर्वाचन क्षेत्र नं. : २ १३

  २ .६.३ निर्वाचन क्षेत्र नं. : ३ १३

२.७ आर्थिक अवस्था १४

२.८ हावापानी र वनोघान १५

२.८.१ कोडधारी वनको पेटी १५

२.८.२ अर्धेष्ण वनको पेटी १६

२.९ कृषि व्यवसाय १६

२.१० जनसंख्या १७

२.११. निष्कर्ष १८

**परिच्छेद – तीन : लोकगीतको सैद्धान्तिक अध्ययन र तिजगीत**

३.१ लोकगीतको परिचय १९

३.२ लोकगीतको परिभाषा र स्वरूप २०

३.३ लोकगीतका तत्त्वहरू २२

३.३ लोकगीतका विशेषताहरू २६

३.४ नेपाली लोकगीतको वर्गीकरण २७

३.४.१ क्षेत्रीय आधारमा लोकगीतको प्रकार २९

३.४.२ जातीय आधारमा लोकगीत ३०

३.४.३ उमेरका आधारमा लोकगीत ३१

३.४.४ लिङ्गका आधारमा लोकगीतका प्रकार ३१

३.४.५ सहभागिताका आधारमा लोकगीतका प्रकार ३२

३.४.६ बनोटका आधारमा लोकगीत ३२

३.४.७ प्रस्तुतिका आधारमा लोकगीत ३३

३.४.८ विषयका आधारमा लोकगीत ३४

३.४.९ आकारका आधारमा लोकगीत ३५

३.४.१० समयका आधारमा लोकगीत ३५

३.५ तिजगीतको परिचय ३६

३.६ नामकरण र गायन परम्परा ३९

३.७ निष्कर्ष ४१

**परिच्छेद चार : गुल्मी जिल्लामा प्रचलित तिजगीतको सङ्कलन वर्गीकरण र विश्लेषण**


४.१ तिज गीतको सङ्कलन ४२

४.२ गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको वर्गीकरण ६८

४.३ गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको विश्लेषण ६८

४.३.१ तिजे गीतमा सामाजिक विषयवस्तुको चित्रण ६८

४.३.१.१ पौराणिक तथा धार्मिक विषयवस्तुको चित्रण ६९

४.३.१.२ प्रकृतिप्रेममूलक चित्रण ७२

४.३.१.३ नारी पीडा तथा वेदनाको चित्रण ७३

४.३.१.४ नारी जागरण तथा विद्रोहमूलक चित्रण ७६

४.३.१.५ घरायसी तथा सामाजिक समस्याको चित्रण ७७

४.३.१.६ आर्थिक समस्याको चित्रण ७९

४.३.१.७ राजनैतिक चेतनाको चित्रण ७९

४.३.१.८ हास्यव्यङ्ग्यमूलक गीत ८२

४.३.२ अर्थका आधारमा गुल्मेली तिज गीतको विश्लेषण ८४

४.३.२.१ अभिधार्थी/अभिधा अर्थ दिने गुल्मेली तिज गीत ८४

४.३.२.२ लक्षणा अर्थ ८४

४.३.२.३ व्यञ्जना अर्थ ८५

४.३.३ कालक्रमका आधारमा गुल्मेली तिज गीत ८६

४.३.३.१ पौराणिक तथा ऐतिहासिक तिज गीत ८७

४.३.३.२ २००७ देखि २०४५ सालसम्मका तिज गीतहरू ८८

४.३.३.३ २०४६ देखि हालसम्मका गीतहरू ८९

४.३.४ आकार आधारमा गुल्मेली तिज गीत ९१

४.३.४.१ लघुत्तम गीत ९१

४.३.४.२ मझौला तिज गीत ९२

४.३.४.३ लामा तथा बृहत् आकारका तिज गीत ९३

४.४  नवरसका दृष्टिमा गुल्मेली तिज गीत ९५
४.४.१ करुण रस ९६
४.४.२ श्रृङ्गार रस ९६
४.४.३ शान्त रस ९७
४.४.४ वीर रस ९७
४.४.५ हास्यरस ९८
४.५ भाषिक दृष्टिकोणले गुल्मेली तिज गीत ९९
४.६ गुल्मी जिल्लामा प्रचलित तिजगीतले दिने सन्देश १००
४.७ निष्कर्ष १०५
**परिच्छेद पाँच : उपसंहार** **१०६**
**सन्दर्भग्रन्थसूची** **१११**

## सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| आई.ए. | - | इन्टरमिडिएट अफ आर्टस् |
| एम्. ए. | - | मास्टर्स अफ आर्टस |
| कि.मि | - | किलोमिटर |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| पृ. | - | पृष्ठ |
| प्रा. | - | प्राध्यापक |
| प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| प्रा.स्वा.के. | - | प्राथमिक स्वास्थ्य केन्द्र |
| बी.ए. | - | ब्याचलर्स अफ आर्टस् |
| वि.सं. | - | विक्रम संवत् |
| से. | - | सेल्सियस |

# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको अध्ययन** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, रत्नराज्यलक्ष्मी क्याम्पसअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ विषयपरिचय

लोकसाहित्यका विविधि विधाहरूमध्ये लोकगीत एक सशक्त विधा मानिन्छ । लोकगीतभित्र पनि विभिन्न उपविधाहरू रहेका छन् । त्यसमध्येको पर्वगीतअन्तर्गत तिजगीत पर्दछ । नेपाली नारीहरू मात्रको राष्ट्रिय पर्व हरितालिका तिजका अवसरमा गाइने गीतलाई तिजगीत भन्ने गरिन्छ । यो समूहमा गाइन्छ भने बीचमा नाच्ने पनि गरिन्छ । यसमा गायन साथ नृत्यको पनि बेजोड संयोग रहेको हुन्छ । तिजका समयमा अधिकांश महिलाहरू माइती गएका हुन्छन् र उनीहरू एक ठाउँमा जम्मा भएर सामूहिक रूपमा तिजका गीतहरू गाउने गर्दछन् । सबैजसो महिलाहरू माइतीघर जाने हुँदा उनीहरू स्वतन्त्रपूर्वक निर्धक्कले आफ्ना दुःख, व्याथा, वेदना, सासू-ससुराहरूका व्यवहार आफैले भोगेका चन्द्रविलापको अभिव्यक्ति गीतमार्फत पोखेर मनलाई हलुका पार्दछन् । केही दिन भए पनि घरको काम धन्दाबाट मुक्त भएका दिदीबहिनीहरू घरमाइतका सुखदुखका क्षणहरूलाई गीतमा उनेर एकअर्कालाई सुनाउने गर्दछन् । तिजका गीतहरूमा नेपाली नारीमानका पीडा, रोदन, क्रन्दन, विलाप, उत्पीडन, सुस्केरा आँसुको अभिव्यक्तिसँगै माइतीको सुखसयलको वर्णनका साथै अतीतको सम्झनाका मार्मिक अनुभूतिहरू छताछुल्ल भएका हुन्छन् । तिजका गीतहरू महिलाहरूले मात्र गाउने हुँदा यो नारी प्रधान गीत हो ।

तिजका गीतका माध्यमबाट नारी चेतना र समाज जागरणका स्वरहरू फिजाउने कार्य आज भोलि निकै प्रचलनमा रहेको छ । तिजका गीतहरूमा मुख्य गरी समाजले छोरी र छोरालाई हेर्ने फरक दृष्टिकोण, पुरुषबाट पीडित भएको नारी आवाज, सासू र सौताको बुहार्तन, लोग्ने र ससुराको व्यवहार, माइतीले गरेको वेवास्ता जस्ता विविध पक्षहरूलाई सबैको मन रसाउने गरी कोमल र सरल भाषामा अभिव्यक्त गरेको पाइन्छ । तिजका गीतहरू हाम्रा दिदीबहिनीका वास्तविक जीवनका भोगाइका मार्मिक र यथार्थ अनि हृदयस्पर्शी अभिव्यक्ति हुन् जसले पुरुषको कठोर हृदयलाई पनि भावुक बनाइदिन्छ । मूलतः नारीले वर्ष दिनभरिका आफ्ना दु:खका वेदनाका पोकाहरू माइतीलाई सुनाउने प्रमुख माध्यम तिजका गीत बनेको देखिन्छ ।

गुल्मी जिल्लामा विशेष गरी असारको धान रोप्ने कार्य सकिएपछि साउने संक्रान्तिको दिनबाट पहाडमा नयाँ प्राकृतिक वातावरण सुरु हुने विश्वासका साथ लुतो फालेर, मिठो खाएर पर्वको रूपमा साउने संक्रान्तिलाई मनाउँदै बेलुका एक घरमा गाउँका महिलाहरू जम्मा भएर सुख दु:ख, माया प्रेम, पीडा वेदनाले ओतप्रोत भएका भावनात्मक संवेगहरूलाई तिज गीतको रूपमा एक अर्कामा साटासाट गर्दछन् ।

अन्यत्र विशेष गरी भाद्र शुक्ल तृतीयाको दिनदेखि सुरु भएर ऋषिपञ्चमीको दिनसम्म गाइने तिज गीत गुल्मी जिल्लाको परिप्रेक्ष्यमा साउने संक्रान्तिमा सुरु भएको सोह्र श्राद्धको अन्तिम दिनसम्म गाउने गरिन्छ ।

## १.४ शोधसमस्या

क) गुल्मी जिल्लाको भौगोलिक परिचय के कस्ता रहेको छ ।

ख) गुल्मी जिल्लामाप्रचिलत तिज गीतहरू के कस्ता रहेका छन् ?

ग) गुल्मी जिल्लामा प्रचलित तिज गीतहरूले के-कस्ताने सन्देश दिएका छन् ?

उपर्युक्त समस्याहरूको सुव्यवस्थित अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको समस्या हो ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन्-

क) गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय दिनु ।

ख) गुल्मी जिल्लामा प्रचिलत तिज गीतहरूको सङ्कलन गर्नु

ग) गुल्मी जिल्लामा प्रचलित तिज गीतहरूले दिने सन्देश पहिल्याउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

विशेष गरी गुल्मी जिल्लाका तिज गीतको सम्बन्धमा अहिलेसम्म उल्लेख्य व्याख्या र विश्लेषणात्मक तथा अनुसन्धानमूलक कृति नपाइए पनि लोकसाहित्यका विविध विधाहरूलाई व्याख्या र विश्लेषण गर्ने क्रममा तिज गीतलाई पनि सामान्य रूपमा समेटेको पाइन्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, पाठ्यक्रम विकास केन्द्र २०४१ ।

प्रस्तुत पूर्वकार्यमा नेपाली लोकसाहित्यको क्षेत्रमा अध्ययनपरम्परा ज्यादै कम रहेको छ । यसको महत्त्वलाई बुझ्रेर अध्ययनअनुसन्धान गर्ने परम्परा वि.सं १९४२ बाट थालिए पनि उल्लेख्य कामचाहिँ वि.सं २००० को दशकबाट सुरु भएको हो भन्ने कुराको उल्लेख पाइन्छ ।

अङ्गदमणि गौतम, **बलेटक्सार गा.वि.स. मा प्रचलित तिजगीत सत्तलन वर्गीकरण र विश्लेषण**, राष्ट्रिय विकास सेवा, त्रिभुवन विश्वविद्यालय, २०५४ ।

प्रस्तुत पूर्वकायमा गा.वि.स. मा प्रचलित तिजका गीतहरूलाई सामाजिक, धार्मिक, भाषिक पहिचान, संस्कार र प्रकृति वर्णन आदिको आधारमा वर्गीकरण-विश्लेषण गरेको पाइन्छ । यो ग्रन्थमा गा.वि.स. मा प्रचलित तिजका गीतको व्यख्या र विश्लेषण पाइन्छ ।

चूणामणि बन्धु, **नेपाली  लोकसाहित्य,** एकता बुक्स, काठमाडौं, २०५८ । प्रस्तुत पूर्वकार्यमा तिजका अवसरमा नारीहरूद्वारा गाइने गीतलाई तिज गीत मानिन्छ । तिजका अवसर दर खानका निम्ति विवाहितमा नारीहरूलाई माइतीहरूलाई लिन आउँछन् । दर खाने दिनको राति र तिजको दिन व्रत बस्दा नारीहरू तिजको गीत गाएँछन् । माइत जानेहरूको आनन्द र उमङ्ग अघि माइत जान नपाउनेहरूका व्यथा र मर्महरूलाई तिजका गीतहरूमा व्यक्त गरिएको हुन्छ । नारी जीवनका मर्महरूको

अभिव्यक्ति तिजका गीतहरूमा पाइन्छ । हिलेका तिजका गीतहरूमा शोषणका विरद्धको नारी विद्रोह र संचेतनाका स्वर  पनि रुजिन थालेका छन् भनेर तिज पर्वको बारेमा उल्लेख गरिएको छ ।

कृष्ण प्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** वीणा प्रकाशन प्रा.लि. त्रिपुरेश्वर, काठमाडौँ नेपाल २०५७ ।

प्रस्तुत पुस्तकमा तीज (हरिताकिला) हिन्दू नारीहरूको ठूलो रमाइलो सांस्कृतिक पर्वको रूपमा प्रसिद्ध छ । वर्षैपिच्छे खास गरी भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइने तिजको परम्परा पौराणिक कथासँग जोडिएर आएको छ । एउटा कथा के छ भने हिमालय र मेनकाले पार्वतीलाई विष्णुसँग बिहे गरिदिन अठोट गरेका थिए रत पार्वतीले मनमनै महादेवलाई वरण गरिसकेकी हुँदा उनी सखीको सहयोगले वनमा गएर लुकिन र महादेवलाई पाउन रातभरि जाग्राम रहेपछि बेलकी रुखमुनि बसेर दुई केसा केरा खाई व्रत बसिन अनि त्यसै व्रतका प्रभावले उनको मनोकांक्षा पूर्ण भयो यसरी नारीले इच्छित वर पाउने आन्तरिक भावना अथवा सधैंभरि आफ्ना जीवनसाथीसँग रहन पाई सौभाग्यवती हुने कामना तिजका व्रतसँग  जोडिएको छ भन्ने कुराको उल्लेख गरेको पाइन्छ ।

प्रा.डा. मोतिलाल पराजुली, **नेपालमा  प्रचलित  नृत्य र व्रत नाटिकाहरू,** साझा प्रकाशन,  काठमाडौं, २०६३ ।

प्रस्तुत पुर्वकायमा नेपालका विभिन्न क्षेत्रमा नाचिने पर्वनाचनमा तिज व्रत पनि पर्दछ । यो मुक्त नाच हो । भाद्र शुक्ल तृतीय (हरितालिका तिज) पर्वमा महिला समूहद्वारा सामूहिक व्रत सबी यो नाच नाच्ने प्रचलन छ । तिज शब्दको वास्तविक व्युत्पित्तिगत अर्थ छैन । संस्कृत व्याकरणमा तिज धातु भेटिन्छ । यो इच्छार्थक क्रिया हो । यो सहनु वा बहन गर्नु भन्ने अर्थमा प्रयुक्त छ । नेपाली बृहत् शब्दकोशमा तृतीयबाट तिज शब्द बनेको देखाइएको छ । यो मुक्ति युक्त छैन । दुईभाषामा तिज शब्दले विशेष पर्व बताउँछ । तिजको परम्परा प्राचीन पौराणिक समयदेखि प्रचलनमा आएको हो । भविष्यत् पुराणमा तिज व्रतलाई हरितालिका व्रत भनिएको छ । यो व्रत शिव पार्वतीसँग सम्बन्धित छ । यहाँ प्रस्तुत गरिएको कथा अनुसार राजा हिमालयले

आफ्नी छोरी पार्वतीको विवाह विष्णुसँग गरिदिने निर्णय गरे तर पार्वतीले महादेवसँग विवाह गर्न चाहन्थिन । अतःआफ्ना साथीहरूसँग आफूले विष्णुसँग विवाह नगर्ने निर्णय बताइदिइन । त्यसपछि साथी हरले पार्वतीलाई हरित (हरण गरे, लुकाए) र पार्वतीले महादेवको तपस्या गरी उनलाई खुसी तुल्याएर महादेवसँग नै विवाह गरिन । साथीहरूले पार्वतीलाई लुकाएको मूल घटनाबाट नै हरितालिका नाम रहेको हो । आर्भिर्हरिता यसमादत : सो हरितालिका भविष्यत् पुराण, हरितालिका व्रत कथा भनी उल्लेख गरिएको छ ।

ईश्वरीप्रसाद गैरे, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य**, दीक्षान्त पुस्तक भण्डार कीर्तिपुर, २०६० ।

प्रस्तुत पूर्वकार्यमा तिज भाद्र शुक्ल तृतीयका दिन महिलाहरू व्रत बसेर एकै स्थानमा जम्मा भई आफ्ना पीडा, रोदन, व्यथाको साथै नारी जागरण चेतनाको स्वरहरूले युक्त गीतहरू तिजमा गाइन्छ र यो पर्व गीत जस्तै हो भन्ने कुरा उल्लेख पाइन्छ ।

मधुसूदन गिरी, **लोकसाहित्य**, स्टुडेन्टस बुक्स पलिब्सर्स एन्ड डिस्ट्रिव्युटर्स, कीर्तिपुर, २०६० ।

प्रस्तुत पूर्वकायमा तिजका गीतहरू नै हुन् । यी गीतहरू भाद्र शुक्ल तृतीयाको दिन पारेर महिलाहरूले सुयोग्य वर प्राप्तिका लागि निराहार व्रत बसी महादेवको पूजा गरेर एक ठाउँमा जम्मा भएर नृत्यका साथ गाउने गर्छन भन्ने कुराको उल्लेख पाइन्छ ।

तुलसी मान श्रेष्ठ, **गोरखाली लोक साहित्यको एक अध्ययन**, तिजको गीत भनेको नारीहरूबाट गाउने लयात्मक, सरल, र हृदयलाई च्वास्स छुने खालका मर्मस्पर्शी गीत हुन्छ ।

कृष्णप्रसाद आचार्य, **लोकसाहित्य, पूर्व आधुनिक नेपाली साहित्य**, क्षितिज प्रकाशन कीर्तिपुर, २०६३ माघ ।

प्रस्तुत पूर्वकार्यमा नेपाली नारीहरूको महान चाड तिजका अवसरसमा गाइने गीतहरूलाई नै तिजे लोकगीत भनिन्छ । भदौ महिनामा तिज पर्ने र यही महिनामा गाउने गीत भएकोले तिजे गीतलाई भादौरे गीत पनि भन्ने कुराको उल्लेख पाइन्छ ।

ज्ञाननिष्ठ ज्ञवाली 'नेपाली लोकसाहित्य नारी अर्न्तमनका पीडा' **कुन्जनी पत्रिका**, २०६३/०६३ ।

प्रस्तुत पूर्वकार्यमा महिलाले सहनु परेका पीडा' व्यथा, पीर चिन्ता, सुख दुःख आदि तिजका गीतमार्फत पोख्ने गर्दछन् भन्ने कुराको उल्लेख पाइन्छ ।

भगवती काफ्ले, **नारी चेतना गीति सङ्ग्रह,** पद्मकन्या क्याम्पस बागबजार, २०६० ।

प्रस्तुत पूर्वकार्यमा तिज गीति सङ्ग्रह प्रकाशित गरेर गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूलाई समेटेको पाइन्छ ।

भागवत ढकाल, **काव्यशास्त्रीय दृष्टिमा गुल्मेली तिज गीत**, गुल्मी परिचय, गुल्मेली समाज, प्रकाशक, २०६३ :१ ।

प्रस्तुत लेखमा गुल्मी जिल्लामा प्रचलित तिजगीतहरूको पूर्वीय साहित्यिक दृष्टिकोणबाट रस अलङ्कार, छन्द, उपमा आदि तत्त्वको आधारमा तिजगीतको विश्लेषण गरिएको छ ।

यी विभिन्न फुटकर लेख, रचना र तिजगीत सङ्ग्रहका अतिरिक्त गुल्मी जिल्लामा प्रचलित तिजगीतका बारेमा हालसम्म औपचारिक रूपमा सूक्ष्म अध्ययन र विश्लेषण भएको पाइँदैन ।

## १.७ शोधकार्यको औचित्य

अहिलसम्म औपचारिक अध्ययनको विषयवस्तु हुन नसकेका गुल्मी जिल्लाका तिजगीतको अध्ययन गरी त्यसभित्र लुकी बसेका गुल्मेली भाषा, साहित्य र संस्कृतिका विभिन्न पाटाहरूको व्याख्या विश्लेषण गरी तिज गीतका जिज्ञासु र पारखीहरूलाई यसको विशिष्ट ज्ञान दिलाउनु र यस शोधपत्रको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

**गुल्मी जिल्लामा प्रचिलत प्रमुख गीतहरूको अध्ययन** गर्नु रहेको छ । विशेषगरी गुल्मी जिल्लाको 'ज्ञव' (रूरू, ग्वादी, रिमुसा, बलेटक्सार, दम्घा, धावापति, दिगाम गा.वि.स.हरू) क्षेत्रलाई सामग्री सङ्कलनको केन्द्र बनाई शोधकार्यको अध्ययन र विश्लेषण गरिनेछ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयारीका लागि क्षेत्रीय अध्ययनपद्धतिबाट सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण गर्दा व्याख्यात्मक र विश्लेषणात्मक काव्यशास्त्रीय पद्धतिबाट गरिएको छ । साथै विभिन्न पुस्तक पत्रपत्रिकामा प्रकाशित सामग्रीलाई पनि अध्ययनमा उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा संरचित गरी अध्ययन-विश्लेषण गरिएको छ -

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : लोकगीतको सैद्धान्तिक अध्ययन र तिजगीत

चौथो परिच्छेद : गुल्मी जिल्लामा प्रचलित तिजगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण

पाँचौं परिच्छेद : उपसंहार

उपर्युक्त विभिन्न परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न उपशीर्षकमा विभाजन गरी प्रस्तुत शोधकार्यलाई सङ्गठित गरिएको छ ।

# दोस्रो परिच्छेद

## गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय

विश्वको सर्वोच्च शिखर सगरमाथालाई शिरमा लिएर उभिएको नेपाल एक गणतन्त्रात्मक धर्म निरपेक्ष मुलुक हो । भौगोलिक रूपमा नेपाललाई हिमाल, पहाड र तराई गरी तीन प्रदेशमा विभाजन गरिएको छ । प्रशासनिक हिसाबले ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा बाँडिएको छ । यिनै पाँच विकासक्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलको एक पहाडी जिल्लाको रूपमा गुल्मी जिल्ला रहेको छ । गुल्मी जिल्लालाई प्रशासनिक हिसाबले २००३ सालमा पाल्पा र बाग्लुङ जिल्लाबाट अलग गरिएको थियो ।[१] यसको अंशीय विस्तार २७°६५" उत्तरदेखि २८°२७" उत्तरी र देशान्तरीय विस्तार ८३°१०" पूर्वदेखि ८३°३५" पूर्वी रेखाबीच छ । यस जिल्ला क्षेत्रफल १,२७५ वर्ग किलोमिटर रहेको छ । गुल्मी जिल्लाको धरातलिय उचाई समुद्री सतहबाट ६२८ मिटरदेखि २६८८ मिटरसम्म रहेको छ । यसको पूर्वी सीमानामा स्याङ्जा र पर्वत, पश्चिम अर्घाखाँची र प्युठान, उत्तरमा बाग्लुङ र दक्षिणमा पाल्पा र अर्घाखाँची जिल्ला पर्दछन् ।[२] गुल्मी जिल्ला पूर्वपश्चिम लाम्चो आकारमा र उत्तर दक्षिण साँघुरो आकारमा रहेको छ । पूर्वपश्चिम औसत लम्बाइ ४० किलोमिटर र उत्तर दक्षिण औसत ३० किलोमिटर चौडाइमा फैलिएको छ । प्राकृतिक बनोटका आधारमा गुल्मी जिल्लाको धरातलीय स्वरूपलाई पहाडी र बैंसी गरी दुई भागमा बाँडन सकिए पनि अधिकांश क्षेत्र पहाडी धरातलले बनेको छ । यस जिल्लाको सबैभन्दा अग्लो स्थान 'थाप्लेको लेक' हो भने सबैभन्दा होँचो स्थान 'रिडी' हो ।[३] यस

---

[१] अङ्गदमणि गौतम, **अप्रकाशित भिलेज प्रोफाइल**, २०५० ।

[२] नारायणप्रसाद कँडेल, 'गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय' , **गुल्मी परिचय**, (काठमाडौंः गुल्मेली समाज, २०६२), पृ. १३३-१३४।

[३] हिरण्यलाल ज्ञवाली, 'गुल्मेली लोकसांस्कृतिक एक झलक', **गुल्मी परिचय**, (काठमाडौं गुल्मेली समाज, २०६२), पृ ११५५-१५७ ।

जिल्लालाई प्रशासनिक हिसाबले तीन निर्वाचन क्षेत्र र ७९ गा.वि.स.मा विभाजन गरिएको छ ।

## २.१ ऐतिहासिक परिचय

मध्यकालका बाइसीचौबिसी राज्यहरूमध्ये गण्डकी क्षेत्रमा पनि चौविसी राज्यअन्तर्गतका धुरकोट, इश्मा, गुल्मी, मुसिकोट नाउँका यी चार राज्य हालको गुल्मी जिल्लामा पर्दछन् ।[४] यी राज्यहरूमध्ये गुल्मी राज्य सबैभन्दा ठूलो र प्रभावशाली भएकोले यसैको नामबाट हालको गुल्मी जिल्लाअर्न्तगत धुर्कोट, इश्मा र मुसिकोट राज्यलाई समेटिएको हो । आजभोलि पनि दरबार देवीस्थान गा.वि.स. र अमर अर्वाथोक गा.वि.स. लाई संगोलमा गुल्मी भनेर चिनिन्छ । यसैबाट पनि गुल्मी जिल्लाको ऐतिहासिक पृष्ठभूमि प्राप्त हुन्छ । चौबीसे राज्यमध्ये स्वतन्त्र अस्तित्व भएको गुल्मी राज्यको स्थापना काल वि.सं. १४९३ मा भएको पाइएको छ ।[५] यो जिल्ला २००८ सालसम्म पाल्पा जिल्लाको प्रशासनबाट सञ्चालित थियो । २००९ सालमा अर्घाखाँचीलाई समेटेर गुल्मीलाई छुट्टै जिल्लाको रूपमा मान्यता दिइयो । २०१९ सालको संविधान लागू भएपछि गुल्मी र अर्घाखाँचीलाई बेग्लै जिल्ला बनाइए पनि छुट्टै छुट्टै प्रमुख जिल्ला अधीकरणको व्यवस्था हुनुअघि २०२५ सालसम्म एउटै अड्डा प्रमुखले यी दुवै जिल्ला हेर्ने गर्थे ।[६]

## २.२ नामकरण

संस्कृत भाषाको ‘गुल्म’ शब्दमा ‘ई’ प्रत्यय जोडेर ‘गुल्मी’ जिल्लाको नामकरण गरिएको हो । गुल्मी शब्दको उत्पत्ति कसरी भयो भन्ने प्रश्नको उत्तर खोज्न इतिहासको स्रोततर्फ जानु आवश्यक हुन्छ । महाभारत आदि पर्वको दोस्रो अध्यायका १९ - २२ श्लोकहरूमा एक रथ, एक हात्ति, पाँच पैदल सेना, तीन घोडा भए एक पत्ति हुन्छ । तीन पत्तिको एक सेनामुख, ती सेनामुखको एक गुल्म तीन गुल्मको एक गण, तीन

---

[४] ऐजन, पृ. १५७ ।

[५] हेमराज ज्ञवाली, **गुल्मी ऐतिहासिक दृष्टिमा गुल्मी परिचय**, (काठमाडौं गुल्मेली समाज), २०६२, पृ ३० ।

[६] हिरण्यलाल ज्ञवाली, **पूर्ववत्**, पृ. १५८

गणको एक बाहिनी भन्ने उल्लेख गरेको पाइन्छ । राजाराम सुवेदीका अनुसार वर्तमान नेपालमा सशस्त्र सैनिक रहने अड्डालाई लिच्छवी कालमा प्रयोग गरे जस्तै गुल्म भनिन्छ । मृच्छकरिको छैंटौ अङ्कमा प्रयुक्त गुल्म शब्दको अर्थ चौकी, छाउनी, सुरक्षाचौकी भएको कुरा धनवज्र बज्राचार्यले स्पष्ट पारेका छन् ।[७]

यी प्रमाणहरूको आधारमा सैनिक टुकुडी बस्ने क्षेत्रलाई गुल्म भनिन्छ । आजकाल जसरी सामरिक दृष्टिले महत्त्वपूर्ण स्थान वा क्षेत्रमा सैनिक राख्ने गरिन्छ । त्यसैगरी पहिले पनि राखिएको कुरा स्पष्ट हुन आउँछ । 'गुल्म' भन्ने शब्दले सिङ्गो सैनिकको एउटा निकायलाई सङ्केत गर्दछ । त्यही सैनिक निकाय रहने क्षेत्रलाई 'गुल्म क्षेत्र' भनियो । कालक्रमअनुसार सो क्षेत्रलाई गुल्म-मूल्य भन्दै जाँदा शब्द अपभ्रंशलाई 'गुल्म' शब्दमा 'ई' प्रत्यय लागेर बनेको 'गुल्मी' शब्दको उत्पत्ति भएको अनुमान गर्न सकिन्छ ।[८] यसरी गुल्मी जिल्ला नामकरण भएको देखिन्छ । त्यस्तै सँस्कृत भाषाको 'गुल्म' शब्दमा 'ई' प्रत्यय लागेर बनेको 'गुल्मी' शब्दबाट नै गुल्मी जिल्लाको नामकरण गरिएको भन्ने मत पनि रहेको पाइन्छ ।[९] यसरी गुल्मी जिल्लाको नामाकरण गरिएको देखिन्छ ।

## २ .३ सामाजिक अवस्था

गुल्मी जिल्ला बहुभाषी, बहुजाति र बहुसाँस्कृतिक विशेषताले युक्त भएको पहाडी जिल्ला हो । ब्राह्मण जातिको बाहुल्यता रहेको यस जिल्लामा श्रेत्रीय, मगर, दमै, कामी, सार्की, पूरी, सन्यासी, नेवार, ठकुरी, कुमाल जस्ता विविध जातजातिको बसोबास रहिआएको छ । विशेष गरी नेपाली मातृभाषा नै यस जिल्लामा बढी बोलिचालीको भाषा रहेको छ । नेपाली भाषाका अतिरिक्त मगर, नेवारी, चुरेटी, कुमाले आदि भाषाहरू पनि बोलिन्छन् । आफ्नै किसिमका छुट्टा-छुट्टै सँस्कृतिक महत्त्व बोकेका विभिन्न जातजातिहरूले चाडपर्वहरू मनाउँछन् । हिन्दू सांस्कृतिको बाहुल्यता रहे पनि

---

७ नारायणप्रसाद कँडेल, **पूर्ववत्** पृ. १४१ ।

८ **ऐजन** पृ. १४२ ।

९ हिरण्यलाल ज्ञवाली, **पूर्ववत्**, पृ. १६३ ।

सामाजिक सद्भाव र धार्मिक सहिष्णुता भने यस जिल्लामा कायमै रहेको पाइन्छ । विभिन्न समयमा पर्ने मेला, उत्सव, चाडपर्वहरू सबै जात-जाति, भाषा-भाषी सबै सामूहिक रूपमा उपस्थित भई हर्षोल्लासका साथ मनाउन चलन रहेको पाइन्छ ।

## २.४ शिक्षा तथा स्वास्थ्यको अवस्था

गुल्मी जिल्ला भौगोलिक विकटताका बाबजुत पनि शिक्षाको क्षेत्रमा यस जिल्लाको ख्याति उत्कृष्ट नै रहिआएको छ । वि. सं. १९६९ मा रिडीमा स्थापित तत्कालीन संस्कृत प्रधान पाठशाला र हालको संस्कृत माध्यमिक विद्यालय नै गुल्मी जिल्लाको संस्थागत शैक्षिक इतिहासको प्रारम्भ बिन्दु हो । २०५८ को जनगणनाअनुसार विभिन्न तहका ८३१ विद्यालय खुलिसकेका छन् । यी मध्ये ७७ पूर्व प्राथमिक, ५३६ प्राथमिक, १३ र निम्न माध्यमिक, ८० माध्यमिक विद्यालयहरू छन् । यसबाहेक ११ उच्चमाध्यमिक विद्यालय र एक क्याम्पस छन् ।[१०]

यसरी प्रत्येक गाउँ - गाउँमा शिक्षाको पहुँच सहज रूपमा भएकोले यस जिल्लाको साक्षरता ६६ प्रतिशत रहेको छ, जसमा पुरुष साक्षरता ७८ प्रतिशत र महिला साक्षरता ५३ प्रतिशत रहेको छ ।

गुल्मी जिल्लाको स्वास्थ्य स्थिति पनि सन्तोषजनक नै रहेको देखिन्छ । स्वास्थ्य तथा रम्य हावापानी भएका कारण अधिकांश मानिसहरू निरोगी र हट्टाकट्टा देखिन्छन् । यस जिल्लाका १ जिल्ला अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र र १ परिवार नियोजन तथा मातृशिशु कल्याण केन्द्र रहेका छन् । यसका अतिरिक्त स्थानिय वैद्य तथा चिकित्सकहरूबाट प्राथमिक उपचार गरिन्छ ।[११]

## २.५ धार्मिक तथा सांस्कृतिक स्थिति

नेपालको पवित्र धार्मिक तीर्थस्थलमध्येको रुरुक्षेत्र पनि यसै जिल्लामा पर्दछ । पावनपुण्यशीला कालीगण्डकी यसै जिल्लाको पाउबाट बग्दछिन् । विष्णुको अवतार मानिने प्रसिद्ध शालिग्रामशिला पनि यसै गण्डकीको तट रिडीमा पाइन्छ । यस

---

१० नारायणप्रसाद कँडेल, **पूर्ववत्**, पृ. १४४ ।

११ **ऐजन** पृ. १४४ ।

जिल्लामा पर्ने पवित्र तीर्थस्थलहरूमा रुरुक्षेत्र, श्रृङ्गेश्वर, रेसुङ्गा, दिब्रुङ्ग, माइका स्थान, रुद्रवेनी गल्फुल गुफा आदि महत्त्वपूर्ण धार्मिक महत्त्व, विशेषता र पहिचान बेकेका छन् । गुल्मी जिल्लामा धेरै तपस्थलीहरू रहेको प्रमाण स्कुन्द पुराणको हिमवत् खण्डमा सप्रमाण चर्चा गरिएको पाइन्छ । त्यसैले यस जिल्लामा परापूर्वकालदेखि अहिलेसम्म ऋषिमुनि तथा तस्वीहरूले तपस्या गर्ने गरेको देखिन्छ ।

गुल्मी समाजलाई हिन्दू समाज र गुल्मेली साँस्कृतिलाई हिन्दू सँस्कृति पनि भन्न सकिन्छ । विभिन्न जातजातिको बसोवास रहेको यस जिल्लाका ९० प्रतिशतभन्दा बढी जनताले हिन्दूधर्म माने तापनि यहाँ केही मात्रामा बौद्ध र इश्लाम धर्म मान्नेहरू पनि छन् त्यस्तै यो केही मात्रामा क्राइस धर्म मान्नेहरू पनि देखिन्छन् ।[१२]

संस्कृतिले जुनसुकै समाज र समग्र राष्ट्रका परम्परागत मूल्य र मान्यतालाई जीवन्त राख्दै वर्तमानलाई अतीतसँग जोडेर डोऱ्याउने काम गरिरहेको हुन्छ । आफ्नो स्वतन्त्र सँस्कृति नभएको र भए पनि त्यसको सुरक्षा नभएको र भए पनि त्यसको सुरक्षा नभएको जाति वर्तमानमा जति समृद्ध भए पनि त्यस जातिको सत्ता पछिसम्म टिकिरहन सक्तैन । त्यसैले संस्कृतिको सुरक्षा गर्दै हरेक व्यक्ति समाज र राष्ट्रको कर्तव्य हो । गुल्मेली जनता यस कुरामा सचेत छन् । [१३] यहाँ गर्माधानदेखि मृत्युपर्यन्त गरिने विभिन्न संस्कारहरू सबै जातजातिले आ-आफ्नै किसिमले अद्यावधि गर्दैछन् । गुल्मी जिल्ला प्रेमाविवाह, विधवाविवाह, पोइल जाने, जन्तेबाखो खाने चिउरा माग्ने, ध्रुवतारा देखाउने, जिउँनी नाच्ने जस्ता सांस्कृतिक विशेषताको युक्त छ ।

यस जिल्लामा विभिन्न चाडपर्वहरू दशैं, तिहार, तिज, साउने संक्रान्ति, शिवरात्रि, माघेसक्रान्ति, असार पन्ध्र, पुस १५ आदि भव्यताका साथ मनाइन्छ । गुल्मी जिल्लामा आरो, ढिँडो, दाल, भात, तरकारी आदि परिकारहरू खाइन्छ । विभिन्न भेषभूषाको पहिचान गर्ने यस जिल्लाका जनताहरूले आफ्नो मौलिक संस्कृतिअनुसारको पहिरनलाई पनि निरन्तरता दिएको देखिन्छ । गुल्मी जिल्लामा झ्याउरे झाम्रे, तुरी

---

[१२] हिरण्यलाल ज्ञवाली, **पूर्ववत्**, पृ. १६१ ।

[१३] **ऐजन्**, पृ. १४४ ।

खेल्ने, सालैजो, सुनिमाया यानिमाया, लस्के, चड्के भाकाका गीतहरूलाई आफ्नो मौलिक संस्कृतिका रूपमा लिइन्छ । यहाँका मानिसहरूमा लोक विश्वास र लोकमान्यताहरू भुतप्रेत, टुनामुना मुर्कट्टा, झारफुक, अपशकुन आदिमा पनि विश्वास राख्दछन् । यसरी गुल्मी जिल्ला बहुजाति, बहुभाषी, र बहुसंस्कृति भएको रमणीय जिल्ला हो ।

## २.६ राजनीतिक / राजनीतिक आवस्था

गुल्मी पश्चिममाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने एउटा पहाडी जिल्ला हो । वि. सं. २०४७ को संविधानअनुसार वि. सं. २०४८ मा गुल्मीलाई ३ निर्वाचन क्षेत्र र ७९ गा. वि.स. मा विभाजन गरिएको छ । गुल्मी जिल्लाको सदरमुकाम तमघास हो । निर्वाचन क्षेत्रअनुसार गा. वि. स. विभाजन यस प्रकार छ ।

### २ .६.१ निर्वाचन क्षेत्र नं. : १

यस निर्वाचन क्षेत्रमा आँपचौर, अर्लाङ्कोट, बिसुरकै, दिब्रुङ, हरेवा हर्राचौर, कुर्धा, शान्तिपुर, तुराङ्ग अस्लेवा, भार्से, हँसरा, जोहाङ्ग, जुनिया, लिम्घा रूपाकोट, ठूलोलुम्पेक, अर्वेनी, भुर्तुङ, ग्वाघा, हौमचौर, जयखरानी, खड्गकोट, प्रोक्सिङ र पूर्तिघाट गरी २५ गा. वि. स. पर्दछन् ।[१४]

### २ .६.२ निर्वाचन क्षेत्र नं. : २

यस निर्वाचन क्षेत्रमा तम्घास, अर्खले बडागाउँ, वलिपुम, जुमुङ्ग, मुसिकोट, रूरू, वामिटक्सार, बलेटक्सार, बम्घा, दिगाम, ग्वादी, हुँगा, पाल्लिकोट, रिमुवा, थानापति, अमर अर्वाथोक, बिदनखास, दरवारदेविस्थान, दौघा, खर्ज्याङ्ग, गैडाकोट, हाडिनेटा, सिमिचौर, दुबिचौर गरी २६ गा.वि. स. पर्दछन् ।[१५]

### २ .६.३ निर्वाचन क्षेत्र नं. : ३

यस निर्वाचन क्षेत्रमा हस्तिचौर, भनभने, बस्तु, धुर्कोट, रजस्थल, हाडहाडे, जैसिथोक, नयाँगाउँ, पिपलधारा, वाग्ली, अग्लुङ, अर्खाबाङ, बाँझकटेरी, पूर्कोदह, ह्वाङदी, गलाचाम्री,

---

[१४] नारायणप्रसाद कँडेल, **पूर्ववत्**, पृ. १४५ ।

[१५] ऐजन ।

मरभुङ्ग, भ्यालपोखरी, सिर्सेनी, अगरपुर, अर्जे, छापहिले, दर्लामचौर, दर्लिङ, नेटा, दोहली, घमिर, इस्माराजस्थल र पौंदीअमरलाई गरी २८ गा.वि.स. रहेका छन् ।[१६]

## २.७ आर्थिक अवस्था

गुल्मी जिल्लाका करिब ९० प्रतिशत जनता कृषि व्यवसायमा नै निर्भर छन् ।[१७] यस जिल्लाको आर्थिक अवस्था सामान्य रहेको छ । अर्थतन्त्रको बनोटमा कृषिको प्रधनता भए पनि यसबाट भने उत्पादनले स्थानप्य आवश्यकतालाई पूरा गर्न सकेको छैन । यसकारण नपुग खाद्यपदार्थहरू तथा अन्य विविध वस्तुहरू बाहिरबाट आयात गरी पूरा गर्नु परिरहेको छ । यहाँका उद्योग, व्यापार तथा अन्य आर्थिक क्रियाकलापहरूमा संलग्न मानिसहरूको संख्या कम छ । सिंचाईको असुविधा र खेतीयोग्य जमिन कम भएकोले उल्लेख्य रूपमा नगदबालीको उत्पादन भएको देखिँदैन । बाहुन जातका मानिसहरूले कृषिका अतिरिक्त जागिर खाने र पण्डित्याइँ गरेको पाइन्छ भने क्षत्री, मगर आदि जातका मानिसहरूले निजामती, प्रहरी सेवाका अतिरिक्त स्वदेशी तथा विदेशी सेनामा भर्ति भई आफ्नो आर्थिक अवस्था सुधारको देखिन्छ । त्यस्तै सूचीकार, स्वर्णकार, चर्मकार, लोहार, जातका मानिसहरूले केही मात्रामा आफ्नो परम्परागत पेशालाई अँगाली जीविकोपार्जन गरेको पाइन्छ । नेवारजातका मानिसहरू प्राय : व्यापारिक पेशामा संलग्न छन् भने कुमाले जातिले माटाका भाँडा बनाउने कार्य गरी जीवनयापन गरेको पाइन्छ । केही वर्षयता वैदेशिक रोजगारतर्फ पनि आकर्षित भएको पाइन्छ । यसबाट पनि उल्लेखीय मात्रामा आर्थिक अवस्था सम्पन्न भएको देखिन्छ ।

आन्तरिक उत्पादन भन्दा बाटी पनि स्वदेश तथा विदेशको जागिरबाट प्राप्त रकम र त्यसबाट निवृतभइसकेपछि पेन्सन स्वरूप पाउने रकम नै बहुसंख्यक गुल्मेली जनताको जीविकोपार्जनको मूल आधार बनेका छ । साथै कफी खेतीबाट यहाँको आर्थिक अवस्थामा सहयोग भएको पाइन्छ ।

---

[१६] ऐजन ।

[१७] नारायणप्रसाद कँडेल, पूर्ववत्, पृ. १६२ ।

## २.८ हावापानी र वनोधान

गुल्मी जिल्लामा समशितोष्ण हावापानी पाइन्छ । विभिन्न प्राकृतिक तत्त्व र ऋतुपरिवर्तनको प्रभावले गर्दा गुल्मीका सबै स्थानहरूमा समान हावापानी पाइँदैन । गृष्म ऋतुमा यहाँ दक्षिण पश्चिम मनसुली हावाबाट धेरै उचाइमा रहेका लेकका टाकुराहरू प्रायः कुहिरी र कहिले काहीँ हिउँले ढाकिन्छ । सन् १९७० मा गुलमी स्थित रिडी भन्ने स्थानको औसत वार्षिक वर्षा १५१६.६ छ मिलि लिटर छ भने मुसिकोटको १७४२.३ मि.लि. रहेको थियो ।[१८] यसैगरी जिल्लाको औषत वार्षिक अधिकतम तापक्रम २३.३ से. छ भने न्यूनतम तापक्रम १४.८ से. उचाइका आधारमा गुल्मी जिल्लालाई ठण्डा शितोष्ण हावापानीको पेटी, समशितोष्ण पेटी र अर्धोष्ण हावापानीको पेटी गरी ३ हावापानीका पेटीमा विभाजन गर्न सकिन्छ ।[१९]

जैविक विविधताका दृष्टिले गुल्मी जिल्ला समृद्ध मानिन्छ । यहाँ विभिन्न किसिमका वनस्पतिहरू वन, जडबिुटी, लाहरा, घाँस पाइन्छ । यीमध्ये वनजङ्गल प्रमुख प्राकृतिक साधन हो । धरातलीय उचाइअनुसार गुल्मीमा तीन प्रकारका वन जङ्गल रहेका छन् । ती हुन् :-

### २.८.१ कोडधारी वनको पेटी

यो समुद्री सतहदेखी २१०० मिटरभन्दा माथिको भेगमा पाइन्छ । यसमा लेक क्षेत्र र उच्च पहाडी क्षेत्र पर्दछन् । [२०] उचाइ बढेअनुसार वनका रूखहरूको आकार सानो हुँदै गएको पाइन्छ । यो वनमा पाइने प्रमुख रूखका जातहरूमा सल्ला, धुपी, देवदारु, गुराँस, चौप आदि प्रमुख हुन् । यहाँ विभिन्न किसिमका जडिबुटी पनि पाइन्छन् ।

---

[१८] नारायणप्रसाद कँडेल, **पूर्ववत्**, पृ. १३७।

[१९] ऐजन ।

[२०] ऐजन ।

## २.८.२ अर्धेष्ण वनको पेटी

यो समुद्री सतहबाट ६२८ - ९१५ मिटरसम्म पाइन्छ ।[२१] यसका नदी खोलाका दुवै बगर, फँाट, बैंसी, टार तथा बाट प्रभावित क्षेत्रहरू पर्दछन् । ताप र आद्रता धेरै भएका कारण यहाँ खयर, सिसौ, सिमल, पिपल, सिरिस, साल, बोटधपेंरो, जामुन, टुनी, हर्रो, बर्रोजस्ता रुखका जातहरू पाइन्छन् ।

यस जिल्लामा पाइने मुख्य जडिबुटीहरू नागबेली, कुरिलो, बोभ्mो, कालो हलेदो, टिमुर, तेजपात, गानेगुर्जो, चौतारी, ब्राह्मणी एदिलो आदि हुन् । ऐजेरु,  सुनगाभा, गीडा जस्ता विभिन्न लहराहरू पनि गुल्मीको वनोद्यानमा पाइन्छन् । गुल्मी जिल्लाका वनमा भालू , बँदेल, मृग, चितुवा, हेदुवा, बौदा, स्याल, दुम्सी, घोरल, सालक, फ्याउरो, खरायो आदि जनावारहरू र कालिज, सुगा, तित्रा, मैना, काग, बकुल्लो, चिल, गिद्ध, सारस, कोकलो र धनेस लगायतका पंक्षीहरू पाइन्छन् ।[२२]

पहाडी जिल्ला गुल्मीमा धेरै नदी नालाहरू रहेका छन् । यी नदीहरूमा कालीगण्डकी, बडीगाड, रिडीखोला, गुँदी खोला, छल्दी खोला पनह खोला, हुँदी खोला, सर्दी खोला र लुम्दी खोला आदि महत्त्वपूर्ण र प्रमुख हुन् ।

## २.९ कृषि व्यवसाय

गुल्मी जिल्लाको आर्थिक मेरुदण्ड कृषि हो । यहाँ मिश्रित कृषि अपनाइएको छ । यसअनतर्गत बाली उत्पादन र पशुपालन पर्दछन् । यस जिल्लाको खेतीयोग्य भूमि १७,५०० हेक्टर माग भएको अनुमान छ ।[२३] यहाँको अधिकांश भू-भाग लेव, पहाड, भीर, पाखा, पखेरा, पहरा, डाँडा आदि प्रतिकूल धरातल भएका कारण खेती योग्य भूमि कम हुनु स्वभाविक नै हो । विशेष गरी मकै, कोदो, गहूँ , धान, फापर, जौ, मास, तेलहन आदि खाद्यवस्तुहरूको उत्पादन यहाँ हुने गर्दछ । तरकारी र फलफूलहरू पनि गुल्मी जिल्लामा उत्पादन गर्ने गरिन्छ । यहाँ उत्पादन गर्ने प्रमुख तरकारीहरूमा आलु,

---

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] ऐजन, पृ १४६ ।

सागपात, सिमी, बोडी, कोला, फर्सी, गोभी, आदिछन् भने फलफूलहरूमा सुन्तला, दारिमा, अनार, नसपाती, कटर, ज्यामिर, भोगटे, केरा, अम्बा, चिउरी, अङ्गुर आदि प्रमुख हुन् । यहाँ टार तथा बँसीहरूमा वर्षे तथा हिउँदे बालीहरू लगाइन्छ । गुल्मी जिल्लाका नदी - खोला किनारका टारी तथा फाँटहरूमा कुलोद्वारा पानी लागी सिंचाइको प्रबन्ध मिलाइएको छ ।

पशुपालन मिश्रित कृषिको अभिन्न अङ्ग हो । यहाँका मानिसहरूले विभिन्न उदेश्य राखी पशुपालन गर्दछन् । यहाँ दूध, र दूध जन्य परिकारका लागी गाई, भैंसी मासु प्राप्त गर्नका लागि गोठ, मानिस तथा वस्तु ढुवानीका लागि घोडा, खच्चड पाल्ने गरिन्छ । मौरी पालनलाई पनि यहाँका कृषकले मुख्य पेशा बनाएको पनि देखिन्छ ।

यस्तै गुल्मी जिल्ला कफि खेतीको लागि पनि प्रसिद्ध रहेको छ । गुल्मी जिल्लाको आँपचौरमा नपालमै पहिलो पटक कफि खेतीको आरम्भ गरिएको हो । यसले हाल व्यावसायिक रूप लिएको देखिन्छ । यसबाट कृषकले मनग्य फाइदा लिएका छन् । अदुवा, आस्लिसो जस्ता नगदे बालीसमेत यस जिल्लाका कृषकको रुचिको विषय बनेको देखिन्छ ।

## २.१० जनसंख्या

गुल्मी जिल्ला एक पहाडी जिल्ला भए पनि मझौला जनआवादी भएको जिल्ला हो । यस जिल्लाको टारी, बेंसी तथा बजारहरूमा जनघनत्व बढी रहेको देखिन्छ भने पहाडी अग्ला ठाउँहरूमा जनघनत्व कम रहेको देखिन्छ । वि.सं. २०५८ को जनगणनाअनुसार गुलमीको कुल जनसंख्या २,९७३१ रहेको छ । यसमध्ये पुरुषको सङ्ख्या १,३४४८३ रहेको छ भने महिलाको १६२६५३ छ । सोही जनगणना अनुसार जम्मा घर जनसंख्या ५६,४५१ रहेको छ यस जिल्लाको जनघनत्व प्रति वर्ग कि. मि. २८८.३१ प्रतिशत रहेको छ । [२४]

---

[२४] हिरण्यलाल ज्ञवाली पूर्ववत् १५८ ।

## २.११ निष्कर्ष

नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने पहाडी जिल्ला गुल्मी समुद्र सतहबाट ६२८ मिटर देखि २६८८ मिटरसम्म फैलिएको छ । पहाडी जिल्ला भए पनि यातायातको पहुँचले गर्दा अधिकांश गा.वि.स. मा शिक्षा र स्वास्थ्यको राम्रो पहुँच रहेको देखिन्छ । हिन्दू संस्कृतिको प्रभाव रहेको गुल्मीका जनताको प्रमुख व्यवसायको रूपमा कृषि रहेको छ भने नोकरी तथा वैदेशिक रोजगारी पनि यहाँका जनताको आम्दानीको स्रोत रहेको छ । ३ निर्वाचन क्षेत्र र ७५ गा.वि.स. रहेको गुल्मी जिल्लाको कुल जनसंख्या २९७१३६ रहेको छ ।

# परिच्छेद – तीन

# लोकगीतको सैद्धान्तिक अध्ययन र तिजगीत

## ३.१ लोकगीतको परिचय

नेपाली लोकपधका ४ प्रमुख विधामध्ये एउटा लोकगीत हो । लोकअन्तर्गत पर्ने यो विधा अन्य विधाहरूमध्ये व्यापक, समृद्ध र अत्यन्त लोकप्रिय छ । लोकगीतविधाहरूमध्ये व्यापक, समूह रहन्छ तापनि यसलाई सबैभन्दा प्राचीन विधा मानिन्छ र संसारका जुनसुकै देशमा पनि लोकगीत फेला पर्दछ भन्ने बताइन्छ ।[२५] लोकगीतहरू संक्षिप्त हुन्छन् भन्ने उल्लेख गर्दागर्दै "केही लोकगीत लामा र हल्का आख्यानयुक्त भएको पाइए पनि यसको मूल स्वरूप चाहिँ लघु र आख्यानयुक्त हुनु हो । यसमा लोकभावनाको "सकोठमुखता हुने हुँदा छोटो आकारको भइ संस्मरण गर्न सजिलो हुन्छ । यसै सहजताका कारण यसले लोकमा विस्तार र जनप्रिय स्वरूप पाएको हो ।"[२६] भन्ने विज्ञहरूको भनाइ रहेको छ । यसका साथै प्रत्येक समुदाय र भाषामा लोकगीतकै संख्या आत्यधिक पाइने कुरा बताइएको छ । अनि यो विधा मानिसको बोली प्रस्फटन भएदेखि प्रारम्भ भएको ठान्दै वेदभन्दा पनि पूर्ववर्ती समयमा लोकगीतको रचना भएको हो भन्ने कुरामा विद्वनहरूको मतयमतक्यता रहेको पाइन्छ । यसरी लोकगीत सबैभन्दा प्राचीन, युगमा पनि मानवहृदयलाई तत्कालै हुनसक्ने अत्यन्त लोकप्रिय भई सम्प्रेषणीय विधाका रूपमा रहेको छ । आज आएर विद्युतीय सञ्चारमाध्यममा लोकगीतले पाएको सर्वश्रेष्ठ स्थान पनि लोकप्रियताको एउटा नमुना हो । यसरी हाम्रो जस्तो विविध संस्कृतिले भरिपूर्ण मुलुकमा लोकसमाज, समुदायका प्रत्येक फाँटमा लोकगीतले गहिरो प्रभाव छोडेको छ ।

---

[२५] कृष्णप्रसाद आचार्य, **पूर्वआधुनिक नेपाली साहित्य लोकसाहित्य र आधुनिक निबन्ध**, (काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन, २०६३), पृ ४१९ ।

[२६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** , (काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन, २०६३), पृ. ७३ ।

## ३.२ लोकगीतको परिभाषा र स्वरूप

सामान्य ढङ्गबाट लोकगीतको परिभाषा दिन अत्यन्त गाह्रो छ । विभिन्न समयमा विभिन्न विद्वान्हरूले लोकगीतको परिभाषा दिने प्रयास गरे पनि अहिलेसम्म कसैले पनि सर्वमान्य परिभाषा दिन सकेका छैनन् ।[२७] विभिन्न विद्वान्हरूले दिएको तर पनि हुँदा हुँदै पनि अहिलेसम्म पाइएका परिभाषाहरू यस प्रकार छन् ।

*ग्रिसका अनुसार* :- लोकगीत स्वत : सिर्जित हुन्छ ।

*पर्सीका अनुसार* :- आदिम स्वत : स्फूर्त संगीतलाई लोकगीत भनिन्छ ।

*राल्फ भी. विलियम्सले* :- “लोकगीत नयाँ वा पुरानो नभई वनको वृक्ष जस्तै हुन्छ । यसका जरा अतीतका गाडिएका हुन्छन् , तर यस्तो लगातार .... नयाँ हाँगा, नयाँ पात र नयाँ फलहरू उत्पन्न गरिरहन्छ । ”भनेर चिनाएका छन् ।

त्यस्तै : *गोर्डन हटवेल* ले लोकगीतलाई ‘मानवहरा अग्वेवित प्रचीनतम प्रकारको मापनलाई लोकगीत भनेका छन् ।

*इन्साइक्लोपेडिया* जुडाइको परिभाषामा मौखिक परम्परा द्वारा एकपुस्ताबाट अर्को पुस्तामा संप्रसारित हुँदै जाने प्रगीतात्मक रचनालाई भनिएको छ ।

न्यू कोलम्बिया इन्साइक्लोपेडिया को परिभाषा अनुसार “अपरिचित समुदायद्वारा सङ्गीत संयोजन गरिएको मौखिक रूपले एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने रचनालाई लोकगीत भनिन्छ ।

न्यू इन्टरनेशनल इङ्गलीस डिक्सनरीमा “जनसामान्यका बीच प्राचीन कालदेखि लयात्मक रूप र भावनामा सहज किसिमले प्रस्फुटित अवैयक्तिक रचनालाई लोकगीत भनिन्छ ।” त्यस्तै नेपाली विद्वान्हरूले दिएको लोकगीतको परिभाषा यसप्रकार रहेका छन्-

जनजीवनका आधारभूत संस्कारहरू र मार्मिक भाव तथा सङ्कलित चेतनाको उपज हो लोक गीत । लोकगीत नै हाम्रो काव्य परम्पराको प्रारूप पनि हो -डा.वासुदेव त्रिपाठी ।

---

[२७] ऐजन ।

लोकगीत  भनेका जीवनका आदिम स्रोत  हुन् -कालीभक्त पन्त

लोकसाहत्यिरूपी पारिजातमा कुसुमित फूलको बरदान भनौ प्रचुर के मुदी यसको स्वादिलो मधुरो र रसिलो  फल हो लोकगीत -पूर्ण प्रकाश नेपाल यात्री

लोकगीत भनेको त्यो सङ्गीत हो वा  गीत हो जुन  मातृभाषाका  नाताले मानव समाजमा  नै सर्गिक रूपले सुख दुःखका  अभावमा दया, माया,  प्रेममान अभिव्यक्त हुँदै स्वयममेव उद्‌गारको रूपमा स्किेर  लाभदार  तरजमा  काव्यमयी  शैली भई सृजना हुन्छन् - सत्यमोहन  नोभी

यसरी विभिन्न विद्वान् र इन्साइक्लोपेडियाले लोकगीतको परिभाषा आ- आफ्नै ढंगले दिए पनि तिनीहरूमा केही समानताहरू पनि पाइन्छ । ती सबै परिभाषाहरूलाई समेटेर लोकगीतलाई यसरी परिभाषित गरिएको छ ।

“लोकभावना वा विचारको मौखिक एवम् श्रुति परम्पराद्वारा एकपुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयकिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।[२८]  भनी लोकगीतलाई परिभाषित गरिएको छ र यो नै अहिलेसम्मको पूर्ण र सर्वमान्य परिभाषा भएको मानिन्छ । यही परिभाषाको आधारमा लोकगीतका स्वरूप यस प्रकार रहेका छन् ।

१. लोकगीत लोकभावनामा अडिएको हुन्छ । लोकवासीहरूको सामूहिक भोगाइ र सोचाइको साझा अभिव्यक्ति जसलाई प्रत्येक लोकवासी आफ्नै निजी भोगाइ र अनुभवको गीत ठान्दछ ।
२. मौखिक परम्परा तथा श्रुतिपरम्परामा हुकिर्दै जीवित रहँदैं आएको विद्या हो लोकगीत ।
३. लोकगीत हस्तान्तरणीय हुन्छ । यो प्राचीन कालदेखि अहिलेसम्म एकपुस्ताबाट अर्को पुस्तामा सर्दै आएको छ ।
४. यो लयात्मक हुन्छ । यसका शब्दहरूको ध्वनिगत आरोहअवरोहको मिठासपूर्ण संयोजन गरी लय उत्पन्न गरिन्छ ।

---

[२८] ऐजन , ७४ ।

५. यो गेय हुन्छ । यसको गेयता सङ्गीतमा आधारित हुन्छ । यसलाई शब्द र सङ्गीतको साहचर्मकण्ठले गाइन्छ ।

६. यो अनौपचारिक हुन्छ । यसमा रचनाकार अज्ञात रहने हुँदा यो पूरै समुदायको, सिर्जना हुन्छ ।

७. यसको माध्यम भाषा हुन्छ । अभाषिक माध्यमबाट यसले मूर्त रूप नपाउने हुँदा यो अपरिचित भाषिक अभिव्वयक्ति हो । भाषा परिवर्तनशील भएकोले यसको पाठमा पनि भाषिक परिवर्तन आउने हुँदा यस्तो परिवर्तन यसमा पनि देखा पर्छ ।

८. यो एउटा संरचना हो । यसको सङ्गठन केही घटक वा अवयवबाट भएको हुन्छ । मुख्यत :आदि, मध्य र अन्त्य भाग वा अवयवबाट यसको रचना हुने हुँदा यसलाई संरचना भनिएको हो । संरचना भएका कारण लोकगीतको स्वरूप पूर्ण, स्वायत्त र गतिशील हुन्छ ।

९. यो प्रगीतको लघु संरचना हो । यो प्रबन्धात्मक नभई मुक्तकाकारको हुन्छ ।[२९]

## ३.३ लोकगीतका तत्त्वहरू

कुनै संरचनाको निर्माणमा नभई नहुने कुरालाई तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण, अङ्ग, घटक, संरचक घटक, अवयव आदि भनिन्छ । आफ्ना तत्त्वहरूको आवश्यक सङ्गठन नहुने लोकगती वा कुनै सिर्जनात्मक रचनाले साकार रूप नलिने भएकोले यिनको आवश्यकतालाई अनिवार्यता पनि मानिएको छ । लोकगीतको संरचना निर्माण गर्ने प्रमुख तत्त्वहरू निम्नलिखित छन् ।[३०]

**क) भाव वा विचार**

भाव वा विचारलाई सिर्जनात्मक कृतिको विषयवस्तु, मूल कथ्य वा अन्नवस्तु पनि भनिन्छ । लोकगीतमा लोकभावना र लोकविचारको अभिव्यक्ति गरिएको हुन्छ । यसमा लोकसमुदायको व्यापक अनुभवमा आधारित दु:ख, सुख हर्ष विष्मात, प्रेम-पीडा,

---

[२९] ऐजन, पृ. ७४-७५।

[३०] ऐजन, पृ. ७५ ।

उज्यालो-अँध्यारो, आँसु-हाँसो, विजय-पराजय, उन्नति-अवनति, मिलन-वियोग, व्यथा-वेदना आदिको सरता, सहज, स्वभाविक र प्रभावकारी उद्‌गार व्यक्त भएको हुन्छ । यसमा वैयक्तिक भाव वा विचारको कुनै स्थान हुँदैन । त्यस्तो भाव वा विचार भए पनि त्यसको साधरणीकरण हुन्छ र त्यसको सामूहिक रूप लिन्छ ।[३१]

लोकगीतमा लोकको व्यवहार विश्वास र परम्पराले विशेष अभिव्यक्ति पाएको हुन्छ । यसमा प्रस्तुत विषयले लोकसभ्यता र लोकसंस्कृतिको प्रभावकारी दिग्दर्शन प्रस्तुत गरिएको हुन्छ । यो सत्य एवम् साक्षर समाजबाट टाढा रहेका जनसमुदायको भावाभिव्यक्ति भएकाले यसमा जटिल भाव वा विचारले स्थान पाएको हुँदैन । लोकगीत एउटै भूलभावको विस्तार सशक्त ढङ्गमा गरिएको हुन्छ । भावको एकोन्मुखताका कारण यसमा कथ्य जटिल हुन पाउँदैन । कुनै एक भाव वा विचारमा अभावका लोकगीतले मूर्त रूप नलिने हुँदा यसलाई एउटा अनिवार्य तत्त्व मानिन्छ ।[३२]

**ख) उद्देश्य**

लोकगीतको प्रयोजनलाई त्यसको उद्देश्य भनिन्छ । लोकगीतको सिर्जना निरुद्देश्य नगरिने हुँदा प्रत्येक लोकगीतको केही न केही उद्देश्य अवश्य हुन्छ । उद्देश्यविनाको लोकगीत निरर्थक रचना ठहरिने हुँदा एउटा तत्त्वको रूपमा यसको महत्त्वपूर्ण स्थान रहेको छ । अधिकांश लोकगीतमा उद्देश्य प्रत्यक्षरूपमा रहे तापनि कतिपय लोकगीतमा यो परोक्ष पनि हुन्छ । परोक्ष उद्देश्य गीतमै अन्तर्निहित भएर रहेको हुन्छ । प्रायः लोकगीतमा उद्देश्य अन्त्यतिर रहन्छ र त्यसलाई खोजेर निकाल्नु पर्दछ ।

नेपालीमा अधिकांश लोकगीतहरू, उपदेश दिने उद्देश्यले रचिएका छन् । त्यसैले अधिकांश लोकगीतको प्रयोजन शिक्षा दिने र ज्ञान बढाउने रहेको पाइन्छ । साथै मनोरञ्जनको सामग्रीहरूको आह्वन भएका ग्रामीण वस्तीहरूमा लोकगीतलाई मनोरन्जको सामग्रीको रूपमा लिइँदै आएको छ । कतिपय नेपाली लोकगीतहरू

---

[३१] ऐजन ।

[३२] ऐजन, पृ. ७४-७५ ।

यथार्थको प्रकटीकरण गर्ने उद्देश्यले रचिएको हुन्छ भने कतिपय लोकगीतमा सामाजिक जीवनका वास्तविक भोगाइ र समाजमा घट्ने घट्ना परिघटनाको समेत यथार्थ चित्रण पाइन्छ । यिनै उद्देश्य प्राप्तिका लागि हालको समयमा आएर लोकगीतको सिर्जना भएको पाइन्छ । उद्देश्यको अभावमा लोकगीत निष्फल सिर्जना बन्ने हुँदा यसलाई अनिवार्य तत्त्व मानिन्छ ।[३३]

ग) भाषा

साहित्य एवम् लोकसाहित्यको माध्यम भाषा हो । त्यसकारण रचनाकार वा गायकबाट श्रोता वा श्रवणकर्ता समक्ष त्यही भाषाका आख्यानबाट लोकगीत सम्प्रेषित हुने भएकाले भाषालाई लोकगीतको अनिवार्य तत्त्व मानिएको छ । लोकगीतका लोकभाषाको प्रयोग गरिने भएकाले यसमा झर्रा शब्द, स्थानीय शब्द, सहज शब्दावलीको प्रयोग विशेषता हो । यसको भाषा अलङ्कृत तथा बढी काव्यात्मक नभई सादा प्रकारको हुन्छ । यसमा अनुप्रास रूपक, उपमा आदि अलङ्कारहरूको स्वभाविक प्रयोग भए पनि तिनको कसिलो र जटिल प्रयोग हुँदैन । यसको भाषामा छन्दले भाका लय, गेयता र सङ्गीतात्मकताले प्रधानता पाउँछ । यसमा जनसमान्यको भाषा प्रयुक्त भए पनि त्यो प्रभावकारी र आकर्षक हुन्छ ।

लोकगीतको मात्रामा लाक्षणिकता र व्यञ्जनात्मकता पाइए पनि सरलता, बोधगाम्यता र मधुरता यसका खास विशेषता हुन् । भाषा लोकगीतको अपरिहार्य माध्यम र भावलाई साकार पार्ने साधन भएकोले यसलाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ । यस तत्त्वअन्तर्गत शब्दप्रयोग, वर्णविन्यास बिम्ब, प्रतीक, लय, अलङ्कार भाव, अर्थ आदिको योजना तथा विधान पर्दछन् ।[३४]

घ) शैली

कुनै पनि विधाको अभिव्यक्तिगत ढाँचा नै त्यसको शैली मानिन्छ । लोकगीतको पनि यही अभिव्यक्ति गर्ने ढाँचा नै शैली हो । यसमा अधिकांश लोक शैलीको प्रयोग

---

[३३] ऐजन, पृ. ७४-७६ ।

[३४] ऐजन, पृ. ७४-७६ ।

गरिएको हुन्छ । लोकशैली अकृत्रिम र अजटिल हुन्छ । यसमा शैलीगत कृत्रिमता नभई सादापन रहन्छ । लोकको सहजतालाई लोकगीतको शैलीले छर्लङ्ग पार्छ । शैलीका कारण एउटा लोकगीत अर्को लोकगीतबाट भिन्न हुने र आफ्नो पहिचान देखाउन सक्ने हुन्छ ।[३५] भाषाका सन्दर्भमा उल्लेख भएका थेगा, रहनी, लय र भाका, पुनरावृत्ति, चरन आदि जतिको उचित र सही व्यवस्थापनले लोकगीतको आफ्नै विशिष्ट शैलीको निर्माण हुन्छ । अन्य विधाका शैलीभन्दा लोकगीतको शैली विशेष प्रकारको भएकोले यसलाई विशिष्ट शैली भनिएको हो । सरल, सहज, स्वाभाविक र साधारण शैली हुनु यसको आफ्नो निजी विशेषता हो । लोकमापन लोकलयमा नै गाइने हुनाले यसको शैली पनि लोकशैलीमा निर्मित हुन्छ । लोकशैलीमा हुने हुँदा यसको शैली सरल र साधारण बन्न पुग्छन । "लोकगीतको रचनाकार अज्ञात रहने हुँदा र यो श्रुतिपरम्पराबाट सामूहिक सम्पत्ति बन्ने हुँदा यसको शैली पनि सामूहिक शैली हुन्छ"[३६] भनी उल्लेख गरेको पाइन्छ । लोकगीतमा ऐच्छिक रूपमा पात्र, घटना, परिवेशजस्ता तत्त्वहरूको पनि प्रयोग गरेको पाइन्छ । केही केही लोकगीतको गायन नृत्यविना नहुने भएकाले त्यस्ता गीतका लागि नृत्य आवश्यकीय तत्त्वको रूपमा देखिन्छ । तापनि अधिकांश लोकगीतहरू केवल गाउनको निम्ति रचिएको हुन्छ । नेपाली लोकगीतको आफ्नै शैली छ र लोकगीतलाई सार्थक र पूर्ण तुल्याउन शैलीले अनिवार्य र महत्त्वपूर्ण भूमिका खेल्दछ । शैलीका माध्यमले नै लोकगीतलाई अन्य विधाबाट अलग तथा पृथक विधाका रूपमा स्थापित गरेको छ । लोकशैली जति प्रभावकारी र लोकप्रिय आय शैली हुन नसक्ने कुरालाई उपत्यकालगायत अन्य सहरका विभिन्न होटल र रेष्टुरेण्टमा आजभोलि लोकगीत गाउने प्रचलन व्यापक रूपमा वृद्धि भएबाट स्पष्ट हुन्छ ।

लोकगीतका तत्त्वहरूलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै ढङ्गले प्रस्तुत गर्ने कार्य गरेका छन् । चूडामणि बन्धुका अनुसार लोकगीतको संरचनामा आवश्यक पर्ने

---

[३५] ऐजन, पृ. ७४-७६ ।

[३६] ऐजन, पृ. ७४-७३ ।

कुराहरूलाई निम्नानुसार देखाइएको छ । (१) कथ्य (२) भाषा (३) चरण वा पद (४) स्थायी वा अन्तरा (५) रहनी र बचन (६) लय । भाका ।

## ३.३ लोकगीतका विशेषताहरू

१. लोकगीतको रचनाकार र रचनाकाल हुँदैन । लोकगीत कसले र कहिले रचेको भन्ने जानकारी पाइँदैन । प्राचीनकालदेखि नै परम्परागत रूपमा चलेर आउने हुँदा यसको सामाजिकीकरण भई तिथिमिति तथा रचनाकारबारे जानकारी उपलब्ध नभएको हो । यो जाति विशेषको लोकभाषामा संरचित श्रुतिपरम्परामा आधारित हुन्छ । त्यसैले यो लिखित नभई अलिखित हुन्छ ।

२. लोकभावनाको अभिव्यक्ति भएकोले लोकगीत अत्यन्त सरल र सहज हुन्छ । यसमा कृत्रिमता, सजावट र आलङ्कारिताको बोझिलोपन पटक्कै हुँदैन । स्वच्छन्द किसिमले लोकभावना लोकबोलीमै र लोकलयमा नै प्रकट हुनेहुँदा यसमा कुनै जटिलताको गन्ध आउँदैन ।

३. लिखित रूपमा आदेश यसको सच्चापन र मौलिकता भाँच्चिने हुँदा अलिखित रहनु नै यसको आफ्नो विशेषता झल्किने हुँदा लोकगीत मौखिक र श्रुतिपरम्परामा आधारित हुन्छ ।

४. लोकगीतले सरल र सहज ढङ्गमा श्रवण र गायनको आवाजको साथै लोकबासीलाई मनोरञ्जन, अतिउपदेश, शिक्षा नैतिक ज्ञान आदि प्रदान गर्दछ । त्यसकारण उपदेशात्मकता र मनोरञ्जनात्मकता लोकगीतका महत्त्वपूर्ण विशेषता हुन् ।

५. लोकगीतले शास्त्रीय नियम छन्द, लय, अलङ्कारका नियम विशेषलाई अस्विकार गर्दै सामान्य लोकव्यवहारको अनुसरण गर्ने हुँदा यसमा स्वच्छन्द प्रकृतिको प्रवृत्ति पाइन्छ । ।

६. लोकसाहित्यमा रस, लय र माधुर्यको प्रधानता रहने हुनाले र लोकबासीका मार्मिक मर्मलाई समेटिने हुँदा मर्मस्पर्शी र प्रभावकारिता यसका विशेषता बनेका छन् ।

७. लोकगीत कुनै पनि स्थलमा एउटै बसाईमा बसेर रचिने तथा दोहोरी रूपमा तत्कालै कथन गरेर प्रश्नात्मक रूपमा र उत्तरात्मक शैलीमा गाइने हुँदा यो अत्यन्त मौलिक र सम्प्रेषणीय हुन्छ , जसलाई महत्त्वपूर्ण विशेषताका रूपमा लिन सकिन्छ ।

८. लोकगीतमा पटकपटक थेगो वा टेकोको पुनरावृत्तिले गीतलाई लयपूर्ण र सङ्गीतपूर्ण बनाउने हुँदा थेगोको परिवर्तन यसको आफ्नै मौलिक विशेषता हो जसले भनाइ छर्लङ्ग पार्ने गर्दछ ।

९. लोकगीतमा लोकभाषा, लोकभावना, लोकविश्वास, लोकपरिवेश, लोकधर्म, संस्कृति, लोकमूल्य मान्यता र वृत्तिको समेत व्यापक उपस्थिति हुनाले लोकतत्त्वको प्रधानता रहनु लोकगीतको महत्त्वपूर्ण विशेषता हो ।

१०. विशेषत विशेषताको घुइँचो लाग्नु लोकगीतको निजी विशेषता हो ।


## ३.४ नेपाली लोकगीतको वर्गीकरण

लोकगीतको किसिम, प्रकार वा भिन्नता छुट्याउने कार्यलाई वर्गीकरण वा प्रकार विभाजन भनिन्छ । नेपाली लोकगीतको वर्गीकरण र प्रकार निर्धाणमा एकन्त पाइँदैन । यसरी विभिन्न विद्वान्हरूबीच वर्गीकरणको सवालमा मतभिन्नता हुनुको कारण प्रकार छुट्याउने निश्चित आधारको अभाव हो, विभिन्न विद्वान्हरूले विभिन्न किसिमका वर्गीकरण गरेका छन् । लोकसाहित्यको अहिलेसम्म गरिएका वर्गीकरणबाट समग्र लोकसाहित्यको प्रकार निर्धारण हुन सकेको देखिँदैन । प्रकार छुट्ट्याउने निश्चित आधारहरूको निर्धारण हुन नसकेका कारण लोकगीतको वर्गीकरणसम्बन्धी मतभिन्नताहरू देखिएका हुन् । यसमा लोकगीतको वर्गीकरण गर्न सकिने एवम् आधारहरूका सन्दर्भबाट नेपाली लोकगीतको वर्गीकरण र प्रकार निर्धारण गरिएको छ ।[३७] विभिन्न विद्वान्ले विभिन्न किसिमले वर्गीकरण गरेको पाइन्छ । तापनि सबैलाई समेट्ने गरी मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लोकवार्ताविज्ञान र


---


[३७] ऐजन, पृ. ७४-७९ ।

लोकसाहित्यमा गरेको वर्गीकरणलाई आधार मानेर गरिएको वर्गीकरण यसप्रकार रहेको छ ।



त्यस्तै कृष्णप्रसाद पराजुलीकोनेपाली लोकगीतको आलोक नामक पुस्तकमा लोकगीतलाई यसप्रकार  वर्गीकरण गरेको पाइन्छ ।




## ३.४.१ क्षेत्रीय आधारमा लोकगीतको प्रकार

यस आधारमा लोकगीतलाई वर्गीकरण गर्दा प्रचलन क्षेत्र वा ठाउँलाई प्रमुखता दिइन्छ । लोकगीतको विशेष प्रचलन हुने ठाउँ वा यसको थालनी हुने ठाउँका

आकारमा लोकगीतका भेदहरूको निर्धारण गरिन्छ । यस आधारमा नेपाली लोकगीतलाई निम्नानुसार देखाउन सकिन्छ ।

१. हिमाली लोकगीत - विशेष गरी हिमाली क्षेत्रमा गाइने लोकगीतहरू हिमाली लोकगत  अन्तर्गत पर्दछन् ; जस्तै सेर्पा जातिले गाउन ल्होसार गीत आदि ।
२. पहाडी लोकगीत - पहाडी क्षेत्रमा गाइने लोकगीतहरू यस कोटिअन्तर्गत पर्दछन् ।
३. तराईली लोकगीत - तराई क्षेत्रमा गाइने लोकगीत विभिन्न खाले लोकगीतहरू यस विधाअन्तर्गत पर्दछन् जस्तै : भोजपुरी
४. पूर्वेली लोकगीत- पूर्वी क्षेत्रको पहाडी जिल्लामा गाइने लोकगीतहरू यस विधाअन्तर्गत पर्दछन्;  जस्तै : सङ्गिनी गीत
५. पश्चिमेली लोकगीत - विशेष गरी नेपालको पश्चिमी क्षेत्रमा गाइने लोकगीतलाई नै पश्चिमेली लोकगीत  भन्न सकिन्छ; जस्तै : झाम्रे, मारुनी आदि ।
६. डोटेली लोकगीत - विशेष गरी नेपालको डोटी जिल्लामा गाइने लोकगीतहरू यस विधाअन्तर्गत पर्दछन् ; जस्तै : देउडा  ।
७. पाल्पाली लोकगीत- विशेष गरी नेपालको पाल्पा तथा त्यसको आसपासका जिल्लामा गाइने गीतलाई यस अन्तर्गत राख्न सकिन्छ; जस्तै : झाम्रे
८. स्याङ्जाली लोकगीत - स्याङ्जा जिल्ला र त्यसको आसपासमा गाइने लोकगीत
९. धनकुटे लोकगीत - विशेष गरी नेपालको धनकुटा जिल्लाका प्रचलित गीतहरूलाई धनकुटे लोकगीत भनिन्छ ।
१०. तेह्रथुमे लोकगीत - विशेष गरी नेपालको तेह्रथुम जिल्लामा प्रचलित लोकगीतहरू आदि ।

### ३.४.२ जातीय आधारमा लोकगीत

यस आधारमा लोकगीतको वर्गीकरण गर्दा गाइने जात वा जातिलाई प्रमुखता दिइन्छ । नेपाली बहुभाषिक र बहुजातीय देश भए पनि विभिन्न जातजातिले नेपाली

भाषामा गाउने लोकगीतलाई जातीय लोकगीत भनिन्छ । जुन लोकगीत जुन जातिमा विशेष प्रचलित छ त्यसैका आधारमा नामकरण गरी यसका प्रकारहरू छुट्याइन्छ । जस्तै थारु जातिले गाउने लोकगीत, नेवार जातिले गाउने लोकगीत, तामाङ/शेर्पा जातिले गाउने र तामाङ/भोटे सेलो, दमाई जातिले गाउने बाजातालको लोकगीत, ब्राह्मण क्षत्रीले गाउने भजन, बालुन, चुड्का आदि, गन्धर्व जातिले गाउने कर्खागीत, गुरुङ मगर जातिले गाउने सोरठी, घाटु, नचरी, सालैजो, राई लिम्बू जातिले गाउने लोकगीतलगायत विभिन्न जातिले गाउने लोकगीतलाई यसअन्तर्गत राख्न सकिन्छ ।

### ३.४.३ उमेरका आधारमा लोकगीत

यस आधारमा लोगीतका प्रकारहरू निर्धारण गर्दा गाउने उमेर समूहलाई प्रमुखता दिइन्छ । मानिसको बाल, युवा र वृद्ध अवस्थाका गीतहरू पनि भिन्नभिन्नै गीतहरू पनि भिन्नभिन्नै हुन्छन् । बालकावस्थामा गाइने लल्लौरिबिल्यौरी, चचहुइ आदि बालगीतअन्तर्गत पर्दछन् भने युवावस्थामा गाइने प्रेम गीत, विरहगीत आदि युवागीत हुन भने प्रौढहरूले गाउने भजन, बालुन, जेठे, आदि वृद्ध गीतअन्तर्गत पर्दछन् ।[३८]

### ३.४.४ लिङ्गका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गाउने महिला वा पुरुष को हो भन्ने पक्षलाई प्रमुखता दिइन्छ । नेपाली सजमा खासखास गीतहरू पुरुषले मात्र र खासखास गीतहरूले महिलाहरूले मात्र गाउने गर्दछन् । यसका आधारमा नेपाली लोकगीत निम्नानुसार देखाउन सकिन्छ ।[३९]

क) नारीगीत मुख्यतः महिलाहरूले मात्र गाउन गीतलाई नारी गीत भनिन्छ; जस्तैः तिजे, रत्यौली, मागल, सगुन, फाग, जेठे, भैली, सँगिनी आदि ।

ख) पुरषगीत : मुख्यतः लोग्ने मान्छेले मात्र गाउने गीतलाई पुरुष गीत भनिन्छ । जस्तै : दाइँ गीत, बालुन, देउसी, होरी आदि ।

ग) नारीपुरुष गीत : नारीपुरुष दुवैले गाउने गीतलाई नारी पुरुष गीत भनिन्छ ।

---

[३८] ऐजन, पृ. ८१ ।

[३९] ऐजन, पृ. ८१ ।

जस्तैः झ्याउरे, देउडा सालैजो, भोलाइलो असारे आदि ।

### ३.४.५ सहभागिताका आधारमा लोकगीतका प्रकार

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गीतगायनमा संलग्न व्यक्तिहरूको सहभागिता सङ्ख्यालाई जनाउँछ । यस आधारमा नेपाली लोकगीत निम्नानुसार छन् ।[४०]

क) एकल लोकगीत

एक्लै गाउने गीतलाई एकल लोकगीत भनिन्छ ; जस्तै : घाँसे, झ्याउरे, जेठे, सालैजो, चुड्का, झ्याउरे, सालैजो, रोइला, शिशुगीत आदि ।

ख) दोहोरी लोकगीत

दुईजनाले सवाल जवाफका रूपमा गाइने गीतलाई दोहोरी गीत भनिन्छ; जस्तै : घाँसे, झ्याउरे, जेठे, सालैजो, चुड्का, झ्याउरे, सालैजो, रोइला, बारमासे आदि । यो प्रकारका गीत अहिले नेपाली समाजमा निकै लोकप्रिय रहेको छ ।

ग) सामूहिक लोकगीत

दुई वा दुईभन्दा बढीको समूहले गाउने गीतलाई सामूहिक गीत भनिन्छ; जस्तै : झ्याउरे, मागल, भजन, सगुन, फाग, देउडा, देउसी, होरी, असारे र दाइँगीत आदि ।

### ३.४.६ बनोटका आधारमा लोकगीत

यस आधारमा लोकगीतको प्रकार निर्धारण गर्दा त्यसको बनोटलाई प्रमुखता दिइन्छ । बनोटका आधारमा अधिकांश नेपाली लोकगीत भाव वा विचारका बुनोट गरिएका हुन्छन् भने केही लोकगीतहरू सूक्ष्म घटनामा बुनोट गरिएका हुन्छन् । यिनलाई शिल्पगत आधार पनि मान्न सकिन्छ । यस आधारमा लोकगीतलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।[४१]

---

[४०] ऐजन, पृ. ८१ ।

[४१] ऐजन, पृ. ८२ ।

क) भावप्रधान लोकगीत

प्रेम, विरह, आदि भावनाले प्रधानता भएका गीतलाई भावप्रधान लोकगीत भनिन्छ; जस्तै : मागल, सगुन, फाग, देउडा, सालैजो, चुडका, भजन, रोइला, ख्याली आदि ।

ख) घटनाप्रधान लोकगीत

घटना वा कार्यव्यापारको वर्णन भएका गीतलाई घटनाप्रधान लोकगीत भनिन्छ; जस्तै : शिशुगीत, सँगिनी र जेठे आदि ।

## ३.४.७ प्रस्तुतिका आधारमा लोकगीत

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा प्रस्तुतिलाई प्रमुखता दिइन्छ । लोकगीतहरूको प्रस्तुति बाद्यसहित वा नृत्यसहित ढङ्गले गरिन्छ । वाद्यरहित र बाद्यसहित गीतहरूको प्रस्तुति मुख्यतः श्रव्यात्मक हुन्छ भने नृत्यसहित गीतको प्रस्तुति दृश्यात्मक हुन्छ ।[४२] यस अनुसार नेपाली लोकगीत यसप्रकार छन् -

क) कण्ठगीत

वाद्यविना मौखिक रूपमा गाइने गीतलाई कण्ठगीत भनिन्छ; जस्तै : सगुन, देउडा, सालेजो, चुड्का, रोइला, ख्याली, घाँसे, जेठे, असारे, भदौरे , तिजे आदि ।

ख) वाद्यगीत

बाजागाजासहित गाउने गीतलाई वाद्यगीत भनिन्छ ; जस्तै : गाइनेगीत वा सारङ्गीको प्रयोग हुन्छ, बालुनमा खैजडी, मारुनीमा मादलको प्रयोग हुन्छ भने सेलोमा डम्फु आदि पर्दछन् ।

ग) नृत्यगीत

नाच्दै गाइने गीतलाई नृत्यगीत भनिन्छ ; जस्तै : रत्यौली, तिजे, ख्याली, देउडा, धाननाच, मारुनी, सोरठी, फाग, दोहोरी, झ्याउरे आदि । उही गीत वाद्यरहित र वाद्यसहित पनि हुन सक्छ ।[४३]

---

[४२] ऐजन, पृ. ८२ ।

[४३] ऐजन, पृ. ८२ ।

### ३.४.८ विषयका आधारमा लोकगीत

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गीतमा प्रयुक्त विषयलाई प्रमुखता दिइन्छ । गीतका वर्गीकारणको यो सबैभन्दा मुख्य र विभेदक आधार हो । यसमा मानिसका आस्था, विश्वास, दिनचर्या, रीतिस्थिति, कर्म र व्यवहार आदि यावत विषयहरूलाई समावेश गरिएको हुन्छ । यस आधारमा नेपाली लोकगीतमा निम्नलिखित प्रकारहरू छन् ।[४४]

(क) धार्मिक गीत

धार्मिक अनुष्ठान, पूजाआजा, व्रत, प्रार्थना, भजन, कीर्तन, आरती, आराधना, मङ्गलकामना तथा देवीदेवतासँग सँबन्धित लोकगीतलाई धार्मिक गीत भनिन्छ । जस्तैः व्रतगीत, भजनकीर्तन, आरती, प्रार्थनागीत, मङ्गलगीत आदि पर्दछन् ।

ख) सांस्कृतिक गीत

जन्मदेखि मृत्युपर्यन्त सम्पन्न गरिने विभिन्न सांस्कृतिक अनुष्ठानका अवसर तथा चाडपर्वमा गाइने गीतहरूलाई सांस्कृतिक गीत भनिन्छ । नेपाली लोकगीतमा यी गीतलाई दुई भागमा बाँड्न सकिन्छ ।[४५]

अ) संस्कार गीत

जीवनका विभिन्न संस्कार गर्दा गाउने गीतलाई संस्कार गीत भनिन्छ; जस्तै मागल गीत, जन्म, व्रतबन्ध, विवाह आदि शुभकार्यमा गाइन्छ, खाँडो, रत्यौली गीत विवाहमा गाइन्छ सगुन धमारी आदि ।

आ) पर्व गीत

विभिन्न चाडपर्व वा आवसरमा गाइने गीतलाई पर्वगीत भनिन्छ ; जस्तै मालसिरी, दसैंको उपलक्ष्यमा देउसी, भैलो तिहारको उपलक्ष्यमा फागु र होलीको उपलक्ष्यमा तिजे तिजको उपलक्ष्यमा गाइने गीतहरू हुन् । यस शोधपत्रको शीर्षक

---

[४४] ऐजन, पृ. ८३ ।

[४५] ऐजन, पृ. ८३ ।

गुल्मी जिल्लाका प्रचलित तिजगीतको अध्ययन रहेकोले तिजगीतको बारेमा पछिल्लो शीर्षकमा विस्तृत अध्ययन गरिएको छ ।

## ३.४.९ आकारका आधारमा लोकगीत

यस आधारमा लोकगीतको प्रकार निर्धारण गर्दा त्यसको आकारलाई प्रधानता दिइन्छ । यो वर्गीकरणको बाह्य आधार हो । नेपालीमा लोकगीत केही लोकगीत दुई-तीन पङ्क्ति लघुत्तम आकारका छन् भने केही गीत दुई तीन पङ्क्तिभन्दा बढी छन् । आकारका हिसाबमा पनि नेपाली लोकगीतलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।[४६]

क) लघुत्तम

दुई तीन पङ्पक्तिमा पूर्ण भएका लोकगीतलाई लघुत्तम लोकगीत भनिन्छ ; जस्तै सगुन, चुड्का, रोइला आदि ।

ख) लघु

दुई तीन पङ्क्तिभन्दा लामा कथारहित गीतलाई लघु गीत भनिन्छ; जस्तै झ्याउरे, देउडा र बारमासे आदि ।

## ३.४.१० समयका आधारमा लोकगीत

यस आधारमा वर्गीकरण गर्दा लोकगीत गाउने समय र अवसरलाई प्रधानता दिइन्छ । यस दृष्टिबाट नेपालीका केही लोकगीतहरू खासखास समयमा मात्र गाइन्छन् भने केही लोकगीतहरू जुनसुकै समयमा पनि गाइन्छन् । यस आधारमा नेपाली लोकगीतहरू निम्नलिखित दुईप्रकार छन् ।

क) समसामयिक लोकगीत

खास समय वा अवसरमा मात्र गाइने गीतलाई समसामयिक गीत भनिन्छ । यसअन्तर्गत ऋतु गीत, श्रमगीत, पर्वगीत, संस्कारगीत, धार्मिक गीत आदि पर्दछन् ।

ख) सदाकालिक लोकगीत

जुनसुकै समय तथा असरमा गाइने गीतलाई सदाकालिक गीत भनिन्छ । यस अन्तर्गत झ्याउरे, सँगिनी, देउडा, रोइला, ख्याली, सालैजो, चुड्का, भजन, बारमास, धाननाच घाँसे, टुङ्गना आदि पर्दछन ।

---

[४६] ऐजन, पृ. ८४ ।

नेपाली लोकसाहित्यको इतिहासमा सबैभन्दा लोकप्रिय, जनप्रिय, सर्वसम्प्रेषणीय एवम् महत्त्वपूर्ण विधाको रूपमा रहेको लोकगीतलाई समय, काल र परिस्थितिअनुसार विद्वान्हरूले वर्गीकरण गरेको पाइन्छ । लोकगीतभित्र पनि सदाकालिक गीत सबैभन्दा लोकप्रिय रहेका छन् । संस्कार गीतहरू अत्यन्तै लोकप्रिय भई जनबोलीको रूपमा नेपाली समाजमा विद्यमान रहेका छन् । अलिखित श्रुतिपरम्परामा आधारित लोकगीतले आजभोलि रेकडिङ भई व्यवसायिकता समेत प्राप्त गरेको छ । हिजोको दिनमा मनोरञ्जन र आफ्ना पीडा वेदना प्रकट गर्ने माध्यम बनेको लोकगीत अहिले व्यावसायिकतातर्फ पनि उन्मुख रहेको छ ।

## ३.५ तिजगीतको परिचय

नेपाल एउटा बहुजाति र बहुसंस्कृति भएको मुलुक हो । यहाँ वर्षभरिमा विविध चाडपर्वहरू मनाइने गरिन्छ । तिनै महत्त्वपूर्ण चाडहरूमध्ये तिज पर्व पनि एक हो । तिज पर्व नेपाली महिलामात्रको सबैभन्दा ठूलो राष्ट्रिय पर्व हो । हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिन पर्ने तिजमा महिलाहरू व्रत बसी आफ्नो मनोकाङ्क्षा पूरा गर्नका लागि महादेवको पूजा गरी सबैजना एकैठाउँमा जम्मा भएर गीत गाई नाच्ने गर्दछन । यसरी तिजको अवसरमा गाइने भएकाले यसलाई 'तिजगीत' भनिएको हो । कसैकसैले भदौ महिनामा गाइने भएकाले यसलाई भदौरे गीत पनि भन्ने गरेको पाइन्छ ।[४७] त्यस्तै फरक-फरक ठाउँ अनुसार तिजगीतलाई 'तिजेगीत' पनि भन्ने गरेको पाइन्छ ।[४८]

लोकसाहित्य लोकजीवनमा परम्परागत मौखिक रूपले चल्दै आएका जनहृदयले सहजै टिप्नसक्ने सुकोमल, सरल, सरस भाषाले युक्त अज्ञात स्रष्टाद्वारा सृजित रचना हो । लोकसाहित्यका स्रष्टा अज्ञात लोकप्रतिभा हुनुका साथै उनका अनुभूतिहरू पनि लोक जीवनकै उपज हुन । यस्तो साहित्यले सरल, सहज र सरस भाषामा वर्तमान र विगत दुवै प्रकारको लोकजीवनलाई साँचो र यथार्थ रूपमा प्रकट गर्दछ । सङ्गीत लय, तथा गायन र गतिमा तीव्रता अनि हृदयलाई सहज पगाल्न सक्ने गुणले गर्दा लोकगीत

---

[४७] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **पूर्ववत्** पे. ११९ ।

[४८] कृष्णप्रसाद आचार्य , **पूर्वआधुनिक नेपालीसाहित्य लोकसाहित्य र नेपाली निबन्ध**, काठमाडौं: श्रीतिज क्षितिज प्रकाशन, २०६३, पृ. ३५८ ।

लोकसाहित्यका अन्य विधाबाट छुट्याउन सकिन्छ । यी विविध विशेषताले युक्त लोकगीत जनबोलीबाट अनवरत रूपमा बगिरहने छहरा हो । यो उन्मुक्त गलाको अविरल ध्वनि हो साथै स्वतन्त्र आत्मबाट स्वतः निश्रित हार्दिक उच्छ्वास हो ।[४९] यस्तो जीवनगत हर्ष, विस्मात, आशा, निराशा, सुख दुःख आदि समस्त अभिव्यक्तिको साधन लोकगीत हो । यसै लोकगीतको एक भेद तिजगीत हो । धार्मिक, सांस्कृतिक, सामाजिक आदि दृष्टिले महत्त्व राख्ने तिज पर्वले नेपाली महिलाहरूलाई एकैचोटि रचनाकार, गायक र नृत्यकार बनाउने गर्दछ । लोकजीवनमा चलिआएका विविध संस्कार, धार्मिक रीतिस्थिति, सामाजिक चालचलन, नारी जागरण आदि तिजगीतका विषयवस्तु हुने भएकाले पनि तिजगीत समाजका सबै तहमा मुखरित भएका हुन्छन् ।

आफ्नो आगमनको एक महिना अघिदेखि नै नेपाली चेलीबेटीलाई जागरुक बनाउने तिज पर्वको धार्मिक तथा सांस्कृकि महत्त्वका सन्दर्भमा ऐतिहासिकता खोतल्दै जाँदा एउटा रमाइलो किम्बदन्ती फेला पर्दछ र त्यहीँबाट यो पर्वको सुरुवात भएको मानिन्छ । तिजगीतका जननी महिला भएको र त्यहीँबाट यो पर्वको सुरु भएको हो । तिज महिलाहरूको मात्र विशेष महत्त्वको पर्व भएकाले यसको धामिक महत्त्वको चर्चा गर्ने क्रममा उक्त कथाको सङ्क्षेपिकृत रूप यसप्रकार रहेको छ ।[५०] 'वार्ताक' भन्ने धर्म ग्रन्थमा उल्लेख भएअनुसार सर्वप्रथम तिजको व्रत पार्वतीले महादेवलाई पति पाउने आशामा गरेकी थिइन् । पार्वतीले आफ्नो हृदयमा महादेवलाई पति वरण गरी बसे पनि उनका पिता हिमालय पर्वतले उनेका विवाह विष्णुसँग गरिदिने निधो गरेकोले आफ्नो इच्छा पूर्ण नहुने देखेपछि सखीसँग उपाय सोध्दा उनै सखीले बिहेका दिन लुकेर बस्ने सल्लाह दिनुका साथै आफैले पार्वतीलाई हरेर लगी अन्कन्टार ठाउँमा लुकाइदिइन् । पार्वतीले त्यहीँ ठाउँमा निराहार बसी शिवजीका नाउँमा कठोर व्रत लिइन् । जुन ब्रतबाट शिवजी प्रभावित भई त्यहीँ ठाउँमा आएर पार्वतीलाई बिहे गरे । त्यसैबेलादेखि पार्वतीको कष्टमय व्रतको स्मरण तथा शिवजीलाई पानउने उनको चाहना पूर्ण होस

---

[४९] अङ्गदमणि गौतम , **पूर्ववत्**, पृ. १३३-१३४ ।

[५०] पुण्यरत्न बज्राचार्य, **हाम्रो चाडपर्व**, (काठमाडौं: रत्नपुस्तक भण्डार), २०४३, पृ. ४७।

भनी हिन्दू नारीहरू तिजको दिन व्रत बस्न थाले । त्यस्तै आलि (साथी)हरूले पार्वतीलाई हरित (हरण गरे, लुकाए) र पार्वतीले महादेवको तपस्या गरी उनलाई खुसी तुल्याएर महादेवसँग नै विवाह गरिन् । साथीहरूले पार्वतीलाई लुकाएको मुल घटनाबाट नै हरितालिका नाम रहेको 'आलिभिर्हरिता यस्मादतः सा हरितालिका'-भविष्यत पुराण हरितालिका व्रत कथा[५१] यसका साथै महत्त्वका सन्दर्भमा सोही वर्ताक नामक ग्रन्थमा यस पर्वमा स्नानादि कार्य गरी शुद्ध भई निराहार भएर व्रत लिई रातमा श्रद्धा भक्तिका साथ शिवजीको मन्त्र जपी आवरण देवतासहित गौरी र शंकरको पूजा गरेर रातभर जाग्राम गर्नाले जन्मजन्मान्तरको पाप नास हुन्छ, सौभाग्य वृद्धि हुन्छ र सन्तानको समेत जय हुन्छ । फेरि जुन स्त्रीले निराहार नबसेर केही खान्छे भने सात जन्म बाझी विधवा, पुत्रशोक र गरिब भई नरकवास गर्नुहुन्छ ।[५२] यसरी तिजको बारेमा धार्मिक महत्त्व रहेको बताइएकोले नेपाली नारीहरू सोही विश्वासमा अघिल्लो दिन घरमा गएका चेलीहरू पनि माइतमा भेला भई विविध परिकार बनाई रातिसम्म रमाइलो गर्दै खाने गर्दछन् जसलाई दर खाने भन्ने गरिन्छ । अर्को दिन अर्थात् तृतीयका दिन सबेरै उठेर स्नानादि गरी आफ्नो ठाउँको रीतिस्थितिअनुसार पूजा मण्डप बनाई शिवजीको पूजा गर्छन् र रातभरि जाग्राम बस्छन् र भोलिपल्ट उपचाराङ्ग पूजा बिसर्जन गरेपछि मात्र भोजन गर्दछन् ।

यसरी हरितालिकाको धार्मिक सन्दर्भलाई उपयुक्त किसिमले चर्चा गरिए पनि त्यो आफैमा पूर्ण भने देखिँदैन । यसको अर्को महत्त्वपूर्ण र लोकसाहित्यसँग सम्बन्ध पक्ष हो तिजगीत र यसको गायनपरम्परा । वास्तवमा नेपालीहरू तिजलाई धार्मिक दृष्टिले महत्त्वपूर्ण मान्दामान्दै पनि यसलाई आफ्ना मनका उत्सुकता, खुसियाली र वर्षभरि मनमा गुम्सिएर रहेका मानसिक पीडा र छटपटीहरूलाई कसैको त्रास विना स्वतन्त्र भएर व्यक्त गर्न पाउने पवित्र दिनका रूपमा पनि लिएको पाइन्छ । सबेरै उठेर आफ्नो धार्मिक क्रिया समाप्त गरी सकेपछि कुनै सार्वजनिक स्थलमा जम्मा भएर तिनै

---

[५१] मोतीलाल, पराजुली, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरु,** (काठमाडौंःसाझा प्रकाशन २०६३), पृ. १३६।

[५२] पुण्यरत्न बज्राचार्य, **पूर्ववत्,** पृ. ४७।

आफ्ना मनभित्र उठेका भावनाहरू धार्मिक विषय तथा हाम्रो जस्तो पुरुष-प्रधान समाजले नारी वर्गलाई दिएको प्रताडना, अन्याय, अत्याचार, नारी नारीप्रति गर्ने दुर्व्यवहार, सामाजिक विसङ्गति तथा घरायसी पीडालाई आफ्नो सुरिलो भाकाले सुललित लयमा सजाएर थपडीको तालमा गाउँदै नाच्दे रमाइलो गर्छन् । तिज गीत मात्र नभए नृत्य पनि भएकोले तिज नृत्यलाई व्रतमा आधारित नृत्य, मुक्त नृत्य र हमक्याइलो नृत्य गरी तीन किसिमले वर्गीकरण गर्न सकिन्छ । [५३]

## ३.६ नामकरण र गायनपरम्परा

वास्तवमा तिजगीतको नामकरण तिजकै दिनको सन्दर्भमा गरिएको पाइन्छ । विशेषतया तिजकै अवसरमा गाइने एकप्रकारको पर्वगीत भएकाले तिजकै नामबाट नामकरण हुन उपयुक्त पनि ठहर्छ । नामकरणको सन्दर्भलाई यतिमात्र टुङ्ग्याएर यसको गायनपरम्पराको ऐतिहासिकतातिर लागौं । तिजगीतको गायनपरम्परा कहिलेदेखि सुरु भयो भन्ने प्रश्नको समाधान त्यतिबेला सम्भव छ जतिबेला लोकसाहित्यका स्रष्टाको हुन् ? भन्ने पश्नको समाधान हुन सक्छ । वास्तवमा यी दुई प्रश्नको समाधानतिर लाग्नु एकातिर समयको वर्वादी मात्र हो भने अर्कोतिर उपलब्धिको रूपमा हातमा शुन्यता बाहेक अरू हात लाग्दैन । किन कि जुन समय मानिस वाणीको उपासक बन्न सक्ने भयो । त्यस समयदेखि नै आफ्नो सुख-दुःख व्यक्त गराउने माध्यम सङ्गीत सरस्वतीलाई अपनाउन थालेको हुन सक्दछ ।[५४] अझ भन्ने हो भने लिपिको विकास हुनुभन्दा अगावै मानव समाजले आफ्ना मनको हाँसो, रोदन, दुःख-कष्ट, हर्ष-विस्मातलाई आफ्नो वाणीको माध्यमबाट गेयात्मक तरिकाले व्यक्त गर्न थालेको मानिन्छ । यसरी हाम्रो लोकसाहित्यको विकास अज्ञात समयदेखि मौखिक परम्परामा एकपुस्ताले अर्को पुस्तालाई सुनाउँदै गर्दा केही थपिने केही घट्ने क्रमसँगै आजको अवस्थामा आएको कुरामा विद्वान्हरू एकमत छन् । त्यसकारण लोकसाहित्यको एउटा विधा लोकगीत भएकोले सोको गायनपरम्परा पनि हाम्रो सभ्यता, संस्कृति तथा

---

[५३] मोतीलाल, पराजुली, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरु,** (काठमाडौंः साझा प्रकाशन २०६३), पृ. १३६।

[५४] थापा र सुवेदी, **पूर्ववत्**, पृ. ६१ ।

लोकजीवन जत्तिकै प्राचीन मान्नुपर्छ । वास्तवमा प्रकृतिको उद्दामछटामा एकाएक जो मानवभावना प्रस्फुटित भयो वस्तु प्रथम अवस्थाको त्यहीँ उल्लासमय तथा सङ्गीतमय उद्‌गार नै लोकगीत हो[५५] र यसैको परम्परा पनि लोकगीत जत्तिकै प्राचीन छ । अर्थात अर्को शब्दमा भन्ने हो भने नेपाली लोकसमाजले जहिलेदेखि विभिन्न चाडपर्व मनाउने क्रममा तिज पर्व मनाउन थाल्यो त्यति बेलादेखि नै तिजका गीतको गायन परम्परा चल्दै आएको हो भन्ने कुरा मान्नुपर्ने देखिन्छ ।

गुल्मी जिल्लाको सबै गा.वि.स. मा साउने संक्रान्तिको दिन बेलुका लुतो फालेर, मिठो खाएर रमाउँदै एक घरमा जम्मा भएर महिलाहरू तिज गीत गाउन सुरु गर्दछन् । त्यसपछि घाँस, दाउरा वनजङ्गल गर्दा पनि तिजगीतको गायनलाई महिलाहरू निरन्तरता दिन्छन् । कृष्ण जन्माष्टमीको दिन उपवास बसी, भगवान श्रीकृष्णको पूजा आराधना गर्दै उनैको महिमा गायन गर्दै रातभरि जाग्राम बस्छन् । कृष्ण जन्माष्टमीको दिनलाई यहाँ सानो तिज' भनेर मनान्छन ।

विशेष रूपले तिज गीतको महत्त्व तिज अर्थात हरितालिका पर्वमा रहन्छ । यसलाई यहाँ ठूलो तिज भन्ने प्रचलन रहेको छ । उक्त पर्वमा महिलाहरू आ-आफ्नो माइत  जान्छन् । हरितालिकाको अघिल्लो दिनको पनि यहाँ विशष महत्त्व रहेको छ । तिजको अघिल्लो दिनलाई यहाँ एकभौती भनिन्छ । उक्त दिन महिलाहरू माइतघरमा राति अबेरसम्म मिठोमिठो खानेकुरा खाँदै नाच्ने, गाउने गर्दछन् । तिजको दिन महिलाहरू श्री महादेवको पूजा आराधनामा निराहार व्रत बसी पतिको दीर्घायुको कामना गर्दै एक निश्चित सार्वजनिक स्थलमा जममा हुन्छन् ।

यसपछि आ-आफ्नो समुहमा वाद्यवाधनसहित तिज गीतको गायन र नृत्य सुरु हुन्छ । मलिाहरूले तिज गीतलाई आफूले वर्ष दिनभरिमा भोग्नु परेका दुःख पीडा व्याथा वेदना पोख्ने अवसरको रूपमा सदुपयोग गर्दछन् ।

---

[५५] **ऐजन** , पृ. ६१ ।

## ३.७ निष्कर्ष

लोकसाहित्यका विभिन्न विधा उपविधाहरूमध्ये सबैभन्दा लोकप्रिय विधाको रूपमा रहेको लोकगीत लोकभावनाको मौखिक वा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको मौखिक अलिखित साहित्य हो लोकगीत । लोकगीत हुनको निम्ति भाव वा विचार, उद्देश्य, भाषा, शैली, थेगो र रहनी आदि कुरा अत्यावश्यक पर्दछन् । नेपाली लोकगीतलाई विषय, संरचना, लय, भाका आदिका आधारमा वर्गीकरण गर्ने गरिन्छ । विशेष गरी लोकगीतमा पनि संस्कार गीत र बाह्रमासे गीतहरू धेरै लोकप्रिय रहेको पाइन्छ । त्यही संस्कार गीतअन्तर्गतको पर्वगीतको रूपमा तिज गीतलाई लिन सकिन्छ । नेपाली हिन्दू नारीहरूको महान पर्व हरितालिकाको अवसरमा गाइने गीतलाई तिज गीत भनिन्छ । नेपालको भौगोलिक विविधतासँगै तिज गीतको गायनपरम्परा पनि फरक फरक ठाउँमा फरक फरक प्रकारको रहेको छ । गुल्मी जिल्लाको सन्दर्भमा जित गीतको छुट्टै गायनपरम्परा रहेको पाइन्छ । नेपाली महिलाहरूले वर्षदिनमा आफूले भोग्नु परेका पीडा, वेदना, नारी बुहार्तन, राजनीतिक चेतना र नारी विद्रोहका स्वर गुल्मेली तिज गीतका विशिष्ट विशेषता हुन् ।

# परिच्छेद चार

## गुल्मी जिल्लामा प्रचलित तिजगीतको सङ्कलन वर्गीकरण र विश्लेषण

गुल्मी जिल्लाका परिप्रेक्ष्यमा तिज गीतको गायन परम्परा अन्य स्थानको भन्दा लामो रहेको छ । यहाँ साउने संक्रान्तिको दिनबाट गाउन सुरु गरिन्छ र त्यो सोह्रश्राद्धको अन्तिम दिनसम्म कायम रहन्छ । साउने संक्रान्तिबाट घाँस, दाउरा, वनजङ्गल गर्दा गाउन सुरु गरिने तिजगीतको रौनक कृष्ण जन्माष्टमीको दिनबाट बढ्दै जान्छ र हरितालिका तिजको दिन त्यसले चरमोत्कर्ष प्राप्त गर्दै ऋषिपञ्चमीबाट विस्तारै घट्दै गएर सोह्र श्राद्धको अन्तिम दिन समापन हुन्छ ।

यसरी गाइने गीतहरूमा घरपरिवार, सासू ससुरा, नन्द-देवर, पति र समाजबाट ब्योहोर्नु परेको बुहार्तन नारी वेदना, नारी चेतना, प्राकृतिक, सामाजिक सांस्कृतिक, राजनैतिक, रीतिरिवाज र चालचलन आदि विषयवस्तुहरू हुने गर्दछन् ।

### ४.१ तिज गीतको सङ्कलन

**१**

*दैलामुनि केही बाबा ठूलो रूख वडर*
*धेरै छोरी छन् भनेर हेला नगर ।*
*जति छोरी भए पनि आफ्नै कर्म खाने हो ।*
*रुँदैं रुँदैं पराइका घर जाने हो ।*
*रुँदैं रुँदैं गएर पिँढीमा बस्ने हो ।*
*कसको मुख हेरेर भित्र पस्ने हो ।*
*स्वामी मुख हेरौं भने खुन खाएका बाघ झैं*
*सासू मुख हेरौं भने बाल्ने आगो झैँ*
*नन्द मुख हेरौ  भने नुन खाएको ढुकुर झै*
*देवर मुख हेरैं भने भुक्ने कुकुर झैं ।*

*मकै पिस्न जानुपर्छ गाउँलेको जौंतोमा*

*मकै पिसीआउनपर्छ मध्यरातैमा ।*

*मकै पिसी आउँदा खेरी घरका जहान सुतेका*

*बिराला र साङ्लाले भान्सा रुँगेका ।*

*तापकेमा हेर्छु भन्दा मैको (मही) पानी तरेको*

*त्यही पनि खान्छु भन्दा साङ्लो परेको ।*

*कुडीमा हेर्छु भन्दा बिरालाले चाटेको*

*यै हो बाबा म छोरीले सुख काटेको ।*

(स्रोतःगुल्मी जिल्ला वम्घा गा.वि.स. बाक्ले सल्ला निवासी वर्ष २५ की लक्ष्मी ज्ञवालीबाट )

२

*रिसिकेशको मन्दिरमा सुनको गजुर*

*एउटा गीत गाउँछु मैले सुन्नुस हजुर ।*

*बाबाले दिनुभयो ठूलो घर हेरेर*

*म छोरीले बाँचेकी छु आँसु पिएर ।*

*बिहान उठेर दैलो कुचो गरेर*

*भैंसी दुहुनुपर्छ मैले गोबर सोरेर ।*

*दिनभरि जानुपर्छ खेतबारी मेलामा*

*झिमिक्क रात पर्छ आउने बेलामा ।*

(स्रोतःगुल्मी जिल्ला वलेटक्सार गा.वि.स.वडा नं १ सिंदूरे बस्ने द्रौपदा गौतमबाट )

३

*बिस्तारै आएकी यिनै काली गंगा*

*उर्लिदैं आएको खोला बरिलैं ।*

*ट्वाक्क दिल बस्यो मेरो चुरापोते रङ्गमा*

*कति राम्रो पुल बन्यो कालीगङ्गमा ।*

*हामरा घरका सबै कुरा दौलत*

*कसका लच्छिनले होला बरिलै ।*

*भगवान् जस्ता ससुरा हामरा*
*वत्तीसै लच्छिनकी सासू बरिलै ।*
*बाबाले राजेर दिएको घरबार*
*आउँदैन मलाई आँसु बरिलै ।*

(स्रोतःगुल्मी जिल्ला ग्वादी गा.वि.स. वडा नं १ बस्ने वर्ष  २४ की लक्ष्मी पौडेलबाट)

४

*सानो सानो जाली रुमाल हातमा लिई बुन्नुहोस्*
*एउटा गीत गाउँछु मैले सबै सुन्नुहोस् ।*
*म सँगका साथीहरू क्याम्पसमा झुम्मिने ।*
*मलाई भने फुर्सद छैन एकछिन् उभिन्ने ।*
*पढ्ने बेला बाबाले बाखा हेर्न लाउनुभयो*
*आइ. ए. बि.ए. पढेकालाई छोरी दिनुभयो ।*
*घरका सबै पढेका अङ्ग्रेजीमा बोलने*
*म रैचु नबुझेर त्यसै टोलाउने ।*
*अङ्ग्रेजीमा भन्दा रैचन् पानीलाई वाटर*
*नजानेर दिए मैले काँचो कटर ।*
*अङ्ग्रेजीमा भन्दा रैचन् बहिनीलाई सिस्टर*
*नजानेर लाइदे मैले नरम बिस्तारा ।*
*अङ्ग्रेजीमा भाइलाई भन्दा रैचन् ब्रदर*
*नजानेर दिए मैले ओढ्ने च्यादर*
*नपढेकी छोरीलाई पढेकालाई दिनुभो*
*म एउटी छोरीको पाप लिनु भो ।*

(स्रोतःगुल्मी जिल्ला ग्वादी गा.वि.स. वडा नं ३ बस्ने वर्ष  २५ की सावित्री गौतमबाट)

५

*थुङ्गेसरी फूल फुल्यो हत्केलामा छाइछाइ*
*कहाँ जान दौडेकी गंगाजी माइ ।*

*कहाँ मा हो  तिम्रो जनिम भूमि*

*कहाँ मा हो तिम्रो बास बरिलै ।*

*मुक्तिनाथ हो मेरो जनिमभूमी ।*

*गंगासागर हो मेरो बास वरिलै ।*

*एका र दसीमा नुहाउन आएको*

*मुकती हौला भन्ने आश वरिलै ।*

(स्रोतःगुल्मी जिल्ला ग्वादी गा.वि.स. बस्ने वर्ष  ४० की राधा शाहबाट

६

*सीताजीले पानी खानी सुनको जारी*

*आज सीता कहाँ गइन् रामको माया मारी ।*

*लछुमन भैयालाई चौकीदार राखेर*

*सुन मृग मारन गए बरिलैं*

*सुन मृग मारेर फरकेर आउँदा*

*रामको सीता राउन्नेले हर्‍यो बरिलैं ।*

*आज सीता कहाँ गैइछन् भन्नुभयो रामले*

*लङ्काका राउन्नेले लग्यो करिलैं ।*

*छल गर्‍यो राउन्नेले लयो लंकापारि*

*दुःख आपत पर्‍यो वरै कठै बिचरी ।*

*चार सहर तरेर लङ्का सहर चारेर*

*रामकी सीता अजुध्यैमा ल्याए बरिलैं ।*

(स्रोतःगुल्मी जिल्ला ग्वादी गा.वि.स. वडा नं २ थुम्काकी मसुराबाट

७

*ए मेरी सीता छोरी हजुर मेरा पिताजी*

*तिमरो कन्यादान गरम् भनेर ।*

*बाबाले गर्म भने नाइ मैले भन्दिन्*

*जाउ छोरी घर भने जान्न भन्दिन् ।*

*म छोरीको मन थियो बाबा आमा पालने*

*बाबा आमा हेला गरी मलाई फालने ।*

*सानी थिएँ ठूली भएँ आउँछन् सबै मागन्*

*दाजुभाइले दिनेछैनन् यत्ति आँगन् ।*

*बेकार रै छ दिदीवैनी माइत दुःख गरन*

*दाजुभाइले दिने छैनन् साग छरन ।*

*बाबाले पानी खानी चाँदीको करुवा*

*के गर्ने त छोरीको कर्म हरूवा ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार,वडा नं २ सिदूरेकी वर्ष ४० की विष्णुकुमारी गौतमबाट)

८

*तिजका खाजा मीठा पोलेका तामाले*

*नरोउ भान्जी लिन आम्ला भन्थे मामाले ।*

*मामा आउँछन् भनेर चौपारीमा बसेर*

*किन आउँथे हाम्रा मामा माइजु छोडेर ।*

(स्रोतःगुल्मी जिल्ला ग्वादी गा.वि.स. वडा नं २७ सीमा पौडेलबाट

९

*सुन्नुहोला बुबा आमा सुन्नु होला समाज*

*छोरीको वेदना भन्छु म आज*

*आफू भन्दा सानो भाई जान्छ झोला बोकेर*

*म छोरीलाई मेला पात स्कूल रोकेर*

*मेलाबाट आउँदा खेरि आमा लाग्छिन् फकाउन*

*जाउन छोरी भित्र तिमी खाना पकाउन*

*भित्र जाँदा न त आँगो न घैँटोमा पानी छ*

*छोरा बन्छन् राजा भन्दा ठूला मानिस*

*आमा दिन्छिन् छोरालाई चनाभुजा थालमा*

*म छोरीलाई टकाइदिन्छिन् मकै डालामा*

*साँझ खाने खर्छ, छैन भाउजू गइन पिसन*
*दाजी मेरो मुखमा हेरी थाले रिसाउन*
*के काम छ र ? बैनी तिम्रो जाउन जाँतो समाउन*
*भाउजूले कुट्ने पिस्ने छैनन् जमाना*
*जति धउ भए पनि पिस्नै परो करले*
*भोकै वन जानु पर्ला भन्ने डरले*
*कति दु:ख हुँदो होला पिँजडाको चरीलाई*
*दु:ख पोख्ने ठाउँ छैन हामी छोरीलाई ॥*

(स्रोतः गुल्मी जिल्ला दिगाम गा.वि.स.निवासी वर्ष निर्मला पन्थीबाट)

१०

*एउटा गीत गाउँछु मैले तिजको बेलामा*
*सतीदेवी महादेवको अपहेलना*
*दक्षप्रजापतिले कोटि होम लगाए*
*तेत्तीसकोटि देवतालाई निम्ता पठाए ।*
*जेठी छोरी ज्वाइँको चासो उनले लिएनन्*
*सत्यदेवी छोरीलाई थाहा दिएनन् ।*
*सत्यदेवी महादेव पासा खेल्न लाग्नु भो*
*त्यसैबेला नारदमुनि कैलास पाल्नु भो ।*
*नारदमुनि आउनुभयो समाचार बोकेर*
*सत्यदेवी रुनुभयो छाती ठोकेर ।*
*आफ्नो जिद्दी गरेर स्वामी बिदा मागेर*
*बाबाको कोटिहोम हेर्न भनेर ।*
*नजाऊ नजाऊ सत्यदेवी होला तिम्रो घटना*
*सक्ने छैन यज्ञ देख्दा मन खटाउन ।*
*आफ्नो जिद्दी गरेर स्वामी बिदा मागेर*
*जानुभयो नारदजीका अघि लागेर*

*ए बाबा हजुरको के बिराम गरैं र ?*

*यज्ञ गर्नुभयो मलाई पाखा सारेर ।*

*सुहाउँदैनन् तिम्रा पति यज्ञमा राखन*

*त्यहीँ भएर नगएको तिमीलाई डाकन ।*

*कति हेलाँ गर्नुभयो सत्यदेवी छोरीलाई*

*कति हेलाँ गर्नुभयो महादेवलाई ।*

*तीन पटक सम्मन शिव शिव भन्नु भो*

(स्रोतःगुल्मी जिल्ला रूरू गा.वि.स. वडा नं १ मुडकुवाकी सम्झना ज्ञवालीबाट)

११

*माथिबाट के चरी झऱ्यो*

*बरिलै हरियो बिउ खान ।*

*हाम्रा बाबाले छोरी दिन जानेन्*

*बरिलै दाङ छोडी प्युठान*

*प्युठानमा घिउ खान पाइएन*

*बरिलै लेउ आमा घ्यू खान*

*घ्यू खान दिन्नौ भने आमा*

*बरिलै जाऊ आमा प्युठान*

१२

*ए बाबा हजुरको म छोरो भए त*

*विदेशमा जाने बेला भयो ऐले त ।*

*छोरी भई जन्म लिएँ सधैं दुःख देखन्*

*सकिन बुबा मैले आँसु रोकन ।*

*घरमा भन्छन् मलाई काम नगर्ने बुहारी*

*मेरो जीवन बिताउने हो अब के गरी ।*

*विवाह भयो मेरो बालख कालमा*

*पढ्ने चलन त्यति थिएन हाम्रो पालामा ।*

*पढ्ने चलन थिएन एस. एल. सी. त गरियो*

*आजको जमानामा पछि परियो ।*

*वल्ली खोली पल्ली खोली खोलीको शिर छैन*

*त्यही भएर होला मेरो मन स्थिर छैन ।*

*बाबाको होम खाडीमा हाम फाल्नु भो ।*

(स्रोतःगुल्मी जिल्ला रूरू गा.वि.स. रिडी बजारकी निर्मला गौतमबाट)

१३

*मैनावारी पैसा खोजी बेसाहा किनी खाने हो ।*

*तिनी पैसा सकिएर कहाँ जाने हो ।*

*छोरो रुँदैं दलान त छोरी रुँदै आँगन*

*साहु फेरि आइसके पैसा मागन ।*

*डबल चिया बनाए त यही बसेर खानेछु*

*भोलि पैसा नदिए त गाग्री लानेछु ।*

*विन्ती गर्छु साहुजी हजुर डबल चिया बनाउँछु*

*एक महिनाको भाखा पाउँपैसा कमाउँछु ।*

*एक महिनाको म्याद दिइस त्यति हेरौंला*

*महिनसहित व्याज पनि सङ्गै भरौला ।*

(स्रोतःगुल्मी जिल्ला वलेटक्सार गा.वि.स. वडा नं १ सिदूरकी ५५ वर्षीय गौतमबाट)

१४

*शिर लाउने शिरै फूलमा मैले बुट्टा भरिन*

*पुलबाट झरे पनि झण्डै मरिन ।*

*बाबा र ससुरा मेरै खोजमा जानुभो*

*ढुङ्गे मुनि धाँधरीमा फेला पर्नु भयो ।*

*बाबाले भन्नुभयो छोरी मेरो यिनै हुन्*

*ससुरले भन्नुभयो गहना मेरै हुन ।*

*बाबा त लाग्नु भयो झम्टेर रुन*

*ससुरा लाग्नु भयो गहना धुन ।*

*बाबाले भन्नुभयो दान पुण्य गर्ने हो*

*ससुराले भन्नभयो विहा गर्ने हो ।*

(स्रोतःगुल्मी जिल्ला टिमुवा गा.वि.स. निवासी। देउकी लामिछानेबाट)

१५

*पहिले पहिले सत्य युगमा राज्य थियो हामरो*

*अहिले हामी नारीलाई कति नराम्रो ।*

*मिलीजुली सिकार खेल्थे खान्थे सबै बाँडेर*

*खेतीपाती गर्न लागे जगंल फाडेर ।*

*विस्तारै समाजमा भेद देखियो*

*धर्म र कर्मको पुराण लेखियो ।*

*गाई भैंसी बाँधे सरी माला पोते वेरियो*

*जोत्ने गोरु सरि नै कान छेडियो ।*

*आजदेखि भेरी मऱ्यौ भन्ने रातो सिन्दुर*

*निधारमा ठोकियो लाल मोहर ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं २ चौलाराकी सावित्रा गौतमबाट)

१६

*उठौं उठौं नारी अब डराउन पर्दैन*

*एकमात्र हातले ताली बज्दैन ।*

*एक हात पुरुष त एक हात नारी*

*पाउनुपर्छ अधिकार बराबरी ।*

*हिँड्नुपर्छ हामी अब परम्परा तोडेर*

*हामीलाई दबाउनेको जरै गोडेर ।*

*हामी पनि पढ्न सक्छौं आई.ए. बी.ए. डाक्टरी*

*हामी पनि गर्न सक्छौ सबै नोकरी ।*

*हामी पनि यो देशका एक पाङ्ग्रा होइनौं र*

*यो देशको रक्षा गर्ने हक छैन र ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं २ सिदुरेकी अजिता गौतमबाट)

१७

*सररर रानी चरी उड्यो - चिसो हिमालमा*
*छोराभन्दा छोरी हेला हाम्रा नेपालमा ।*
*सुन्नुहोला बुबाआमा सुन्नुहोला दाजुभाइ*
*के तिमीले जन्माएको होइनं हामीलाई ।*
*उही कोखमा जन्मिएर उही कोखमा बढेर*
*ठूला हुन्छन् दाजुभाइ धेरै पढेर ।*
*जाऊ छोरी स्कुलमा नभन्ने आमाले*
*हाम्रो जीवन बित्ने भयो घरको कामले ।*
*दाजु भए इन्जिनियर भाइ भए डाक्टर*
*हामी छोरी सधैंभरि घरको नोकर*
*प्रधानमन्त्री भइकी थिइन भारतमा इन्दिरा*
*उनी पनि हामी जस्तै छोरी हैनन र ।*
*भृकुटी र सीता पनि हामी जस्तै नारी हुन*
*संसारको इतिहासमा सधैं अमर छन् ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं १ निवासी गीता आचार्यबाट)

१८

*स्वागत गर्छु मान्यजनलाई नमस्कार,*
*लिएका छौं रक्सी नखाऊ भन्ने समाचार ।*
*दाजुभाइकी एउटी बहिनी माया गर्थे मलाई,*
*आज याद आउँछ भित्र मुटु जलाई ।*
*बाबाले दिनुभयो दामी घर रोजेर,*
*बाह्रैमास खानुपर्‍यो खर्च खोजेर ।*
*छोरा भन्छ खान पाइन छोरी भन्छे लगाउन,*

*मलाई सधैं हत्तार हुन्छ आँसु बगाउन ।*
*छोराछोरी जन्माएर ठूलो आपत पुग्याछ,*
*दिनदिनै घरमा खर्च बढ्या बढ्यैछ ।*
*न त यिनलाई शिक्षा-दीक्षा यो अहिलेको जमाना,*
*शिक्षा-दीक्षा  दिन पाइयोस् यही छ कामना ।*
*खाना खान्छु दिनरात आँसु मात्र झारेर,*
*जँड्याहालाई दिए बाले ठिक्क पारेर*
*छोरी भन्छे आमा म त कलेज पढ्न जान्छु है,*
*केही पैसा रिन खोजेर भर्ना गर्न लान्छु है ।*
*चाडबाडमा सबको घरमा मिठो खाना जुटाउँछन,*
*हाम्रो घरमा स्वामीज्यूले हल्ला पिटाउँछन ।*
*जानुपर्ने साहुको मेला यो तिजको बेलामा*
*जाँड खाने सिरीमानको म त सधैं हेलामा ।*
*छोरा भन्छ बाबा मलाई  शिक्षा दिनोस् भनेर,*
*स्वामी हिँड्छन् भट्टीको हिरो बनेर ।*
*मिठो बोली परै जाओस् हेराई पनि हुँदैंन,*
*स्वामी यसो गर्दा मन किन रुन्दैंन ।*
*खान लाउन नपाएनी मीठो बोली चाहिन्थ्यो,*
*यतिमात्रै भए पनि सन्तोष भइन्थ्यो ।*
*वर्ष दिनको चाडमा नाङ्गै बुङ्गै हुनु छ,*
*स्वामी हिँड्छन् मोज मस्तीमा आफू रुनु छ ।*
*रक्सी खाने स्वामीबाट माइतीको नि बिरानी,*
*मध्यरातमा रुँदा मेरो भिज्छ सिरानी ।*
*माइती घर जाँदा पनि सबै जना हाँस्छन् ,*
*जड्याँहाकी सिरीमती आई भनेर नाम गाँस्दछन् ।*
*अमूल्य यी आँसु झारी सारा शरीर रुझाउने,*

*के गरेर होला मैले मन बुझाउने ।*
*रक्सी नखाओ भन्ने नारा लाउँछु म त हरे,*
*जाँड खाने सिरीमानसँग कोही नपरे ॥*

(स्रोतः पूर्व नारीहरूको यथार्थतामा तिज : पूर्ण न.पौडेलबाट)

१९

*धौले घरको भित्र पस्दा शिरफूल मेरो भाँचियो*
*आजु दिनैमा ।*
*सिरफुल मेरो भाँचियो ।*
*आजु दिनैमा*
*हाम्री नन्द छुरमुखाले, भित्र कुरा लाइछन् , है*
*आजु दिनैमा*
*भित्र कुरा लाइछन् है ।*
*आजु दिनैमा*
*हाम्री सासु जब्बरसाँडा लाच्छेलुच्छे पारिन है*
*आजु दिनैमा ।*
*लाच्छे लुच्छे पारिन है*
*आजु दिनैमा ।*
*एकै रातलाई माइत पठाउ*
*सिरफुल मैले ल्याउचु है*
*आजु दिनैमा ।*
*सिरफुल मैले ल्याउचु है आजु दिनैमा*
*हाम्रा बाबा कस्ता छैनन्*
*मरिदका छोरा हे आजु दिनैमा*
*मरिदका छोरा है आजु दिनैमा ॥*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं १  निवासी धनकुमारी गौतमबाट)

२०

*शिरै लाउनी शिरफुल लाऊ छोरी पियारी*
*रुँदै रुँदै विरानो देश जाऊ बरिलै ।*
*बाबाले भात खाने ठूलो थाल चरेस*
*छोरी भए भनेर नखाऊ हरेशमा ।*
*पढ्छु बाबा एम.ए.बी.ए मैले कम्मर कसेर*
*गर्छु देशको विकास माइत बसेर ।*
*पाल्छु मैले मातापिता छोरोसम्म ठान्नुहोस्*
*छोरी पनि छोरो रै छ भन्ने जान्नुहोस् ।*

(स्रोतःगुल्मी जिल्ला वम्घा ६ वादीकी ५० वर्षीया सरस्वती ज्ञवालीबाट)

२१

*शिरफुल लगाएर चौपारीमा बसेकी*
*नानी तिम्रो जोवानले डाली नुगायो ।*
*हामरो जोवानले हैन डाली नुगेको*
*आफ्ना रसले आफैं नुगेको ।*
*आँखा छ ! पियारीका परेवाको जस्तै*
*बोली छ पियारीको मैनाको जस्तै ।*
*कम्मर छ पियारीको बारुली परेको ।*
*हिँडाइ छ पियारीको हिस्सी पेरेको ।*
*वुद्धि छ पियारीको सोरे अक्कल ॥*

(स्रोतःगुल्मी जिल्ला रूरू १ भदुकाकी ३० वर्षीया सम्झना ज्ञवालीबाट)

२२

*सुन्नुहोला दाजुभाई सुन्नुहोला समाज*
*एउटा गीत गाउँछु मैले सुन्नुस है आज ।*
*आँखा भरि आँसु छ गाउँकी चेलीको*
*के गाथा सुनाउँ खै नागवेलीको ।*

*दिनभरि काम गऱ्यो रातमा खाने सराप*
*रक्सी खाने स्वामी परे यही छ खराब ।*
*जति काम गरे पनि नारीले जस पाउँदैनन्*
*रातको १२ बजे सम्म खान पाउँदैनन् ।*
*बाबाले दिएको घरैमा बसेको*
*कस्तो कर्म रैछ खरानी घसेको ।*
*चुलोपोतो गर्दा खेरी मध्यरात भइदिन्छ*
*मेरो दुःख देखेर को पो रोइदिन्छ ।*
*जति रुनी रोइदिन्छु अरू किन रुने हो*
*थाहा छैन मेरी आमा के - के हुने हो ।*
*बलिनधारा आँसुले चोली पनि रुझाउने*
*के गरेर मेरी आमा मन बुझाउने ?*

(स्रोतःगुल्मी जिल्ला ग्वादी गा.वि.स.-१ लम्छकाकी २४ वर्षीय लक्ष्मी पौडेलबाट)

२३

*घरबारे छारीको परिवार कस्तो छ*
*सौतेनी आमाले हेपे जस्तो छ ।*
*बाहिर देख्नलाई घर मेरो हिरा छ*
*भितर यो मनमा ठूलो पीर छ ।*
*सबैले देख्दा रैछन लाएको र खाएको*
*कसैलेनी देख्दो रहिन्छ यो मन रोएको ।*
*बाबाले दिएको दोसल्लाको पछ्यौरी*
*धोबी नभइ साबुनले धुन्न बरिलै ।*
*घर पनि नहेरेर दिनुभयो बाबाले*
*त्यो घरमा जुग जाने छैन बरिलै ।*

(स्रोतःगुल्मी जिल्ला थानापति ३ की ३५ वर्षीय सीता के.सींबाट

२४

*कंसधरले मधुरामा हुनहार जग्गे लगाए*
*किरिस्न भानिजलाई निम्ता पठाए ।*
*अझै पनि कंसधरलाई कही ईख रैहिछ*
*संगेनी फुल लिन उनलाई पठाए ।*
*अलिपर जँदाजाँदै गरुन मेरा मितेरी*
*क्यै कुछ पर्ला मलाई थाहा दिए है ।*
*संगेनीको फुल लिन भितर जाँदा*
*सानै वैदनी संगेनीले देखे बरिलै ।*
*चढेका र बढेका रैछौ बालै कृस्न*
*काली नाग उठेपछि डस्छन् बरिलै ।*
*खान्छु खान्छु भनि पैतालामा बेरिए*
*खै त मलाई के गरे काली नागले ॥*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार१ सिदुरेकी  ५४ वर्षीया यमकला गौतमबाट)

२५

*खोलापारि भिनाजु त साली माग्न आएका*
*सत्रसय रुपियाँको पोको पारेका ।*
*भिनाजुका गफ सुनी बाबा भए फुरुक्क*
*मैलै छोरी दिएँ भन्दै उठे जुरुक्क ।*
*वैशाखका सत्र गते लगन लेख्न तयार*
*म सानो बालखले पाइन गुहार ।*
*गहना मागे शिरबाट पाउसम्म तयार*
*जन्ती मागे दमाइ समेत एक हजार ।*
*गोठका भैसीं बेची जन्ती भोज खुवाएका*
*खेतबारी बेचेर गहना बनाएका ।*
*शिरै लाउने शिरफुल टक्सारको बजारमा*

*फाट्टफुट्ट फूली मुन्द्री मेला पातमा ॥*

(स्रोतःगुल्मी जिल्ला गदिगाम १, श्रृंगाकी  रूप मगन्ती कँडेलबाट)

२६

*चौपारीमा वसम भने हररर वरको पात*

*कहाँ गएर भनम मैले यो मनको बात ।*

*बाबासँग भनम् भने बाबा स्वर्गे हुन भो*

*आमासँग भनम भने पहिले रुनु भो*

*दाजीसँग भनम भने भाउजूले मुख खेलाउने*

*लिन आउने दाजीलाई भाउजू रोकने*

*भैयासँग भनम भने बुहारीकै खटन*

*कहिलेकाही आउँदा पनि लाउँछन् वचन*

*दिदी बहिनी भनम भने पूर्व, पश्चिम उत्तर*

*हरे शिव! यो देशमा मेरो को छ र ॥*

(स्रोतःगुल्मी जिल्ला ग्वादी-३ शाहीटोलकी ३० वर्षीय यश्मा शाहबाट)

२७

*हाम्रा बाबाको नाम मात्र चलेको*

*म छोरीको खोजी खबर छैन बरिलै*

*पूजा आजा गरे हुन तिथि सराद गरे हुन*

*म छोरीको खोजी खबर छैन बरीलै ।*

*वर्ष दिनको तिजमा लिन भन्दै आउलान्*

*दु:ख पाउन पर्दैन घरै बसम्ला*

*घरैमा बसौला खवाखीर खाउँला*

*शिरबाट पाउसम्म लाम्ला बरीलै*

*आमा भैं मानुला खाना दिने सासूलाई*

*रुमालले पुछौंला आउने आँसुलाई*

*सासूले पकाएको कति मिठो भोजन*

*किन पऱ्यो तिजमा माइती सम्झन ॥*

(स्रोतःगुल्मी जिल्ला ग्वादी-३ शाहीटोलकी ३० वर्षीय यश्मा शाहबाट)

२८

*कहाँ जान्छौ रानी चरा वगाल*

*बरिलै भगवान्लाई भेट्न ।*

*भगवान्लाई भेट्न के पाहुर चाहिन्छ*

*बरिलै त्यति मलाई बताइदेऊ ।*

*एकुमा चाहिन्छ श्रीखण्ड र चन्दन*

*बरिलै दोसरी वेलपत्र ।*

*कुन बेला जान्छौ कुन बेला आउँछौ*

*बरिलै कुन बेला गर्छौ ध्यान ।*

*मध्यरातमा जान्छु बिहानै आउँछु*

*बरिलै त्यही बीचमा ध्यान गर्छु ।*

*भगवान्लाई भेटी के पाहुर ल्यायौ*

*बरिलै फूलपाती अक्षता ॥*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार-१, सिदुरेकी ममतामयी माता बालकुमारी गौतमबाट)

२९

*शिरै लाउने शिरफुलमा भारी पथ्थर झललल*

*रूपाकोटका घर जति उँधै सलल ।*

*गररर पैह्रो जाँदा आवै बाबै भने हुन्*

*परान जाने बेलामा कसो गरे हुन् ।*

*एकुको नास भन्छन् खेती र पाती*

*दोसरी नास भन्छन् बाला केटाटी ।*

(स्रोतःगुल्मी जिल्ला बम्घा बाक्ले सल्लाकी अम्भिका ज्ञवलीबाट)

३०

*२०४६ साल चैतको महिना*
*बहुदल र निर्दलको सुन बयान ।*
*पञ्चायतले गर्नुगर्‍यो मण्डलेलाई पाएर*
*यो गीतलाई गाउनुहोला लय हालेर*
*पञ्चायती व्यवस्थामा नुन तेल पनि पाइएन*
*अब हाम्लाई त्यो व्यवस्था चाहिँदैं चाहिएन ।*
*श्री ५ सरकार भ्रमणमा गएको*
*नेपालमा अकस्ताम क्रान्ति भएको*
*विद्यार्थी र जनता हिँडे राँके जुलुस लिएर*
*पञ्च दाइले छोरा हाले पुलिस लिएर ।*
*वीरका छोरी अघि बढे कति लाठी खाएर*
*वीरगति हुनपर्‍यो गोली लाएर ।*
*राजाले भन्नुभयो बहुदल दिने हो ।*
*मण्डलेले भने बरै ज्यानै लिने हो ।*
*क्याम्पस पढ्ने विद्यार्थीको कति ज्यान लिएको*
*रातिको १२ बजे बहुदल दिएको*
*वीरका छोरा मर्न पर्‍यो पञ्चेदाइले घेरेर*
*बाबु, आमालाई बस्न पर्‍यो तस्वीर हेरेर ।*
*कतिका पुरुष मरे श्रीमतीलाई रुवाएर*
*बहुदलीय व्यवस्थालाई आँधी लाएर ।*
*यो व्यवस्था राख्नलाई हाम्ले कम्मर कस्ने हो*
*यसैको भरमा नै हामी बस्ने हो ।*
*हक हाम्रो बराबरी पर्ने छैन डराउन*
*अन्यायमा पर्‍यौ भने जाउँला कराउन ।*
*सीटमा बसी धनी भए गरिबलाई रुवाएर*

*पञ्चे र मण्डलेले धन खाएर*

*सुन मेरा दिदी बहिनी जय नेपाल भन्दिए*

*जनता चुस्ने पञ्चायत मऱ्यो भन्दिए ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार१ सिदुरेकी अजिता गौतमबाट)

३१

*कति तेल आउँदो रैछ सरसीम र तोरीको*

*२/४ शब्द गीत सुन्नुस हामी छोरीको*

*बिहानै उठेर दाउरा र घाँस पानी*

*स्कुलमा जाँदाखेरि बज्यो दश पनि ।*

*स्कुलमा जाँदाखेरि आधा पाठ पढाउँछन्*

*काम भएन भनेर घरमा कराउँछन् ।*

*कहिले काहीँ धौ भएर घाँसपात नगर्दा*

*सारै दुःख भयो भन्छन् छोरी पढाउँदा ।*

*नपढेका नारीलाई भन्छन् सधैं घोचेर*

*त्यसैले तालु समाई बस्छु सोचेर ।*

*एउटा चिठी आयो भने गाउँभरि डुलाउने*

*त्यसैकारण बाबाले छोरी पढाउने ।*

*दाइजो दिन पर्दैन दुनियालाई देखाउन*

*माया भए पुग्छ बाबा छोरी पढाउन ।*

(स्रोतःगुल्मी जिल्ला थानापति १ ओखलढुङ्गाकी ३१ वर्षीय कोपिला के.सी.बाट)

३२

*आमाले पकाएको चिचिन्डीको तरकारी*

*बाबाले जमाएको दही बरिलै ।*

*मैयामैया भनेर पालेकी छोरीलाई*

*साथ साँगै राखेको खोइ बरिलै*

*नीलो आकाश कालो बादल भँइ कहिले छुन्छ र ?*

*मैयामैया भने पनि बस्न हुन्छ र ।*

*सानो सानो कचौरी त दूध माथि तर लाग्यो*

*जन्म दियौ बाबाआमा पाल्न कर लाग्यो ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार-१ चौलारीकी २५ वर्षीय जया गौतमबाट)

३३

*तम्घासको बजारमा टेक्टरको लाइन*

*रक्सी खाने स्वामीको सुन्तुस बयान ।*

*घरको सम्पत्ति स्वामीज्यूलाई ठिक्क भो*

*सानमिगल वियरले हामीलाई दिक्क भो ।*

*वनमा जाँदाखेरी सालको पात कुहेको*

*मैले लाउने गहना पनि बैंक पुगेको ।*

*मैले लाको मंगलसू रक्सीलाई अड्ना*

*अजै पनि जानुहुन्छ बी.ए. पढ्न ।*

*अलि तल होटलमा रक्सी खाई लडेको*

*के काम लाग्यो स्वामी राजै बी.ए. पढेको ।*

*अझै भन्दछन् वामीले बी. ए. एम. ए. पढिन्न*

*सानमिगेल नखाइकन छाड्दै छोडिन्न ।*

*घाँस खान नपाएर भेडा बाखा कराउने*

*जता गयो स्वामीराजै उतै हराउने ।*

*घरमा आइ भात खाइ चुरोट सल्काउँदै*

*हिँड्छन् अझै स्वामी राजै टाउको हल्लाउँदै ।*

*चुरोट पनि स्वामीलाई रक्सी पनि स्वामीलाई*

*तिउनमा नुन हाल्न छैन हामीलाई ॥*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार १ सिदुरेकी गीता गौतमबाट)

३४

*चाहिन्छ वातावरण स्वच्छ सफा सुन्दर*
*गरौ हामी खाली ठाउँ वृक्षारोपण ।*
*हरियो वन नेपालको धन उक्ति थियो पहिले*
*जताततै उजाड भयो हेरै अहिले ।*
*अक्सिजन दिने जङ्गल मासिएर गइसक्यो*
*हरियाली डाँडाकाँडा उजाड भइसक्यो ।*
*काट्छौ जङ्गल बासस्थान जनवारको तोडेर*
*जनावर भाग्न थाले देशै छोडेर*
*लाखौ हाम्रा वान्यजन्तु लाखौ हाम्रा जनावर*
*लोप भइसक्यो हेरौ न भरखर ।*
*जतातजै वनजङ्गल खोलानाला हजार*
*खोला सुकी हुन लाग्यो हेर बगर ।*
*अमूल्य हाम्री भूमि पहिराले लैसक्यो*
*मरभूमि सरह नै देश भइसक्यो ।*
*वनजङ्गल सखाप भयो पानी पर्न छाडिगो*
*गरिब दुःखी किसानालाई दुःख पर्ने भो ।*
*विश्वले जोड दिएको वनजङ्गल जोगाउन*
*हामी पनि यसकार्यलाई सहयोग गरौन ।*
*जताततै भूक्ष्यले भइसक्यो उजाड*
*छिट्टै सोचौँ अब हामी गरौ विचार*
*जतातजै रूख रोपौ हरियाली बनाइ*
*प्रकृतिको धनी अब बनाऔ यो देशलाई ।*
*गुनुपर्छ देशको विकास फुटी हैन जुटेर*
*यो देश नेपाल सबको साझा भनेर ।*

(स्रोतःगुल्मी जिल्ला ग्वादीकी रूपा पौडेलबाट)

३५

*पशुपतिनाथमा सुनको गजुर*

*एउटा गीत गाउँछु मैले सुन्नुस हजुर ।*

*विकासका गहुँ मकै कुखराले खाएको*

*२०४६ सालमा बहुदल आएको ।*

*आज आउने बहुदल हिजो किन आएन*

*महिला संघको नारीले सुख पाएन ।*

*हिजोसम्म मरिचमानको कस्तो थियो इज्जेत*

*आज बहुदल आउनाले भयो बिजेत ।*

*यो व्यवस्था ल्याउनेलाई धन्यवाद दिने हो*

*महिला पुरुष बराबरी हक लिने हो ।*

*भररर आयो गाली जुनेलाका फुलाझैँ*

*धर्तीभरि रगत बग्यो साउने खोलाझैँ*

*कति आमा रोए हुनन् कति बाला रोए हुन् ।*

*कतिका श्रीमतीले सिन्दूर धोए हुन् ।*

*कति पुरुष हिँड्न पऱ्यो वन जङ्गमा लुकेर*

*कति महिला हिँड्नु पऱ्यो सिन्दूर पुछेर ।*

(स्रोतःगुल्मी जिल्ला वम्घा, रानीबासकी २९ वर्षीय पुष्पा ज्ञवालीबाट)

३६

*बिन्द्रावनका चिरुवा दाउरा*

*कला नामली सरिकाइ देऊ ।*

*बाबा पाली बसुँला भनेको*

*कमला यो सिन्दूर फरिकाइ देऊ ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार, ९ लामोखर्कको अन्जु ज्ञवालीबाट)

३७

*आँगनै माथिको बिहानी तारा*

*झलमल उज्यालो भयो ।*

*उठन उठ जेठी मेरी भाउजू*

*दयाली पोतने बेला भयो ।*

*आज त मेरो जीउ सन्चो छैन*

*आफै ननदूले पोत दैलो*

*त्यत्तिको वचन नलाऊ मेरी भाउजू*

*पोतिमा दिउला दयाली है ।*

*जहाँमा गइन हामरी आमा*

*उहिँमा गयो लच्छिन है ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार, ९ लामोखर्कको अन्जु ज्ञवालीबाट)

३८

*ऋषिकेसका देवताले हात जोडी बसेका*

*कसले गर्ला बरिलै देवताको ध्यान ।*

*फूलबारीमा जाउँला फूलका माला गाँसौला*

*हामीले गरौँला बरिलै देवताको ध्यान*

*कौनीबेला जाउली ? कौनी बेला आउली ?*

*कौनो बेला गरौँली ? देवताको ध्यान ।*

*उदायमा जाउँला अस्तायमा आउँला*

*मध्यान्हमा गरौँला बरिलै देवताको ध्यान ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार, १ सिदूरेकी शान्तादेवी गौतमबाट)

३९

*कपाल कोरन काइँयो मैले पाइन*

*हेर न लालुमै टेबुलमा ऐना छ ।*

*टोपी खस्यो मेरो पोखरा फेवा तालमा*

*नफसाउँ है मलाई मायालुले जालमा ।*

*दैलामुनिको हलहले तामा*

*छ्याप्प काटी मुरली बजाम वरिलै ।*

*हाम्रा बाबाले बनाएको मन्दिर*

*हिरा र मोतीको झ्याल बरिलै ।*

*आलिमा बसेर धान गोड्न लाग्दा*

*आच्चो मलाई साच्चोटेले टोको बरिलै*

(स्रोतःगुल्मी जिल्ला रूरू-४ रिडी बजारकी सुरेन्द्रराज ज्ञवालीबाट)

४०

*साना साना तितउरे पाइला, बरिलै कृष्णजी डुलेका*

*आफू भने सुविदारका छोरा , बरिलै के देखि भुलेका ।*

*शिरमा शिरफूल, आँखैमा गाजलु, बरिलै त्यही देखि भुलेका ।*

(स्रोतःगुल्मी जिल्ला थानापति ९ थोर्गाकी राधा गोतमबाट)

४१

*सऔँबारे वर्त गर्ने कल्ले हल्ला चलायो*

*हेरहेर दुनियामा खेती हरायो ।*

*सऔँबारे उपासनले कले वर्त गरेको*

*थाहा छैन दुनियालाई पाप गरेको ।*

*मानिसलाई रोग लागे झट्टपट्ट अस्पताल*

*खेतीलाई रोग लागे लाग्यो हरिताल ।*

*मकै खायो गवाराले धानकोदो रोगले*

*मरिन्छ कि दिदी बहिनी सोगै सोगले ।*

*बाहुनले खान थाले रक्सी बोतल भट्टीमा*

*भगवानले दिन छाडे खेतीपातीमा ।*

*कत्रो तिम्रो जातभात कत्रो तिम्रो इज्जेत*

*नेपालका मानिसले गऱ्यो विजेत ।*

(स्रोतःगुल्मी जिल्ला ओखलढुङ्गा १, सिदूरेकी विष्णुकुमारी गौतमबाट)

४२

*हे भैया लछुमन सुन मेरा भैया*

*खरी तिर्खा लाग्यो मलाई बिन्द्रेवनैमा ।*

*कदमको डाली समाई हेर मेरा भैया*

*पोखरीमा चिसो जल छ कि छैन ।*

*भदौ है मासका अष्टमीका रातमा*

*कृष्णवाला जन्मेको हो कि होइन ।*

*कृष्णजीको जन्म भयो गोकुलका धाममा*

*कदमको औतार लिए बरिलै ।*

*पापीलाई मारन धरमीलाई तारन*

*पृथ्वीमा भार हर्न आए बरिलै ।*

(स्रोतःगुल्मी जिल्ला बलेटक्सार, १ सिदुरेकी शारादा गौतमबाट)

४३

*गरर पैरो गयो सल्लेरीको रानीवन*

*तिजमा माइत नपठाउँदा रुन्छ मेरो मन*

*वर्षदिनको तिजमा नैर रोक्नु सासूले*

*हिँड्दा पनि बाटो पाइन्न मेरो आँसुले*

*दशैं र तिहारमा घर बसुँला*

*कम्मरै कसेर काम गरुँला ।*

*सपसपी घाँस काँटे गाई मेरो लैनीलाई*

*झलझल सम्झछु दिदीबहिनीलाई*

*शिरैलाउने शिरफुल कागतमा बेरेर*

*रोएकी हुनन् मेरी आमा यतै हेरेर ।*

(स्रोतःगुल्मी जिल्ला रिमुवा-१ भञ्ज्याङ्गकी माइली पल्लीबाट)

४४

*रिडीको बजारमा  सिर्फुलको  लाइन*
*दाइजो माग्ने केटाको सुन बयान ।*
*छोरी  दिन्छु भन्ने  पत्र  मेरो हातमा परेको*
*त्यही भएर यो बाटो घुम्दै  झरेको ।*
*हेर्नुहोस् बाबु छोरीलाई मन  पर्छ कि  पर्दैन*
*मन परेमा  हजुरलाई  दिउँला वरिलै ।*
*यौटै  क्याम्पसमा पढेको  पर्न त पर्छ मन*
*बरु एउटै कुरा छ कति दिन्छौ धन ।*
*बीस लाख रूपैया राखिदिए हातमा*
*तिम्री छोरी बिहे गरी लान्छु साथमा ।*
*कोदालीले खने झै मन मेरो खनेको*
*सुनिहाले बाबाले हुन्छ भनेको ।*
*बाबा र केटा भई हेर्न लागे लगन*
*केटी आइ उभिन बाहिर आँगन*
*केटीले  भन्न लागिन  लामो श्वास  फेरेर*
*फर्की बस केटा यता मलाई हेरेर*
*तेरो मेरो पढाइमा के छ केटा सवाल*
*के कारणले गरेको धनको कबल ।*
*सम्पत्ति नै चाहिने भए लैजा भैंसी तानेर*
*बसिदैन तँ जस्तालाई स्वामी मानेर*
*यसलाई दिने सम्पत्ति खान्छु बाब बसेर*
*लडाइदिए हुन्छ यसलाई  पाता कसेर*
*करलाई नदिनुस अर्काको छोरालाई*
*शौचालयमा थुनिदिए हुन्छ मोरालाई*
*बिन्ति  गर्छु  दाजुभाइ यो देशलाई  मोड्नुहोस्*
*दाइजो माग्ने प्रचलन अब छोड्नुहोस् ।*

## ४.२ गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको वर्गीकरण

तिजमा धेरै किसिमका गीत गाइन्छ र त्यसैअनुसार  नृत्य पनि फरक फरक ढङ्गमा गरिन्छ । त्यसअनुसार  तिज गीतलाई दुईकिसिमले र्गीकरण गर्न सकिन्छ । तिनीहरू निम्नानुसार छन् ।

**(क) व्रतमा आधारित तीज गीत**

तिजको अवसरमा  भगवानको आराधनामा गाइने गीतहरू  यस अन्तर्गत पर्दछन् ।  यस्ता गीतमा भगवानको स्तुति गान, प्राथना गर्दै नृत्यसमेत गर्ने गरिन्छ । यस्ता गीतहरूमा  गीत नं २, ४, ५, ८, २२, २६, ३६,४० आदि रहेका छन् ।

**(ख) समसामयिक  तिज गीत**

नेपाली नारीहरूले आफूले जीवनमा  भोग्नुपरेका पीडा, वेदना, बुर्हातन आदि, छोरा  र छोरीबीचको असमान व्यवहार नारी पुरुष बीचको असमानता साथै सामाजिक विकृति विसङ्गतिलाई विषयवस्तु बनाई गाइने गीत यसअन्तर्गत पर्दछन् । यस्ता गीतहरूमा व्रतमा आधारित  गीत बाहेकका गीतलाईहरूलाई हेर्न सकिन्छ ।

## ४.३ गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूको विश्लेषण

### ४.३.१ तिजे गीतमा सामाजिक विषयवस्तुको चित्रण

लोकसाहित्य लोकजीवनका विविध अनुभव र अनुभूतिलाई व्यक्त गर्ने सजिलो र महत्त्वपूर्ण साधन भएकोले लोकजीवनका अतीत र वर्तमानमा रहेका धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक पक्षका विविध पक्ष पक्षान्तरहरू, प्रतिबिम्बित भएका पाइन्छन् । सोहीअनुरूप गुल्मी जिल्लाका तिजका गीतहरूमा पनि यस क्षेत्रका जनजीवनका विगत र वर्तमानका हाँसो, रोदन, पीरमर्का, हर्ष-विस्मात, दुःख सुख आदिको अभिव्यक्ति भेट्न सकिन्छ । यसबाट यस क्षेत्रका बासिन्दाहरूको सामाजिक, शैक्षिक आर्थिक अवस्था तथा धर्मसंस्कृति र रहनसहन गीतमा यस्तो थियो र वर्तमानमा त्यसको परिवर्तित अवस्था कस्तो छ सोको बारेमा अवलोकन गर्न सजिलो पर्दछ । त्यसकारण यस परिच्छेदमा गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिने भए पनि यहाँका गीतमा

प्रतिबिम्बित विषयवस्तुको आधारमा मात्र गरिएको  छ । लोकसमाजमा प्रचलित हाँसो रोदन, करुण वेदना, व्यङ्ग्य विद्रोह, परिवर्तित रहनसहन आर्थिक समस्या, सामाजिक स्थिति र देशभक्तिलाई व्यक्त गर्ने साधनाका रूपमा तिजको गीतलाई प्रयोग गर्ने स्थिति रहेकाले सोही विषयवस्तुअनुरूप यहाँका तिजका गीतहरूलाई निम्नानुसार विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

### ४.३.१.१ पौराणिक तथा धार्मिक विषयवस्तुको चित्रण

हाम्रो समाजमा धर्मसंस्कार अनुरूप विविध देवीदेवताहरूप्रति भक्तिभाव प्रकट गर्दै पूजाआजा गर्ने परम्परा प्राचीन कालदेखि नै चल्दै आएको हो । त्यो भक्तिभावलाई हाम्रा दिदी बहिनीहरूले मर्ममा मात्र होइन सुमधुर लयमा 'कहाँमा जान्छौ रानीचरी बगाल, बरिलै भगवानलाई भेटन्, भगवानलाई भेटी के पाउर ल्यायौ बरिलै फुलपाती अक्षता' भन्दै ऋषिपञ्चमीको दिन पूजा गर्दा गर्दै मण्डप वरिपरि पङ्क्तिबद्ध भएर घुम्ने परम्परा अद्यावधि पनि रहेको देखिन्छ । यसबाट हाम्रा महिला दिदीबहिनीहरूले आफ्ना धार्मिक भाव तथा पुराणमा वर्णित कथाहरूलाई मर्मस्पर्शी गीत बनाएर कोकिल कण्ठले गाउने गर्दछन् भन्ने कुरा स्पष्ट हुन्छ । यहीँ भक्तिभाव प्रकट गर्ने सन्दर्भमा देवपूजा गर्ने कुरालाई प्रश्नोत्तर शैलीमा गीतको माध्यमले यसरी व्यक्त गर्दछन्-

*ऋषिकेसका देवताले हात जोडी बसेका*
*कसले गर्ला देवताको ध्यान ।*
*फूलबारीमा जाउँला फूलका माला गाँसौला*
*हामीले गरौँला बरिलै देवताको ध्यान ।*

प्रस्तुत तिजको गीतमा अन्य कुरा चढाउन नसकेमा फूलको माल चढाएर पनि देवभक्ति प्रकट गर्न सकिन्छ भन्ने भावना व्यक्त हुनुका साथै यस जिल्लबाट बिहानै उठेर ऋषिकेशवको दर्शन गर्न जाने र बेलुका घरमा फर्कने परम्परालाई समेत व्यक्त गरिएको  छ ।

त्यस्तै यहाँका बासिन्दाहरूले विविध धार्मिक क्रियाकलाप गर्ने सन्दर्भमा एकादशी, संक्रान्तिमा कालीगण्डकीलाई गंगामाताको रूपमा हेर्दै गंगाजीमा स्नान

गरेमा सबै पाप नष्ट भई मुक्ति मिल्छ भन्ने विश्वासमा रिडी नुहाउन जाने परम्परा रहेको छ । त्यही बेला गङ्गामातासँग भएको वार्तालापलाई आफ्नोतर्फबाट गीतमा यसरी व्यक्त गरिएको छ -

*थुङ्गे सरी फूल फुल्यो हत्केलामा छाँई छाइँ*
*कहाँ जान दौडेकी गंगाजी माई ।*
*कहाँ हो तिम्रो जनिमभूमि*
*कहाँ हो तिम्रो बास बरिलै*
*मुक्तिनाथ हो मेरो जनिमभूमि*
*गंगासागर हो मेरो बास बरिलै ।*

महिलाहरूले अनपढ भए पनि हाम्रा कविहरूले रचना गरेका देवस्तुतिपरक रचनाभन्दा अझ सरल, सहज र हृदयसम्बेद्य तरिकाले विभिन्न पुराण तथा धार्मिक ग्रन्थहरूमा उल्लेखित कथाहरूलाई सहजै गाउन सकिने तिजको गीतमा ढालेर आफ्नो कवित्व गुणलाई प्रकट गरेको देखिन्छ । त्यतिमात्र कहाँ हो र ? कविले रचनामात्र गरे तर यहाँका लोककवयित्रीहरूले गायनकलामा पनि त्यत्तिकै निपूणता देखाएको पाइन्छ । यो गुण रामभक्तिका लागि रामायणबाट, कृष्णभक्तिका लागि महाभारतबाट, शिवस्तुतिका लागि स्वस्थानी कथाबाट विषयवस्तु लिई गीतको सृजना गरेर देवस्तुति गर्ने परम्परा यहाँका महिलाहरूमा छ भन्ने कुरा तलका गीतले पुष्टि गर्दछ ; जस्तो :

*लछुमन भैयालाई चौकीदार राखेर*
*सुन मृग मारन गए बरिलैं*
*सुन मृग मारेर फरकेर आउँदा*
*रामको सीता राउन्ले हन्यो बरिलैं ।*

उपर्युक्त गीतमा सीतालाई रावणले हरेर लगेपछि अयोध्या फर्किदासम्मको कथा प्रस्तुत गरेर रामभक्ति प्रकट गरिएको छ भने आफूले सुनेको भरमा महाभारतको कथामा आधारित रहेर कृष्णप्रतिको भक्तिभावलाई सुमधुर लयमा यसरी प्रकट गर्दछन्-

*कंसधरले मथुरामा होम जग्गे लगाए*
*किरिस्न भानिजलाई निम्ता पठाए ।*

*अझै पनि कंसधरलाई कति ईख रै छ*
*संगेनी फुल लिन उनलाई पठाए ।*
*अलिपर जँदाजाँदै गरुन मेरा मितेरी*
*क्यै कुछ पर्ला मलाई थाहा दिए है ।*

माथिको गीतमा मामा कंसले कृष्णलाई मार्न भनी छल यज्ञ गरेर नागले टोकेर मारोस् भन्ने उद्देश्यले नागको फूल लिन पठाएको हृदयसम्वेद्य कथा प्रस्तुत गरिएको छ । राम र कृष्णलाई एकातिर पूर्वोक्त रूपमा गीतमा सजाइएको पाइन्छ भने अर्कोतिर पृथ्वीमा बढ्दै गइरहेको अन्याय, अत्याचार, शोषण, दमनको अन्त्य गर्न जन्म लिएका मर्यादा पुरुष अथवा ईश्वरको मानवीकृत रूपको सन्दर्भमा चर्चा गर्न चाहेको कुरा स्पष्ट हुन्छ; जस्तै :

*हे भैया लछुमन सुन मेरा भैया*
*खरी तिर्खा लाग्यो मलाई बिन्द्रेवनैमा ।*
*कदमको डाली समाई हेर मेरा भैया*
*पोखरीमा चिसो जल छ कि छैन ।*

माथिको गीतमा राम र कृष्णको चर्चा एकैपटक गरेर अन्त्यमा पृथ्वीको भार हर्न दुवै मर्यादा पुरुष अवतार लिएको कुरा व्यक्त गरिएको छ भने शिवजीको भक्ति गर्न सतीदेवीले आफ्ना बाबु दक्षप्रजापतिको अपहेलनालाई सहन नसकेर बाबुले लगाएको कोटिहोममा हामफालेको हृदयविदारक कथालाई हाम्रा भक्तिवादीनी नारीहरू गीतको लयमा यसरी व्यक्त गर्दछन् ।

*सत्यदेवी महादेव पासा खेल्न लाग्नु भो*
*त्यसैबेला नारदमुनि कैलाश पस्नुभयो ।*
*नारदमुनि आउनुभयो सामाचार बोकेर*
*सत्यदेवी रुनुभयो छाती ठोकेर ।*
*आफ्नो जिद्धी गरेर स्वामी बिदा मागेर*
*बाबाको कोटि होम हेर्न भनेर ।*

उपर्युक्त गीतमा सतीदेवीको मर्माहत पीडा र दक्षप्रजापतिले उनीहरूप्रति गरेको दुर्व्यवहारको कथा यहाँका महिलाहरूले सुमधुर लयमा गाएको सुन्ने जोकोही पनि आल्हापित बन्दछ ।

यसरी यस जिल्लामा प्रचलित तिजका गीतहरूमा यहाँको धर्म संस्कृति तथा देवी देवताप्रतिको सद्भावना प्रतिबिम्बित भएको पाइन्छ । जसबबाट यहाँका बासिन्दाहरूको धार्मिक आस्थाका बारेमा बुझ्न सहज हुन्छ ।

### ४.३.१.२ प्रकृतिप्रेममूलक चित्रण

प्रकृति प्राणीजातको अभिन्न मित्र हो, यसको विनाशले प्राणीजगत्मा नराम्रो प्रभाव पर्दछ भन्ने कुरा निर्विवाद सत्य हो । यहीँ सत्यताको उद्घाटन अथवा बढ्दो प्रकृति विनाशलाई लक्ष्य गरेर गाइने तिजको गीतलाई यस वर्गमा राखिएको छ । यहाँका महिला दिदीबहिनीहरू आफ्नो वरिपरिको वातावरण विनाश अथवा प्राकृतिक सम्पदाको विनाशको चित्रण गर्ने सन्दर्भमा कुनै वातावरणविद् भन्दा कम देखिँदैनन । यसका लागि वनजङ्गलको विनाशबाट वन्यजन्तुमा आएको ह्रास तथा पानीका मुहान सुकेको मार्मिक सत्य र बढ्दो भू-क्षयीकरणबाट भएको दर्दनाक स्थितिको सत्यतालाई उद्घाटन गर्दै वातावरण संरक्षण गर्न आह्वान गरिएको तलको गीतका केही अंश नै पर्याप्त छन् ; जस्तैः

*चाहिन्छ वातावरण स्वच्छ सफा सुन्दर*
*गरौं हामी खाली ठाउँ वृक्षारोपण ।*
*हरियो वन नेपालको धन उक्ति थियो पहिले*
*जतातते उजाड भयो हेरै अहिले ।*

त्यस्तै वातावरण विनाशबाट सबभन्दा बढी असर गरिब, असहाय तथा किसान वर्गमा पर्ने भएकाले यो विनाश कार्यलाई रोक्न सकेनौ भने भावी सन्तानले अझ दुःख पाउँछन् भन्ने सत्यतालाई प्रकट गर्दै प्रकृतिको संरक्षण गरी देशलाई हरियाली बनाउन अगाडि बढौं भन्ने आह्वान गीतबाटै यसरी गर्दछन-

*वनजङ्गल सखाप भयो पानी पर्न छाडिगो*

*गरिब दुःखी किसानालाई दुःख पर्ने भो ।*

*विश्वले जोड दिएको वनजङ्गल जोगाउन*

*हामी पनि यस कार्यलाई सहयोग गरौन ।*

*जतातत‍ै भूक्षयले भइसक्यो उजाड*

*छिट्टै सोचौँ अब हामी गरौ विचार*

माथिका गीतमा वातावरण बचाउने आग्रह गरिएको छ भने यहाँका नारीहरू कुनै एक ठाउँको प्राकृतिक प्रकोपले गरेको धनजनको क्षतिलाई गीतै-गीतमा जोडेर अर्को ठाउँमा पुऱ्याउन पनि खप्पिस छन् भन्ने कुरा तलको भू-क्षयबाट भएको क्षतिलाई वर्णन गरिएको गीतबाट स्पष्ट हुन्छ ; जस्तै :

*शिरै लाउने शिरफुलमा भारी पथ्थर झललल*

*रूपाकोटका घर जति उँधै सलल ।*

*गररर पैह्रो जाँदा आवै बाबै भने हुन् ।*

*परान जाने बेलामा कसो गरे हुन् ।*

यसरी यहाँका प्रकृतिप्रेममूलक गीतहरूको विषयवस्तु प्रकृतिको संरक्षण तथा विनाशको स्थितिलाई चित्रण गर्नुमा नै व्यस्त देखिन्छ ।

### ४.३.१.३ नारी पीडा तथा वेदनाको चित्रण

नन्द भाउजू, सासू बुहारीका बीचको मनोमालिन्य, पतिले दोस्रो विवाह गर्दाको दुःख, वेदना, वर्षदिनको तिजमा लिन नआउँदा वा घरबाट माइत नपठाउँदाका विरह, केटाकेटीमा विवाह गरिदिनाले आफूले पाएको दुःख माइतमा जाँदा दाजुभाइले वचन लगाउँदाको दुःख, छोरीलाई अर्काको नासो ठानी नपढाउने प्रवृत्तिले नारीले पाएका दुःखलाई व्यक्त गर्ने गीतलाई यस वर्गमा राख्न सकिन्छ । यस्ता कुराहरू प्रस्तुत जिल्लामा गाइने तिजका गीतहरूमा के-कसरी अभिव्यञ्जित भएका छन् भन्ने कुरा निम्नलिखित गीतका अंशमा खोज्न सकिन्छ ; जस्तैः

*छोरी भइ जन्म लिएँ सधैँ दुःख देखन*

*सकिन बुबा मैले आँसु रोकन ।*

*घरमा भन्छन् मलाई काम नगर्ने बुहारी*

*मेरो जीवन बिताउने अब के गरी ।*

*विवाह भयो हाम्रो बालख कालमा*

*पढ्ने चलन त्यतिथेन हाम्रो पालामा ।*

प्रस्तुत गीतमा छोरीलाई घरमा हेला गरे पनि पढ्न नसकेको कारण बाबुसँग रुनुबाहेक अर्को विकल्प नभएको दर्दनाक पीडा व्यक्त भएको छ भने छोरालाई पढाइ छोरीलाई नपढाउने प्रवृत्तिले गर्दा आफूले घरमा नोकर्नीको रूपमा जीवन बिताउनु पर्ने कारुणिक तथा आमाबाबु दाजुभाइलाई सम्बोधन गर्दै गीतबाट यसरी व्यक्त गर्दछन् ।

*सुन्नुहोला बुबाआमा बुझ्नु होला दाजुभाइ*

*के तिमीले जन्माएका होइनौ हामीलाई ।*

*उहीँ कोखीमा जन्मिएर उही कोखीमा बढेर*

*ठूला हुन्छन् दाजुभाइ धेरै पढेर ।*

*जाऊ छोरी स्कुलमा नभन्दिने आमाले*

*हाम्रो जीवन बित्ने भयो घरको कामले ।*

*दाजु भए इन्जिनियर भाइ भए डाक्टर*

*हामी छोरी सधैंभरि घरको नोकर ।*

*प्रधानमन्त्री भएकी थिइन भारतमा इन्दिरा*

*उनी पनि हामी जस्तै छोरी होइन र ?*

*भृकुटी र सीता पनि हामीजस्तै नारी हुन् ।*

*विश्वको इतिहासमा सधैं अमर छन् ।*

त्यस्तै प्रजातान्त्रिक युग आएर नारीपुरुष समानताको कुरा गरे पनि हाम्रो समाजले नारीलाई पुनर्विवाह वा विधवा विवाह गर्नमा रोक लगाएको छ । त्यसले गर्दा सिउँदोमा सिन्दूर हाल्नेले जे गरे पनि उसकै नाममा जीवन बिताउनुपर्ने नारीको विवशतामय तथा बाध्यतामय यथार्थलाई गीतबाट यसरी व्यक्त गरिएको छ -

*गाई भैंसी बाँधे सरी मालापोते बेरियो*
*जोत्ने गोरु सरि नै काम गरियो*
*आजदेखि मेरी भयौ भन्ने रातो सिन्दूर*
*निधारमा ठोकियो लालमोहर ।*

आफ्ना भिनाजु बाबुलाई अनेक प्रलोभन देखाइ दु:खी घरमा आफूलाई बिहे गरिदिएको र बालककालमै विवाह गरिदिन लाग्दा आफ्नो पक्षमा कोही नभएको दु:खमय प्रसङ्ग र घरमा विभिन्न दु:खकष्ट पाएर माइतमा दु:ख बिसाउन आउँदा आफ्नो भन्दा माइतकै अस्तव्यस्तलाई देखेर तलका दुई भिन्नभिन्नै गीतका अंशमा यसरी व्यक्त गर्दछन्-

*खोलापारि भिनाजू त साली माग्न आएका*
*सत्रसय रुपियाँको पोको पारेका ।*
*भिनाजूका गफ सुनी बाबा भए फुरुक्क*
*मैलै छोरी दिएँ भन्दै उठे जुरुक्क ।*
*शिरै लाउने शिरफुल र टक्सारको बजारमा*
*फाट्टफुट्ट फूली मुन्द्री मेलामा पातमा*
*खेतबारी बेचेर बनाएका गहना*
*कहिले कहिले आउँदा पनि लाउँछन् वचन ॥*

घरमा अनेक दु:ख कष्ट सहनुपर्दा पीडित भएको चेलीलाई माइतमा पनि वचन लगाउँदा कस्तो अनुभव गर्छन होला, त्यहीँ बेदनामय अनुभूतिको अभिव्यक्ति उपर्युक्त गीतमा पाइन्छ भने तिज विशेषतः चेलीहरूको पर्व हो र यस्तो पर्वमा उनीहरू माइत जान नपाउँदा वा माइतीले लिन नपठाउँदा उनीहरूको स्थिति कस्तो कारुणिक बन्दछ त्यहीँ अवस्थाको दु:खमय अभिव्यक्ति गीतबाट यसरी गुन्जिन्छ -

*गरर पैरो गयो सल्लेरीको रानीवन*
*तिजमा माइत नपठाउँदा रुन्छ मेरो मन ।*
*वर्षदिनको तिजमा नैर रोक्नु सासूले*
*हिँड्दा पनि बाटो पाइन्न मेरो आँसुले ।*

नारीहरू आपसमै ईर्ष्या गर्ने तथा द्वेषभाव राख्ने गर्दछन् । यसै सन्दर्भमा सासू-बुहारी, नन्द-भाउजूका बीचमा भएको झगडा तथा वैमनस्यतालाई गीतमा उनेर व्यक्त गर्ने सन्दर्भमा सासूले दु:ख दिएको बदलामा बुहारीले यसरी जवाफ दिन्छे-

*जति दुःख दिन्छ्यौ बज्यै आज तिम्री बुहारीलाई*

*त्यसै गरे कस्तो हुन्थ्यो आफ्नी  छोरीलाई*

*आरी भरि पीठो छ  मकै किन भुटेको*

*बुहारीलाई खान  दिँदा रिस उठेको ।*

यसरी गुल्मी जिल्लामा गाइने तिजका गीतहरूमा नारी वेदना र पीडा अभिव्यञ्जित भएको पाइन्छ । मूलतः तिज महिलाहरूको पर्व भएकाले अधिकांश गीतहरूमा महिलाहरूकै पीरमर्काबाट उठेको मानसिक छटपटीले स्थान पाएको हुन्छ । माथि उदाहरणस्वरूप देखाइएका गीतका अंशहरू मोटामोटी उदाहरण मात्र हुन् । खोज्दै जाने हो भने यही विषयलाई अभिव्यक्ति गर्ने गीतहरू अनेक पाउन सकिन्छ ।

### ४.३.१.४ नारी जागरण तथा विद्रोहको चित्रण

यहाँका गीतहरूमा नारी वेदना र पीडाको अभिव्यक्ति मात्र होइन नारी जागरण र विद्रोहका स्वरहरू पनि पाइन्छन् । त्यही परम्परित बन्धनहरूलाई छिनाल्दै अधिकारको खोजीमा अगाडि बढ्न आग्रह गर्ने खालका अथवा वर्गीय जागरणको उद्घोष गर्ने खालका गीतहरूलाई यस वर्गमा राख्न सकिन्छ -

विविध घरायसी समस्यामा जेलिएर बस्नुपर्दा होस अथवा विविध पुरातन नियमहरूले पिछडिएका हाम्रा नारीहरूमा क्रमशः जागरण आएको पाइन्छ । यही जागरणको फलस्वरूप नारी अब बच्चा जन्माउने पुरुषको खेलौना मात्र होइन पुरुष समान अधिकार भएका देशका नागरिक पनि हुन भन्ने तथ्यलाई हृदयगङ्गम गरी चुल्हो चौकोमै सीमित गराउन खोज्ने पुरातनपन्थी विचारको अगाडि हुँकार गर्दै हाम्रा चेलीबेटीहरू नारीवर्गलाई अधिकार प्राप्तिका लागि जागरुक हुन गीतबाट यसरी आह्वान गर्दछन्-

*उठ उठ नारी अब डराउन पर्दैन*
*एकमात्र हातले ताली बज्दैन ।*
*एक हात पुरुष त एक हात नारी*
*पाउनुपर्छ अधिकार बराबरी ।*
*हिँड्नुपर्छ हामी अब परम्परा तोडेर*
*हामीलाई दबाउनेको जरै गोडेर ।*

प्रस्तुत गीतमा पुरातनपन्थी विचारप्रतिको विद्रोह झल्किएको छ भने हाम्रा नारीहरू अब घरभित्रको काम मात्र होइन सिङ्गो राष्ट्रमा हुने विकास र निर्माणका काममा पनि पुरुष सरह गर्न चाहन्छन् र यस्तो काम गर्ने बेलामा रोक्ने वा नारीलाई तल्लो श्रेणीमा राख्ने प्रवृत्तिका विरुद्ध वा देशमा रहेको अन्याय र अत्याचारका विरुद्ध लड्न एकजुट होऔँ भन्दै गीतको लयात्मक भाषामा यसरी आह्वान गर्दछन् -

*उठौँ अब नारी हामी एकजुटर भएर*
*देशको विकास गरौँ अब अघि सरेर*
*अरू देशका नारीहरू चन्द्रमामा गैसके*
*हाम्रो देशका नारीहरू पछि रैरहे ।*
*समाजमा नारीलाई तल्लो श्रेणी पार्दछन्*
*नढेका नारी जति पछि पर्दछन् ।*
*ठूलासँग सोधी सोधी सानालाई सिकाऊँ*
*अन्याय र अत्याचारलाई नेटो कटाऊँ ।*

प्रस्तुत गीतमा एकातिर अरू देशका नारीहरूसँग नेपालका नारीको तुलना गरिएको र नजानेका नारीलाई सिकाएर अगाडि बढाउन आह्वान गरिएको छ भने अर्कोतिर विकासको निम्ति एकजुट हुने आग्रह गरिएको छ । यसरी यहाँका गीतहरूमध्ये नारी जागरणमूलक गीतका उदाहरणहरू प्रशस्त पाउन सकिन्छ भने ती गीतबाट यहाँका नारीवर्गमा आएको जागरणको परिचय पाउन सकिन्छ -

### ४.३.१.५ घरायसी तथा सामाजिक समस्याको चित्रण

घरको कुनै पनि सदस्य कुलतमा वा कुसङ्गतमा लाग्यो भने त्यसबाट त्यस घरमा वा परिवारमा समस्या उत्पन्न हुन्छ र पछि त्यो एउटा सामाजिक समस्याको रूपमा खडा भएको हुन्छ भने समाजमा कुनै त्यस्तो कुप्रवृत्तिले प्रश्रय पाउन थाल्यो भने त्यो प्रवृत्तिमा वृद्धि भएर समाजमा एउटा विकराल समस्या बनेर तेर्सिन्छ । यस्ता कुराहरूलाई प्रतिबिम्बित गर्ने गीतहरूलाई यस वर्गमा समावेश गर्न सकिन्छ । यस्तै एउटा परिवारको मुली अर्थात आफ्नो पतिले कुसङ्गतमा लागेर घरायसी काम कुरामा वास्ता गर्न छाडेकोले पत्नीलाई परेको चिन्तालाई गीतबाट यसरी व्यक्त गरिएको छ-

*घरको सम्पत्ति स्वामीज्यूलाई ठिक्क भो*
*सानमिगल वियरले हामीलाई दिक्क भो ।*
*वनमा जाँदाखेरी सालको पात कुहेको*
*मैले लाउने गहना पनि बैंक पुगेको ।*
*मैले लाको मंगलसूत्र रक्सीलाई अड्ना*
*अजै पनि जानुहुन्छ बी.ए. पढ्न ।*
*अलि तल होटलमा रक्सी खाई लडेको*
*के काम लाग्यो स्वामी राजै बी..ए. पढेको ।*
*अझै भन्दछन् स्वामीले बी. ए. एम. ए. पढिन्न*
*सानमिगेल नखाइकन छाड्दै छोडिन्न ।*

प्रस्तुत गीतमा नेपालका शिक्षित भनाउँदा व्यक्तिहरू पनि घरको अवस्था कस्तो छ, खाना छ कि छैन भन्ने कुरा नबुझी स्वास्नीका गहनासमेत धरौटी राखेर मादक पदार्थ सेवन गर्ने गर्नाले एकातिर घरको सम्पत्तिको नाश र परिवारको विचल्ली भएको छ भने अर्कोतिर त्यस्तै प्रवृत्तिको अनुकरणले ग्रामीण युवाहरूसमेत बिग्रेर समाजकै एउटा समस्या बन्न पुगेको वास्तविकता प्रतिबिम्बित भएको छ । त्यस्तै नेपाली समाजमा दाइजो लिने प्रवृत्तिको बढ्दो प्रभावले गरिब परिवारमा जन्म लिने कैँयौ युवतीहरूले करुणाजनक स्थिति भोग्नु परिरहेको छ । यो एउटा समाजको मात्र नभएर राष्ट्रकै विकराल समस्या बन्न पुगेको छ । यस सत्यतालाई कुशलतापूर्वक आँकलन गर्नु मात्र होइन त्यस प्रथाको अन्त्यका लागि हाम्रा ग्रामीण जागरुक युवतीहरू तिजको गीतबाट हुँकार गर्दै भन्छन्-

*कति महिला नेपालमा आत्महत्या गर्दछन्*
*कति महिला विदेशमा बेचिएका छन् ।*
*कति हाम्रा दिदी बहिनी वनको घाँस दाउरामा*
*कति हाम्रा दिदी बहिनी बेश्यालयमा*

यसप्रकार यहाँका गीतहरूमा समाजिक समस्याको अभिव्यक्ति भएको पाइन्छ ।

### ४.३.१.६ आर्थिक समस्याको चित्रण

हाम्रो ग्रामीण नेपाली समाज विविध आर्थिक समस्याले घेरिएको छ । आफूमा भएका आर्थिक समस्यालाई समाधान गर्ने कुनै विकल्प पाउँदैनन् । गाउँमा सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने संस्था नहुनाले गाउँको साहुमहाजन अथवा शोषक कहाँ गुहार्न जानुपर्ने बाध्यता थियो । साहू कहाँबाट कुनै मेलापर्वमा अथवा काम विशेषले चर्को ब्याजदरमा ऋण ल्याउँछन् तर साहूले दिएको समय नाघेपछि घरखेत लिने परम्परा केही वर्ष अगाडिसम्म पनि थियो । यस्तै र घरमा खान नपुग्ने अथवा लाउन नपुग्ने वा यस्तै अनेक आर्थिक समस्यालाई विषयवस्तु बनाई गाउने गीतलाई यस वर्गमा राख्न सकिन्छ । यसका लागि घरघरमा खान नपुगेर वेसाहा किन्न महिनावारी ब्याजदरमा ऋण काढेर ल्याएकोमा तिर्न नसक्दा साहु आएर गाग्री थुतेर लैजाने कुरा गर्दाको कारुणिक  व्यथा हाम्रा ग्रामीण महिला दिदीबहिनीको गीतमा मिसिएर आएको तलको अभिव्यक्तिलाई हेर्न सकिन्छ -

*मैना वारी पैसा खोजी बेसाहा किनी खाने हो ।*
*तिनी पैसा सकिएर कहाँ जाने हो ।*
*छोरो रुँदै दलान त छोरी रुँदै आँगन*
*साहु फेरि आइसके पैसा मागन ।*
*डबल चिया बनाए त यही बसेर खानेछु*
*भोलि पैसा नदिए त गाग्री लानेछु ।*
*बिन्ती गर्छु साहुजी हजुर डबल चिया बनाउँछु*
*एक महिनाको भाखा पाऊँ पैसा कमाउँछु ।*

यो एउटा उदाहरण मात्र हो, खोजी गरेमा यस्ता अभिव्यक्ति अनेक पाउन सकिन्छ ।

### ४.३.१.७ राजनैतिक चेतनाको चित्रण

नेपाली समाज क्रमशः परम्परागत मूल्य र मान्यतालाई छोडेर आधुनिक विचारधारातर्फ उन्मुख भएको देखिन्छ । जतिजति समाज चेतनशील बन्दै जान्छ

त्यतित्यति राजनैतिक परिदृश्यतर्फ पनि ध्यान दिन थाल्दछ । यसै परिप्रेक्ष्यमा गुल्मी जिल्लाको समाजलाई हेर्दा दुई पुस्तामा दुईवटा मान्यताको बीचमा द्वन्द्व देखिन्छ । बूढो पुस्तामा परम्परित तथा धार्मिक विचार रहेको छ भने नयाँ पुस्ता आधुनिक विचार र मान्यतालाई वरण गर्नमा उन्मुख देखिन्छ । यस्तो प्रवृत्ति महिला जगत्मा अर्थात् उनीहरूको गलागलामा बाँचेको तिजका गीतमा पनि देख्न पाइन्छ । वृद्ध आइमाईहरू धार्मिक गीत गाउनमा मख्ख पर्दछन् भने युवतीहरू अन्य सामाजिक विसङ्गतिहरू तथा राजनैतिक घटनालाई विषयवस्तु बनाई गीतको रूपमा घन्काउने गर्दछन् । चेतनशील नारीहरू अब क्रमशः आफ्नो घरायसी व्यवहारबाट माथि उठेर देशको राजनैतिक वातावरणतर्फ ध्यान दिन थालेका छन । यस्ता गीतमा सरकारले गरेको कामको समर्थन वा विरोध कुनै राजनैतिक व्यवस्था परिवर्तन र त्यसका विकृति, पार्टी पार्टीबीचको द्वन्द्वको स्थिति अथवा कुनै राजनैतिक घटनालाई विषयवस्तु बनाइएको हुन्छ । गुल्मी जिल्लामा गाइने यस्तै राजनैतिक परिदृश्यलाई विषयवस्तु बनाइएका गीतलाई यस वर्गमा राख्न सकिन्छ , जस्तै :

*विद्यार्थी र जनता हिँडे राँके जुलुस लिएर*
*पञ्च दाइले छोरा हाले पुलिस लिएर ।*
*वीरका छोरी अघि बढे कति लाठी खाएर*
*वीरगति हुनपऱ्यो गोली लाएर ।*
*राजाले भन्नुभयो बहुदल दिने हो ।*
*मण्डलेले भने बरै ज्यानै लिने हो ।*
*क्याम्पस पढ्ने विद्यार्थीको कति ज्यान लिएको*
*रातिको १२ बजे बहुदल दिएको*
*वीरका छोरा मर्न पऱ्यो पञ्चेदाइले घेरेर*
*बाबु, आमालाई बस्न पऱ्यो तस्वीर हेरेर ।*

प्रस्तुत तिजको गीतमा २०४६ सालमा सञ्चालित जनआन्दोलन र त्यसमा पञ्चायतको दमननीतिले गर्दा भएको कहाली लाग्दो वातावरणको चित्रण बडो सहज र मार्मिक ढङ्गले भएको छ भने त्यही गीतमै पञ्चायतको क्रूर दमन चक्रका बाबजुद

अनेक शहीदहरूले प्राण त्याग गरेर ल्याएको बहुदलीय व्यवस्थालाई संरक्षण गर्ने प्रथालाई गीतबाटै यसरी व्यक्त गर्दछन् -

*कतिका पुरुष मरे श्रीमतीलाई रुवाएर*
*बहुदलीय व्यवस्थालाई आँधी लाएर ।*
*यो व्यवस्था राख्नलाई हाम्ले कम्मर कस्ने हो*
*यसैको भरमा नै हामी बस्ने हो ।*
*हक हाम्रो बराबरी पर्ने छैन डराउन*
*अन्यायमा पऱ्यौ भने जाउँला कराउन ।*
*सुन मेरा दिदी बहिनी जय नेपाल भन्दिए*
*जनता चुस्ने पंचायत मऱ्यो भन्दिए ।*

यस्तै कुनै एउटा राजनैतिक व्यवस्थामा हालीमाली गरेका व्यक्तिहरू त्यसको अन्त्यपछि त्यस्ता व्यक्तिहरूको स्थिति कस्तो दयनीय बन्न पुग्छ । अनि कुनै अन्यायी शासनको विरुद्धमा क्रान्ति गर्दा ती योद्धाहरूले कतिसम्म कठिनाइ भोग्नुपर्छ भन्ने तथ्यको उद्घाटन गर्ने सन्दर्भमा यहाँका महिलाहरूले तिजको गीतमा नेपालको पञ्चायती व्यवस्था र त्यसको विरुद्ध युद्ध गर्ने वीरहरूको अवस्थाको चित्रण गर्दै यसरी व्यक्त गर्दछन् -

*हिजोसम्म मरिचमानको कस्तो थियो इज्जेत*
*आज बहुदल आउनाले भयो बिजेत ।*
*यो व्यवस्था ल्याउनेलाई धन्यवाद दिने हो*
*महिला पुरुष बराबरी हक लिने हो ।*
*भररर आयो गोली जुनेलाका फुलाझैँ*
*धर्तीभरि रगत बग्यो साउने खोलाझैँ*
*कति आमा रोए हुनन् कति बाला रोए हुन् ।*
*कतिका श्रीमतीले सिन्दूर धोए हुन् ।*
*कति पुरुष हिँड्न पऱ्यो वन जङ्गलमा लुकेर*
*कति महिला हिँड्नु पऱ्यो सिन्दूर पुछेर ।*

यसरी यस जिल्लामा गाइने गीतहरूमा राजनैतिक घटनालाई बडो मार्मिक र हृदयसम्बेद्य तरिकाले सजाएर गाइएको पाइन्छ । माथि देखाइएका पङ्क्तिहरू उदाहरण मात्र हुन् , खोजी गरेमा यस सन्दर्भमा अनेक तिजका गीतहरू पाउन सकिन्छ ।

### ४.३.१.८ हास्यव्यङ्ग्यमूलक गीत

हाम्रा ग्रामीण नारीहरू आफ्नो व्यथा र वर्गीय समस्यामात्र व्यक्त गर्ने होइन, कहिलेकाहीँ समाजका विसङ्गतिमूलक कुराहरूमाथि गीतबाटै व्यङ्ग्यवाण पनि प्रहार गर्ने गर्दछन् । त्यस्तै व्यङ्ग्यमूलक प्रवृत्ति बोकेका तिजका गीतलाई यसवर्गमा समावेश गर्न सकिन्छ, जसको उदाहरण स्वरूप झट्ट हेर्दा केवल हाँसोमात्र देखिने तर गर्नमा आफूलाई नपढाउने बाबुआमाप्रति तीखो व्यङ्ग्य गरिएको प्रस्तुत गीतलाई हेर्न सकिन्छ -

*मसँगका साथीहरू क्याम्पसमा झुम्मिने*
*मलाई भने फुर्सद छैन एकछिन उभिने ।*
*सानैदेखि बाबाले भेडा हेर्न लाउनु भो*
*आई. ए.बी.ए. पढेकालाई छोरी दिनु भो ।*
*घरका सबै पढेका अङ्ग्रेजीमा बोलाउने*
*म रैछु नबुझेर त्यसै टोलाउने*
*अङ्ग्रेजीमा भन्दो रैछ पानीलाई वाटर ,*
*नजानेर दिए मैले काँचो कटर ।*
*अङ्ग्रेजीमा भन्दौ रैछ स्याउदानालाई एप्पल*
*नजानेर दिए मैले ठूलो चप्पल*

प्रस्तुत गीतमा एकातिर एक वस्तुको मागमा अर्को वस्तु दिएर हास्यरसको सृजना भएको छ भने अर्कोतिर पढ्न नपाएकोमा उत्पन्न भएको दुःखलाई अप्रत्यक्ष रूपमा व्यक्त गरिएको छ ।

त्यस्तै हाम्रो समाजमा त्यस्ता परम्परित विचार र मान्यताहरू छन् जसले समाजको उन्नतिलाई बाधा पुऱ्याइरहेका छन् । त्यस्ता विचार वा मान्यताप्रतिको

आफ्नो असन्तुष्टिलाई व्यक्त गर्ने क्रममा हाम्रा ग्रामीण तथा अशिक्षित महिलाहरू पनि त्यस्ता विचारहरूप्रति व्यङ्ग्य गर्दै यसरी कुर्लन्छन्-

*सऔँबारे वर्त गर्ने कल्ले हल्ला चलायो*
*हेरहेर दुनियामा खेती हरायो ।*
*सऔँबारे उपासनले कले वर्त गरेको*
*थाहा छैन दुनियालाई पाप गरेको ।*
*मानिसलाई रोग लागे झट्टपट्ट अस्पताल*
*खेतीलाई रोग लागे लाग्यो हरिताल ।*

त्यस्तै समाजमा रहेको धार्मिक मान्यताअनुरूप नचलेर धर्मप्रतिको आस्था घटाउँदै कर्तव्यच्यूत भएकोमा हाम्रा लोककवयित्रीहरू आफ्नो गीतबाट यसरी व्यङ्ग्य गर्दछन्-

*मकै खायो गवाराले धानकोदो रोगले*
*मरिन्छ कि दिदी बहिनी सोगै सोगले ।*
*बाहुनले खान थाले रक्सी बोतल भट्टीमा*
*भगवानले दिन छाडे खेतीपातीमा ।*
*कत्रो तिम्रो जातभात कत्रो तिम्रो इज्जेत*
*नेपालका मानिसले गऱ्यो विजेत ।*

यसरी गुल्मी जिल्लामा प्रचलित तिजका गीतहरूलाई विषयवस्तुका आधारमा आठ वर्गमा वर्गीकरण गरिएको छ । यो नै अन्तिम वर्गीकरण नभएर केवल विषयवस्तुका आधारमा मात्र गरिएकाले अन्य पक्षबाट पनि गर्न नसकिने होइन । हुन त यहाँका गीतलाई गायकको उमेरका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ किन कि प्रायः गरेर सासू वर्ग वा वृद्ध वर्गले धार्मिक वा पौराणिक गीतहरू गाएको पाइन्छ भने बुहारीवर्ग वा विवाहित युवतीहरूले विशेषतः नारी समस्या, घरायसी झगडा वा सासू बुहारी, पति-पत्नी, नन्द-भाउजूका बीचको अन्तर्द्वन्द्वलाई विषयवस्तु बनाइएको गीतहरू गाइएको पाइन्छ । त्यस्तै अविवाहित वा छोरीवर्गले नारी चेतनामूलक वा राजनैतिक जागरण अथवा अन्य घटनालाई टिपेर गीत बनाएको पाइन्छ ।

## ४.३.२ अर्थका आधारमा गुल्मेली तिज गीतको विश्लेषण

### ४.३.२.१ अभिधार्थी/अभिधा अर्थ दिने गुल्मेली तिज गीत

कुनै पनि साहित्यिक कृति वा सामान्य रचनाका वाक्यमा प्रयोग भएको शब्दले सामान्य किसिमको शब्दको सङ्केत गरेको सोझो र सिधारूपमा चलनचल्तीको सर्वसाधारण सबैले बुझ्ने अर्थलाई मात्र प्रकट गर्छ भने त्यसलाई अभिधा अर्थ भनिन्छ ।[५६]गुल्मी जिल्लामा प्रचलित तिज गीतमा पनि अनेक प्रकारका अभिधा अर्थ जनाउने गीतहरू रहेका हुन्छन् । उदाहरणका लागि

*दैलामुनि केही बाबा ठूलो रूख वडर*
*धेरै छोरी छन् भनेर हेला नगर ।*
*जति छोरी भए पनि आफ्नै कर्म खाने हो ।*
*रुँदै रुँदै पराइका घर जाने हो ।*
*रुँदै रुँदै गएर पिँढीमा बस्ने हो ।*

दैलामुनि के हो बाबा ठूलो रूख बडर हो जति धेरै छोरी भए पनि आ-आफ्नो घरमा गई आ-आफ्नै कर्म खाने हो त्यसैले धेरै छोरी भए पनि हेला नगर । छोरी ठूली भएपछि बाबु आमाले कन्यादान दिनु पर्ने र छोरी घर जानुपर्ने कुरालाई सिधा अर्थमा व्यक्त गरिएको छ । माइती देश छाडी घरमा जाँदा कसैलाई चिनेको हुँदैन । त्यसैले कसको मुख हेरेर भित्र पस्ने हो भन्ने कुरालाई मार्मिक र कारुणिक सीधा अर्थमा गीतमा व्यक्त गरिएको छ ।

### ४.३.२.२ लक्षणा अर्थ

शब्दको प्रयोग खास गरी साहित्यिक विधामा वा अन्य लेखनमा वा कथनमा पनि शब्दको विशेष अर्थ बुझाउन र भनाइलाई प्रभावकारी आकर्षक अनि घुमारो बनाउन लक्षणाको प्रयोग गरिन्छ । वास्तवमा मुख्यार्थदेखि भित्र रहने अनि त्यसै शब्दार्थसँग सम्बद्ध रहेको अर्को अर्थ बुझाउने शब्दशक्तिलाई लक्षण अर्थ भनिन्छ ।

---

[५६] कृष्णप्रसाद आचार्य, **संस्कृत काव्यशास्त्र**, क्षितिज प्रकाशन, २०६३ , पृ. ३०० ।

मुख्य अर्थको आधार लिई अर्को अर्थलाई लक्षणा अर्थले बुझाउँछ ।[५७] गुल्मी जिल्लामा पनि यस्ता लक्षणा अर्थ बुझाउने थुप्रै तिज गीतहरू प्रचलित रहेका छन् । तीमध्ये उदाहरणका लागि निम्न गीत रहेको छ -

*शिरै लाउनी शिरफुल लाउ छोरी विपारी*
*रुँदै रुँदै विरानो देश जाऊ बरिलै ।*
*बाबाले भात खाने ठूलो थाल चरेस*
*छोरी भए भनेर नखाऊ हरेशमा ।*
*पढ्छु बाबा वि. ए. सम्म मैले कमस गरेर*
*गर्छु देशको विकास महान् बनेर ।*
*पाल्छु मैले मातापिता छोरोसम्म ठान्नुहोस्*
*छोरी पनि छोरो रै छ भन्ने जान्नुहोस् ।*

शिरमा लगाउने शिरफुल लगाएर मेरी पियारी छोरी रुँदैरुँदै आफ्नो कर्म घरमा अथवा विरानो देशमा जाऊ । आफ्ना माइती घरका बाबाले भात खाने चरेशको थालका वर्णन र छोरी भएर पनि हरेश नखान भन्ने सन्देश लक्ष्यार्थ मार्फत् व्यक्त गरिएको छ । गुल्मेली समाजअनुसार शिरफुल विवाह गरेकी चेलीलेमात्र लगाउने र लगाएपछि श्रीमानको घरमा जानुपर्ने, माइती देशलाई छोड्ने बेलामा लगाइने विशेष अर्थ व्यक्त गरिएको छ ।

### ४.३.२.३ व्यञ्जना अर्थ

कुनै पनि शब्द वा वाक्यको अर्थ वाच्यार्थ र लक्षणार्थबाट बुझ्न नसक्दा व्यङ्ग्यार्थले अर्थ बुझाउँछ । अभिधा र लक्षणाबाट अर्थ नखुलेपछि त्योभन्दा उपल्लो तहमा गएर यसको अर्थ खुलाउने शब्द नै व्यञ्जना अर्थ हो ।[५८] गुल्मी जिल्लामा अनेक प्रकारका व्यञ्जना अर्थ दिने तिज गीतहरू प्रचलित रहेका छन् । तीमध्ये कुनै एक गीत उदाहरण स्वरूप तल उल्लेख गरिएको छ-

---

[५७] ऐजन ।

[५८] ऐजन ।

*अङ्ग्रेजीमा भन्दो रैछ पानीलाई वाटर ,*
*नजानेर दिए मैले काँचो कटर ।*
*अङ्ग्रेजीमा भन्दो रैछ स्यउदानालाई एप्पल*
*नजानेर दिए मैले ठूलो चप्पल*

पहिला-पहिलाको चलनअनुसार छोरी अर्काको घरमा जाने जात भनी नपढाउने कारणले गर्दा विवाह गरिदिएपछि श्रीमानले अङ्ग्रेजीमा बोल्दा आफूले अनेक अर्थ लगाएको कुरालाई यस गीतमार्फत माइतीलाई व्यङ्ग्य प्रहार गर्दै व्यक्त गरिएको छ । आफूले बोल्ने गरेको पानी शब्दलाई अङ्ग्रेजीमा वाटर भन्दा रहेछन् त्यो नबुझ्दा आफूले काँचो कटहर दिनुपरेको कुरा, बहिनीलाई अङ्ग्रेजीमा सिस्टरभन्दा आफूले नरम विस्तारा लगाइदिएको कुरा गीतमार्फत व्यङ्ग्य गरिएको छ । एकातिर माइतीले आफूलाई नपढाएकोमा व्यङ्ग्यपूर्ण तरिकाले माइतीलाई छोरीलाई पनि पढाउनु पर्छ भन्ने सन्देश दिइएको छ ।

### ४.३.३ कालक्रमका आधारमा गुल्मेली तिज गीत

अन्य लोकगीतहरू जस्तै तिज गीत पनि मौखिक श्रुतिपरम्परामा आधारित एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आइरहेकोले यिनीहरूको कालक्रम निर्धारण गर्न त्यति सजिलो छैन । तर पनि ती गीतले आत्मसात गर्ने विषयवस्तुका आधारमा हेर्दा गुल्मी जिल्लामा प्रचलित तिज गीतलाई निम्नानुसार देखाउन सकिन्छ ।

#### ४.३.३.१ पौराणिक तथा ऐतिहासिक तिज गीत

तिज गीत अलिखित साहित्य भएकोले यसको समय निर्धारण गर्न त्यति सजिलो छैन । तर पनि तिजगीतभित्र अन्तर्निहित रहेका विषयवस्तुलाई हेर्दा गुल्मी जिल्लामा परापूर्वकालदेखि जनबोलीको रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएका गुल्मेली समाजको इतिहास र परम्परालाई बोकेर जीवन्त रहेका गीतलाई धार्मिक तथा पौराणिक गीत भनेर भन्न सकिन्छ । यस्ता गीतहरू मैखिक श्रुतिपरम्परामा रहने र यसको लेख्य रूप नहुने भएकोले पनि समय सीमा निर्धारण गर्न सकिँदैन ।

त्यसकारण गुल्मेली समाजमा परापूर्वकालदेखि गाइँदै आएका यस्ता गीतहरूलाई ऐतिहासिक गीत भन्न सकिन्छ जुन गीतहरू आजसम्म पनि गुल्मेली समाजमा गाउने गरिन्छ । उदाहरणको लागि हेरौं -

(१)

*एउटा गीत गाउँछु मैले तिजको बेलामा*
*सत्यदेवी महादेवको अपहेलना ।*
*दक्षप्रजापतिले कोटिहोम लगाए*
*तेत्तीसकोटी देवतालाई निम्ता पठाए ।*
*जेठी छोरी ज्वाइँको चासो उनले लिएनन्*
*सत्यदेवी छोरीलाई थाहा दिएनन् ।*

(२)

*कंसधरले मधुरामा हुन जग्गे लगाए*
*किरिस्न भानिजलाई निम्ता पठाए ।*
*अझै पनि कंसधरलाई कतिह ईख रै छ*
*संगेनी फुल लिन उनलाई पठाए ।*
*अलिपर जँदाजाँदै गरुन मेरा मितेरी*
*क्यै फूछ पर्ला मलाई थाहा दिए है ।*
*संगेनीको फुल लिन भित्रेर जाँदा*
*सानै वैदनी संगेनीले देखे वरिलै ।*

माथिका गीतहरू आजसम्म पनि गुल्मेली समाजमा गुन्जिरहन्छन् तर यिनीहरूको विषयवस्तु हेर्दा यी गीतहरू गुल्मेली समाजमा धेरै पहिलेदेखि गाइने गरिन्थ्यो भन्ने कुराको अनुमान गर्न सकिन्छ । हाम्रो समाजमा मान्दै आएका पौराणिक सन्दर्भलाई समेटेर बनेको हुनाले पनि यी गीतलाई पौराणिक गीत भन्न सकिन्छ ।

## ४.३.३.२ २००७ देखि २०४५ सालसम्मका तिज गीतहरू

खासगरी २००७ को परिवर्तनपछि गुल्मेली समाजमा पनि त्यसको प्रभाव पऱ्यो । त्यसपछि यहाँका महिला दिदी बहिनीहरूले परम्परागत रूपमा धार्मिक, पौराणिक विषयवस्तु भएका गीतलाई मात्र गाउन छोडेर समाजमा हुने अन्याय अत्याचार, शिक्षाको असमान वितरण, नारी पीडा, वेदना तथा पारिवारिक बुहार्तन आदि विषयवस्तु भएका गीत गाउन थालेका[५९] कुरा ती गीतले समेट्ने विषयवस्तुबाट पनि थाहा पाउन सकिन्छ । उदाहरणका लागि तलका गीतहरू हेरौ -

(१)

*सररर रानी चरी उड्यो - चिसो हिमालमा*
*छोरा भन्दा छोरी हेला हाम्रा नेपालमा ।*
*सुन्नुहोला बुबाआमा सुन्नुहोला दाजुभाई*
*के तिमीले जन्माएको छैनौं हामीलाई ।*
*उही कोखमा जन्मिएर उही कोखमा बढेर*
*ठूला हुन्छन् दाजुभाई धेरै पढेर ।*

(२)

*मैनाबारी पैसा काढी किनी खाने हो ।*
*तिनी पैसा सकिएर कहाँ जाने हो ।*
*छोरो रुँदै दलान त छोरी रुँदै आँगन*
*साहु फेरि आइसके पैसा मागन ।*
*डबल चिया बनाए त यै बसेर खानेछु*
*भोलि पैसा नदिए त गाग्री लानेछु ।*

माथिका गीतहरूमा नेपाली समाजमा वि.सं. २०४६ को क्रान्तिपूर्व विद्यमान रहेको सामाजिक अविश्वास र रूढिवादी परम्पराको प्रकटीकरण पाइन्छ । त्यस अवधिमा शिक्षाको क्षेत्रमा छोरा र छोरीबीच हुने भेदभावको कारण छोरीहरूले आफ्ना

---

[५९] वलेटक्सार गा.वि.स-१ की ७९ वर्षिया वुद्ध धनकुमारी गौतमसँगको कुराकानीमा आधारित ।

बाबाआमाले छोरा सरह व्यवहार गरिदिन आग्रह गर्दै आफ्ना अवाज गीतबाट बुलन्द गर्थे । त्यस्तै २०४५ सालभन्दा अगाडिसम्म गुल्मेली समाजमा साहूसँग घरजग्गा अडाना राखेर ऋण लिएर बेसाहा खाने चलनचल्ती थियो । त्यस्तो परम्पराको पनि माथिको गीतमा प्रकटीकरण भएको पाइन्छ ।

### ४.३.३.३ २०४६ देखि हालसम्मका गीतहरू

तिज गीतको कथ्य रूप मात्र हुने भएकोले निश्चित समयमा नै गाइएको हो भन्न कठिन हुन्छ । तर पनि त्यस गीतभित्रको विषयवस्तुलाई आधार बनाएर यहाँ कालक्रम निर्धारण गर्ने कार्य गरिएको छ । वि.सं २०४६ को परिवर्तनपछि नेपाली समाजमा देखापरेको राजनैतिक चेतनाको विकासको कारण गुल्मेली चेलीबेटी पनि त्यसबाट अछुतो रहने कुरै भएन । सामाजिक विकृति विसङ्गति, राजनैतिक खिचातानी आर्थिक दुरावस्था जातीय भेदभाव आदि विषयलाई लिएर गीतहरू गाउन थालिए ।[६०] २०४६ को परिवर्तन पछि पञ्चायती व्यवस्थाका विरुद्धको विद्रोही स्वरले ठाउँ पायो भने २०६२/०६३ को जनआन्दोलनको परिणाम स्वरूप गुल्मेली चेलीबेटीका तिज गीतका विषयवस्तु अझै फराकिला बन्दै गएका छन् । कालक्रमिक आधारमा २०४६ पछिका गुल्मेली तिज गीतका उदाहरण निम्नानुसार देखाउन सकिन्छ -

*२०४६ साल चैतको महिना*
*बहुदल र निर्दलको सुन बयान ।*
*पञ्चायतले गर्नुगर्‍यो मण्डलेलाई पाएर*
*यो गीतलाई गाउनुहोला लय हालेर ।*
*पञ्चायती व्यवस्थामा नुन तेल पनि पाइएन*
*अब हाम्लाई त्यो व्यवस्था चाहिँदै चाहिएन ।*

प्रस्तुत गीतमा २०४६ सालको जनआन्दोलनको वर्णन गरेको पाइन्छ । पञ्चायती व्यवस्थाले गरेको दमनको विरुद्ध जनताले गरेको आन्दोलन र पञ्चायत विरुद्ध गरेको विद्रोही चेत पनि अभिव्यञ्जित भएको छ । यसपछिका गीतहरूमा समाजमा हुने विसङ्गति, विकृति विरुद्ध पनि तीखो प्रहार भएको पाइन्छ ।

[६०] वलेटक्सार गा.वि.स निवासी ५० वर्षिय बालकुमारी गौतमको प्रत्यक्ष कुराकानीबाट ।

*जानुपर्ने साहूको मेला यो तिजको बेलामा*
*जाँड खाने श्रीमान्को म त सधैं हेलामा ।*
*छोरा भन्छ बाबा मलाई शिक्षा दिनोस् भनेर,*
*स्वामी हिँड्छन् भट्टीको हिरो बनेर ।*
*मिठो बोली परै जाओस् हेराई पनि हुँदैंन,*
*स्वामी यसो गर्दा मन किन रुँदैंन ।*

माथिका गीतमा श्रीमान् जड्याहा भएका कारणले एउटा परिवारले भोग्नु परेको पीडालाई मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरिएको छ ।

*तेरो मेरो पढाइमा  के छ केटा सवाल*
*के कारणले गरेको धनको कवल ।*
*सम्पत्ति नै चाहियो भने लैजा भैंसी तानेर*
*बसिँदैन तँ जस्तोलाई स्वामी मानेर ।*

गुल्मेली समाजमा विद्यमान रहेको दाइजो प्रथालाई पनि गुल्मेली चेलीबेटीले यसरी प्रहार गर्छन । हाल गुल्मेली समाजमा महिलाहरू पनि शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित नभएको अवस्थामा दाइजो माग्ने केटालाई श्रीमान् स्वीकार गर्न नसकिने भनेर व्यङ्ग्य विदोह गरेको पाइन्छ ।

त्यस्तै राजनीतिक  विषयवस्तुलाई समेटेर नारी पुरुष बराबर हो र पुरुष समान नारीले अधिकार पाउनुपर्छ भन्ने खालका गीतहरू पनि हाल विशेष प्रचलनमा रहेका छन् ।

*उठौँ अब नारी हामी एकजुट भएर*
*देशको विकास गरौँ अब अघि सरेर*
*पुरुषसँगै हामी नारी बराबरी हुनुछ*
*यो देशमा लोकतन्त्र सुदृढ पार्नुछ ।*

यसरी तिथि मितिका आधारमा सबै गीतलाई समेट्न नसकिए पनि नेपालमा भएको राजनीतिक परिवर्तनसँगै गुल्मी जिल्लामा गुन्जिने गीतले पनि आफूलाई परिवर्तित बनाउँदै लगेका छन् भने अर्कोतर्फ परम्परागत रूपमा गाइँदै आएका पुराना

गीतहरूले पनि आफ्नो उपस्थितिलाई ओजपूर्ण बनाउँदै गुल्मेली लोकसाहित्यको भण्डारलाई भर्ने काम गरेका छन् ।

## ४.३.४ आकार आधारमा गुल्मेली तिज गीत

यस आधारमा तिज गीतलाई निर्धारण गर्दा त्यसको आकारलाई प्रधानता दिइन्छ । यो गीत वर्गीकरणको बाह्य आधार हो ।[६१] यस आधारमा गुल्मेली तिज गीत तीन किसिमका पाइन्छन् । तिनीहरू निम्न प्रकार छन् ।

### ४.२.४.१ लघुतम गीत

दुई तीन पङ्क्तिमा पूर्ण भएका गीतलाई लघुतम गीत भनिन्छ ;[६२] जस्तै :

*(१)*

*कपाल कोरन काइँयो मैले पाइन*
*हेर न लालुमै टेबुलमा ऐना छ ।*

(२)

*टोपी खस्यो मेरो पोखरा फेवा तालमा*
*नफसाऊँ है मलाई मायालुले जालमा*

(३)

*दैलामुनिको हलहले तामा*
*छ्याप्प काटी मुरली बजाम बरिलै*

(४)

*हाम्रा बाबाले बनाएको मन्दिर*
*हिरा र मोतीको झ्याल बरिलै*

(५)

*आलिमा बसेर धान गोड्न लाग्दा*
*आच्चो मलाई साच्चोटेले टोको बरिलै*

---

[६१] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, ऐजन, पृ. ८४ ।

[६२] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ८४ ।

### ४.३.४.२ मझौला तिज गीत

दुई तीन पङ्क्तिभन्दा लामा कथानकरहित गीतलाई मझौला गीत मान्न सकिन्छ । यस प्रकारका गीतमा छोटो कथानक पनि अन्तर्निहित रहेको हुन्छ ।[६३] उदाहरणका रूपमा तलका गीतलाई हेरौँ :

*(१)*

*शिरै लाउनी शिरफुल लाउ छोरी पियारी*
*रुँदै रुँदै विरानो देश जाऊ वरिलै ।*
*बाबाले भात खाने ठूलो थाल चरेस*
*छोरी भए भनेर नखाऊ हरेश ।*
*पढ्छु बाबा आई. बी.ए.मैले कम्मर कसेर*
*गर्छु देशको विकास महान् बनेर ।*
*पाल्छु मैले मातापिता छोरोसम्म ठान्नुहोस्*
*छोरी पनि छोरो रै छ भन्ने जान्नुहोस् ।*

(२)

*शिरफुल लगाएर चौपारीमा बसेकी*
*नानी तिम्रो जोवानले डाली नुगायो ।*
*हामरो जोवानले हैन डाली नुगेको*
*आफ्ना बसले आफैं नुगेको ।*
*आँखा छ ! पियारीका परेवाका जस्ता*
*बोली छ पियाररिको मैनाको जस्तै ।*
*कम्मर छ पियारीको बारुली परेको ।*
*हिडाँइ छ पियारीको हिस्सी पेरेको ।*
*वुद्धि छ पियारीको सोरे अक्कल ।*

[६३] ऐजन ।

### ४.३.४.३ लामा तथा बृहत् आकारका तिज गीत

यस प्रकारका गीतमा कथानकसहित आख्यानात्मकता रहेको पाइन्छ । कुनै पनि घटना परिघटनाको विस्तारित रूपलाई यस प्रकारका गीतले समेटेको हुन्छ । यस्ता गीतमा विशेष गरी पौराणिक तथा धार्मिक, प्रकृति वर्णन र नारी जागरणका स्वरहरू अभिव्यञ्जित भएको पाइन्छ । उदाहरणका रूपमा तलका गीतलाई हेरौँ :

*(१)*

*स्वागत गर्छु मान्यजनलाई नमस्कार,*
*लिएका छौं रक्सी नखाऊ भन्ने समाचार ।*
*दाजुभाइकी एउटी बहिनी माया गर्थे मलाई,*
*आज याद आउँछ भित्र मुटु जलाई ।*
*बाबाले दिनुभयो दामी घर रोजेर,*
*बाह्रैमास खानुपर्‍यो खर्च खोजेर ।*
*छोरा भन्छ खान पाइन छोरी भन्छे लगाउन,*
*मलाई सधैं हत्तार हुन्छ आँसु बगाउन ।*
*छोराछोरी जन्माएर ठूलो आपत पुग्याछ,*
*दिनदिनै घरमा खर्च बढ्या बढ्यैछ ।*
*न त यिनलाई शिक्षा-दीक्षा यो अहिलेको जमाना,*
*शिक्षा-दीक्षा दिन पाइयोस् यही छ कामना ।*
*खाना खान्छु दिनरात आँसु मात्र झारेर,*
*जड्याँहालाई दिए बाले ठिक्क पारेर*
*छोरी भन्छे आमा म त कलेज पढ्न जान्छु है,*
*केही पैसा रिन खोजेर भर्ना गर्न लान्छु है ।*
*चाडबाडमा सबको घरमा मिठो खाना जुटाँउछन,*
*हाम्रो घरमा स्वामीज्यूले हल्ला पिटाउँछन ।*
*जानुपर्ने साहुको मेला यो तिजको बेलामा*

*जाँड खाने सिरीमानको म त सधैं हेलामा ।*
*छोरा भन्छ बाबा मलाई शिक्षा दिनोस् भनेर,*
*स्वामी हिँड्छन् भट्टीको हिरो बनेर ।*
*मिठो बोली परै जाओस् हेराई पनि हुँदैंन,*
*स्वामी यसो गर्दा मन किन रुदैंन ।*
*खान लाउन नपाएकी मिठो बोली चाहिन्थ्यो,*
*यतिमात्रै भए पनि सन्तोष भइन्थ्यो ।*
*वर्ष दिनको चाडमा नाङ्गै बुङ्गै हुनु छ,*
*स्वामी हिँड्छन् मोज मस्तीमा आफू रुनु छ ।*
*रक्सी खाने स्वामीबाट माइतीको नि विरानी,*
*मध्यरातमा रुँदा मेरो भिज्छ सिरानी ।*
*माइती घर जाँदा पनि सबै जना हाँस्छन् ,*
*जड्याँहाकी सिरीमती आई भनेर नाम गाँस्दछन् ।*
*अमूल्य यी आँसु झारी सारा शरीर रुझाउने,*
*के गरेर होला मैले मन बुझाउने ।*
*रक्सी नखाओ भन्ने नारा लाउँछु म त हरे,*
*जाँड खाने श्रीमान्सँग कोही नपरे ॥*

(२)

*चाहिन्छ वातावरण स्वच्छ सफा सुन्दर*
*गरौ हामी खाली ठाउँ वृक्षारोपण ।*
*हरियो वन नेपालको धन उक्ति थियो पहिले*
*जतातते उजाड भयो हरे अहिले ।*
*अक्सिजन दिने जङ्गल मासिएर गइसक्यो*
*हरियाली डाँडाकाँडा उजाड भइसक्यो ।*
*काट्छौ जङ्गल बासस्थान जनवारको तोडेर*
*जनावर भाग्न थाले देशै छोडेर*

*लाखौ हाम्रा वान्यजन्तु लाखौ हाम्रा जनावर*
*लोप भइसक्यो हेरौ न भरखर ।*
*जताततै वनजङ्गल खोलानाला हजार*
*खोला सुकी हुन लाग्यो हेर बगर ।*
*अमूल्य हाम्री भूमि पहिराले लैसक्यो*
*मरुभूमि सरह नै देश भइसक्यो ।*
*वनजङ्गल सखाप भयो पानी पर्न छाडिगो*
*गरिब दुःखी किसानालाई दुःख पर्ने भो ।*
*विश्वले जोड दिएको वनजङ्गल जोगाउन*
*हामी पनि यस कार्यलाई सहयोग गरौन ।*
*जताततै भूक्षयले भइसक्यो उजाड*
*छिट्टै सोचौँ अब हामी गरौ विचार*
*जतातजै रूख रोपौ हरियाली बनाइ*
*प्रकृतिको धनी अब बनाऔ यो देशलाई ।*
*गर्नुपर्छ देशको विकास फुटी हैन जुटेर*
*यो देश नेपाल सबको साझा भनेर ।*

## ४.४ नवरसका दृष्टिमा गुल्मेली तिज गीत

जसबाट आस्वाद पाइन्छ, त्यसलाई रस भनिन्छ । अर्को शब्दमा साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूति नै रस हो ।[६४] सजर्कबाट सिर्जित रचनाले सर्वसाधारणको हृदय जति बढी छुन सक्छ, त्यति नै त्यस रचनाको मूल्य बढी हुन्छ । अझ सामान्य ढङ्गले भन्नुपर्दा कुनै पनि रचना विशेषले सर्वसाधारण पाठक र श्रोताको हृदय जित्न सक्नु नै रस हो । तर लोकसाहित्यमा यो सन्दर्भ लागू हुँदैन । किनभने लोकसाहित्यका स्रष्टाले कुनै निश्चित मापदण्ड बनाएको हुँदैन । जीवनका सुख दुःख हर्ष, विस्मात, आशा निराशाको अभिव्यक्ति गर्ने सन्दर्भमा विविध रस स्वतःर्फूत रूपमा

---

[६४] हिमांशु थापा, **साहित्य परिचय**, काठमाडौँ : साझा प्रकाशन, २०४७, पृ. २४१ ।

आत्मसात गर्न सक्नु एवम व्यक्त हुनु लोकसाहित्यको विशेषता हो । यस्तै पृष्ठभूमिमा गुल्मेली तिजका   गीतमा पनि जीवनगत्का विविधता समेट्ने क्रममा विभिन्न रसको स्वतःप्रकटीकरण भएको हुन्छ । ती अभिव्यक्तिका दृष्टान्त यस प्रकार छन् ।

### ४.४.१ करुण रस

मन परेको वस्तुको नाश, प्रिय व्यक्तिको वियोग र अनिष्टको प्राप्तिबाट करुण रसको सिर्जना हुन्छ[६५] भने यसको स्थायी भाव हो शोक र विनष्ट वस्तु उद्दीपन, देवनिन्दा,रुनु कराउनु, लड्नु आदि अनुभव हुन् भने निर्वेद मोहग्लानि आदि  व्यभिचारी भाव हुन्छन् ।[६६] उदाहरणका लागि तलका गीतका केही अंशलाई हेरौँ -

*तीन पटकसम्म शिव ! शिव !! भन्नुभो,*
*बाबाको होमखाडीमा हाम फाल्नु भो ।*
*शिरै लाउनी शिरफूलमा मैले बुट्टा भरिन*
*पुलबाट खसे पनि झण्डै मरिन ॥*

यी गीतका अंशहरूमा करुण रसको परिपाक शोकको वातावरण सिर्जना भएको छ । मृत्युवरणको प्रसङ्ग कहाली लाग्दो छ । यस किसिमको गीत सुन्दा भावकमा सहजै करुण भाव जागृत हुन्छ । त्यसकारण गुल्मेली तिज गीतमा करुण रस पाइन्छ ।

### ४.४.२ शृङ्गार रस

रति स्थायीभाव भएको नायक र नायिका आलम्बन विभाव रहने एकान्त स्थानादि उद्दीपन विभाव मानिने शृङ्गार रस युवायुवतीको रुचिको विषय हो ।[६७] गुल्मेली तिजका गीतहरूमा कुरा यसरी प्रकट भएका छन् -

केटा- *नानी  तिम्रो जोवानले फूलको डाली नुगायो ,*
केटी - *हाम्रो जोवनले हैन डाली  नुगेको ..........*
*डाली त आफ्नै रसले नुगेको वरिलै ।*

---

[६५] ऐजन, पृ. २४१ ।
[६६] सोमनाथ  सिग्द्येल, **साहित्य प्रदीप**, चौ.सं काठमाडौं: पुस्तक संसार, पृ. १३ ।
[६७] भागवत् ढकाल, 'काव्यशास्त्रीय दृष्टिमा गुल्मेली तिज गीत गुल्मी परिचय', **गुल्मेली समाज** , काठमाडौं: २०६२, पृ. १७८ ।

त्यस्तै,

*आँखा छन् पियारीका परेवाका जस्ता,*
*बोली छ पियारीको मैनाको झै ।*

यी गीतहरू सुन्दा शृङ्गारिक भाव स्वतः प्रवाहशील हुन्छ ।

## ४.४.३ शान्त रस

भित्री मानिसक शान्ति स्थायी भाव रहेको, परमात्मा आलम्बन, पुण्यस्थान, तीर्थ, तपोवन सत्सगङ्ग आदि उद्दीपन विभाव रहेका रचनामा शान्त रस प्रकट हुन्छ ।[६८] गुल्मेली तिजका गीतहरूमा पनि यस किसिमको शान्तरस अभिव्यक्त भएको देखिन्छ -

*ऋषिकेशव देवताले हात जोडी बसेका ,*
*कसले गर्ला बरिलै देवताको ध्यान ,*
*फूलबारीमा जाऔँला फूलका माला गाँसौला*
*हामीले गरौँला देवताको ध्यान*
*उदयमा जाऔँला अस्तयमा आउँला*
*मध्याह्नमा गरौँला देवताको ध्यान ।*

यी गीतहरूमा स्थानीय देवताको स्तुतिका माध्यमबाट शान्तरसको भाव प्रकटीकरण गरिएको छ ।

## ४.४.४ वीर रस

वीररसको स्थायी भाव उत्साह हो, उत्साहको विषय आलम्बन तथा जितिने विषयका चेष्टाहरू उद्दीपन विभाव हुन्छन् । दया, दान, युद्ध आदि क्रियाकलापमा देखाइने विशेष सक्रियता नै वीररसको कारक तत्त्व हो ।[६९] अधिकारको खोजीमा एकजुट हुन आग्रह गर्ने तलका गीतमा वीर रस पाउन सकिन्छ ।

*उठौं उठौं गरी अब डराउन पर्दैन*
*एकमात्र हातले ताली बज्दैन ।*

---

[६८] ऐजन ।

[६९] ऐजन ।

*एक हात पुरुष त एक हात नारी*
*पाउनुपर्छ अधिकार बराबरी ।*
*हिँड्नुपर्छ हामी अब परम्परा तोडेर*
*हामीलाई दबाउनेको जरै गोडेर ।*
*हामी पनि पढ्न सक्छौं आइ. ए. डाक्टरी*
*हामी पनि गर्न सक्छौ सबै नोकरी ।*
*हामी पनि यो देशका एक पाङ्ग्रा होइनौं र*
*यो देशको रक्षा गर्ने हक छैन र ।*

### ४.४.५ हास्यरस

हाँसो स्थायी भाव रहेको हास्यरसको उत्पत्ति, आकार, बोली, पहिरन एवम् व्यवहारमा देखिने नवीन प्रवृत्तिले गर्दा सिर्जित हुन्छ ।[७०] गुल्मेली तिजका गीतहरूमा पनि श्रोतालाई हसाउन सक्ने सामर्थ्य देखिन्छ ।

*अङ्ग्रेजीमा भन्दो रैछ पानीलाई वाटर,*
*नजानेर दिए मैले काँचो कटर ।*
*अङ्ग्रेजीमा भन्देरै बैनीलाई सिस्टर*
*नजानेर लाइदे मैले नरम विस्तारा ।*
*नपढेकी छोरीलाई पढकोलाई दिनु भो*
*म एउटी छोरीको पाप लिनु भो ।*

यी गीतहरूमा अङ्ग्रेजी र नेपाली शब्दको उच्चारणगत समानताका आधारमा भिन्न व्यवहार देखाएर हास्यरसको सिर्जना गरिएको छ ।

तिजका गीतहरूमा यसरी विभिन्न रसको प्रयोग सहजरूपमा भएको पाइन्छ । सूक्ष्म अन्वेषण गर्ने हो भन्ने प्रायः सबै गीतहरूमा भएका नवरस पाउन सकिन्छ ।[७१]

---

[७०] ऐजन ।
[७१] ऐजन ।

भएको रससूत्रको ज्ञानबिना नै गुल्मेली गीतहरूमा विभिन्न रसको परिपाक हुनु काव्यात्मक उपलब्धिका दृष्टिले विशिष्ट मान्न सकिन्छ ।

## ४.५ भाषिक दृष्टिकोणले गुल्मेली तिज गीत

गुल्मी जिल्लामा नेपालका क्षेत्रीय उपभाषिकाहरूमध्ये पूर्वेलीको उपभाषिका पर्वतेली भाषा बोलिने जिल्ला हो । जुन भाषाको प्रभाव यहाँका प्रचलित गीतहरूमा पाइन्छ । भाषाको कथ्य लेख्य गरी दुई भेद हुन्छन् । यी भेदहरूमध्ये लिखित साहित्यमा लेख्य भाषाको प्रयोग हुन्छ र यो व्याकरण शासित हुन्छ तर कथ्य भाषा बोलीचालीमा प्रयुक्त हुन्छ र यसले व्याकरणीय नियमलाई स्विकार गर्दैन । वास्तवमा भन्ने हो भने कुनै पनि भाषाको प्रथम रूप जनजिब्रोबाट निस्कने बोलीमा हुन्छ भने द्वितीय रूप लिखित साहित्यमा किनकि भाषाको लेख्य रूप भन्नु नै प्रथम रूप बोलीको नक्कल हो । त्यसकारण कुनै पनि भाषाको लेख्य रूप एउटै हुन्छ भने कथ्य रूप ठाउँअनुसार भिन्नभिन्न हुन्छ । यस सन्दर्भमा लोकसाहित्यतर्फ दृष्टिगत गर्दा यो लोकमानसको मौखिक परम्परामा हुर्केको हुनाले यसमा भाषाको लेख्य रूप नभई कथ्य रूप प्राप्त हुन्छ । त्यसकारण कुनै पनि क्षेत्रको लोकसाहित्यको अध्ययनबाट कुनै पनि भाषाको भाषिक भेद पत्ता लगाउन सहयोग पुग्नुका साथै त्यस क्षेत्रको भाषिक सामर्थ्यको आँकलन गर्न सकिन्छ ।[७२] यसै सन्दर्भमा तिज गीतहरू पनि श्रुतिपरम्परामा बाँचेको लोकबोली भएकोले यिनीहरूमा प्रयुक्त भाषाको अध्ययनबाट सम्बन्धित क्षेत्रको भाषिक स्वरूप पत्ता लगाउन मनग्ये सहयोग पुग्ने देखिन्छ । यहाँ सङ्कलित गीतहरूको अध्ययन गर्दा कतिपय ठाउँमा नेपाली भाषाको स्थानीय भाषिकाको शब्दहरू प्रयुक्त भएका देखिन्छन् भने कतिपय ठाउँमा लयविधानका लागि शाब्दिक विचलन गरिएको पाइन्छ । त्यस्ता शब्दहरूलाई छुट्याएर कोष्टकमा शुद्धरूप दिई तल प्रस्तुत गरिएको छ ।

डाक्न (बोलाउन), थिन (थिइन्), माई (आमा), गंगाजी (गण्डकी), गैसके ( गइसके), रैरहे (रहिरहे), एत्ति (थोरै), रैछ (रहेछ), ऐले (अहिले), बालख (बालक), थेन ( थिएन), जमाना (युग) वल्लो पल्लो (वरपर), थिर (स्थिर), कल्ले (कसले) हरिताल (

---

[७२] अङ्गतमणि गोतम, पूर्ववत्, पृ. १८५ ।

बिष), सोगैसोका (शोकैशोक), भाटी (रक्सी पसल) देखा छोड्नु (ध्यान नदिनु), वर्त (व्रत), वेसा (वेसाहा), इजेत विजेत (इज्जत, बेइज्जत) चेली (छोरी), बाला (बालक), दलान (पिँढी), लाने (लैजाने) डबल चिया (दूधै दूधको चिया), विहा (विवाह), उधै (तलै), परान (प्राण), केटाटी (केटाकेटी), औतार (अवतार), सरात (श्राद्ध) राउन्ने (रावण) काँ (कहाँ), गैछन (गएकी होलिन्), अजुध्ये (अयोध्या) रैछौँ (रहेछौँ), खै (खोइ) लाको (लाएको, रैन्छ (हेनछ) लछुमन (लक्ष्मण) कृष्ण, किरिस्न (कृष्ण) सात्चोटे (टोक्ने कमिला) आजु (आज) आदि ।

**लयविधानका लागि गरिएका शाब्दिक विचलनका उदाहरण**

भन्नुभो (भन्नुभयो), सत्यदेवी (सतीदेवी), जनिमभूमि (जन्मभूमि), एकु (एक), पालने (पाल्ने), फालने (फाल्ने), गरन, छरन, देखन, रोकन (गर्ने, छर्ने, देख्ने,रोक्ने), वल्लीपल्ली (वल्लो पल्लो), गुनिया (गुन्यू), मागन (माग्न), हामरो (हाम्रो), वात (कुरा), भाचने रोकने (भाँच्ने रोक्ने), मध्येनी (मध्याह्न), मारन तारन (मार्न तार्न), ननदू (नन्द), भुजन (भोजन), लैनी (लहिनी), फरकेर (फर्केर) कंशरथ (कंसराज), हाम्लाई (हामीलाई) आदि ।

माथि टिपिएका शब्दहरूको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने गुल्मी जिल्लामा प्रचलित गीतहरूले यस क्षेत्रको सामाजिक जनस्तरको परिचय दिने मात्र होइन यहाँको नेपाली भाषाको स्वरूपलाई पनि प्रतिबिम्बित गरेको छ । यिनीहरूको भाषिक अध्ययनबाट यस क्षेत्रको भाषिक स्वरूप वा सामर्थ्यको मूल्याङ्कन सहजै गर्न सकिन्छ । त्यतिमात्रै कहाँ हो र नेपाली भाषिकाको निर्धारण गर्ने सन्दर्भमा त यी गीतहरू झनै सहयोगी हुन सक्छन् भन्ने कुरामा दुई मत नहोला ।

यसरी भाषिक दृष्टिबाट अध्ययन गर्दा पनि तिजका गीतको आफ्नो छुट्टै विशेषता र महत्त्व हुनुका साथै भाषिक मूल्य रहेको कुरा स्पष्ट हुन आउँछ ।

## ४.६ गुल्मी जिल्लामा प्रचलित तिजगीतले दिने सन्देश

गुल्मी जिल्लामा प्रचलित तिज गीतहरूले विभिन्न्न विषयसन्दर्भलाई समेटी समाजमा केही न केही सन्देश प्रदान गरेको देखिन्छ । यहाँको तिज गीतहरूले धार्मिक, सांस्कृतिक, पौराणिक, राजनीतिक, आर्थिक, सामाजिक सन्देश बोकेको पाइन्छ । यिनै

सन्देशहरूको अनुसरण गरी असल समाज र राष्ट्र बनाऔँ भन्ने कामना नारीहरूले गरेको पाइन्छ । यस शीर्षकमा केही महत्त्वपूर्ण सन्देश बोकेको केही तिज गीतको उदाहरण दिइएको छ -

*अङ्ग्रेजीमा भन्दो रैछ पानीलाई वाटर ,*
*नजानेर दिए मैले काँचो कटर ।*
*अङ्ग्रेजीमा भन्देरै बैनीलाई सिस्टर*
*नजानेर लाइदे मैले नरम विस्तारा ।*
*नपढेकी छोरीलाई पढकोलाई दिनु भो*
*म एउटी छोरीको पाप लिनु भो ।*

माथिको गीतमा एउटी अनपढ अशिक्षित महिलाको वेदना प्रस्तुत गर्दै शिक्षाको उज्यालो ज्योतिबाट कोही पनि वन्चित हुनु नपरोस, छोरीलाई पनि पढाउनुपर्छ भन्ने सन्देश दिएको पाइन्छ ।

*सासू मुख हेरौँ भने खुन खाएको बाघझैँ*
*स्वामी मुख हेरौँ भने बौलने आगोझैँ*
*मकै पिस्न जानुपर्छ छिमेकीको झाँतोमा*
*मकै पिसी आउनुपर्छ मध्यरातमा*

प्रस्तुत गीतमा एउटी विवाहित महिलाले पति र सासूबाट व्यहोर्नु परेको प्रताडनलाई विषयवस्तु बनाई बुहारीको रूपमा नारीले भोग्नुपर्ने बुहार्तनको अन्त्य गरी बुहारीलाई पनि छोरी सरह माया, ममता र स्नेह गर्नुपर्छ भन्ने सन्देश दिएको पाइन्छ ।

*उठौँ अब नारी हामी एकजुट भएर*
*देशको विकास गरौँ अब अघि सरेर*
*पुरुषसँगै हामी नारी बराबरी हुनुछ*
*यो देशमा लोकतन्त्र सुदृढ पार्नुछ ।*

नेपाली समाजमा महिला र पुरुषबीचमा अझै पनि भेदभाव गरिन्छ । अब हामी नारीहरू एकजुट भएर पुरुष सरह अधिकार प्राप्त गरी देश विकासमा लाग्नुपर्छ भन्दै नेपाली राजनीतिमा पनि नारीको अहम् भूमिका हुन्छ र देश निर्माणमा पुरुष सरह

हामी नारी पनि लाग्नु पर्छ भन्ने नारी चेतना मूलक राजनीतिक सन्देश यस गीतमा रहेको पाइन्छ ।

*मुक्तिनाथ हो मेरो जनिमभूमि*
*गंगासागर हो मेरो बास बरिलै ।*
*एकारदशीमा नुहाउन आएको,*
*मुक्ति होला भन्ने आश बरिलै*

प्रस्तुत गीतमा कालीगण्डकीको उत्पत्ति स्थल मुक्तिनाथको महत्त्व र तथा गङ्गा सागरको पावन महिमाको वर्णन गर्दै मुक्तिको कामना गरिएको देखिन्छ । यसले पौराणिक तथा धार्मिक महत्त्वले पूर्ण नेपालमा जन्मनु हामी सबैको ठूलो भाग्य हो भन्दै धार्मिक तथा राष्ट्रवादी सन्देश मुखारित गरेको पाइन्छ ।

*दैलामुनि के हो ? बाबा ठूलो रूख बडर*
*धेरै छोरी छन् भनेर हेला नगर ।*
*धेरै छोरी भए पनि आफ्नै कर्म खानी हो ।*
*रुँदैं रुँदैं पराइका घर जानि हो ।*
*पराइको घर गई पिँढीमा बसेर*
*कसको मुख हेरेर भित्र पस्ने हो ।*

हाम्रो नेपाली समाजमा अहिले पनि छोरा र छोरीमा भेदभाव रहेको छ । छोरी धेरै भएमा अभिशापको रूपमा लिइन्छ । समाजमा छोरीलाई हेर्ने दृष्टिकोण गलत छ । बिहेमा दाइजो दिनुपर्ने कारणले गर्दा बाबुआमाले समेत छोरीलाई हेला गर्छन् । साथै बिहे पश्चात् सासू ससुराले समेत । यस्तो भेदभावले नारीमनमा गहिरो चोट पर्दछ भन्दै छोरा छोरीमा भेदभाव नराखी समान शिक्षा र अवसर दिएमा छोरी पनि छोरासरह हुन सक्छन् भन्ने सन्देश यस गीतले दिएको छ । यसको अर्को उदाहरण हेरौं :

*पढछु बाबा एम. ए. बी.ए मैले कम्मर कसेर*
*गर्छु देशको विकास माइत बसेर ।*
*पाल्छु मैले बाबाआमा छोरा समान ठान्नुहोस*
*छोरी पनि छोरा रैच भन्ने जान्नुहोस् ।*

यहाँ समान अवसर पाएमा छोरीले पनि केही गर्न सक्छे तसर्थ छोरीलाई लिङ्गका आधारमा भेदभाव नगरौँ भन्ने वैचारिक सन्देश दिएको पाइन्छ ।

*तिजका खाजा मिठा पोलेका मामाले*
*नरोउ भान्जी लिन आम्ला भन्थे मामाले ।*
*मामा आउँछन् भनेर चौपारीमा बसेर*
*किन आउँथे हाम्रा मामा माइजू छोडेर ।*

नारीहरूको महान चाड तिजको अवसरमा माइती, मावली पक्षबाट हेला भएको चेलीको गुनासो प्रस्तुत गीतमा पाइन्छ । बिहे गरेर गइसकेपछि आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने माइती पक्षले आफ्ना चेलीबेटीलाई बोझका रूपमा लिएकोले आश्वासनमात्र दिएर रनभुल्ल पारेकी चेलीको माइती मावलीप्रतिको गुनासो यस गीतमा रहेको छ । यस गीतले चेलीबेटीको वर्षदिनको तिजमा माइती-मावलीमा गएर आफ्ना वर्षभरिका पीडा, वेदना, रोदन आदिलाई बिसाउने ठाउँ मानेका हुन्छन् यदि माइती-मावलीबाट बिर्सिएमा उनीहरूको इच्छा माथि कुठाराघात हुन जान्छ । तसर्थ यस तिज पर्वमा जसरी भए पनि चेलीबेटीलाई सम्झनुपर्छ भन्ने सन्देश दिएको पाइन्छ ।

*जानुपर्ने साहुको मेला यो तिजको बेलामा*
*जाँड खाने श्रीमान्को म त सधैं हेलामा ।*
*छोरा भन्छ बाबा मलाई शिक्षा दिनोस् भनेर,*
*स्वामी हिँड्छन् भट्टीको हिरो बनेर ।*

यस गीतमा एउटा जड्याँहा श्रीमानको कारणले गर्दा श्रीमतीले भोग्नुपरेको सामाजिक तथा आर्थिक दूरावस्थाको चित्रण गरिएको छ । रक्सी नेपाली समाजको सामाजिक रोग भएकोले यसबाट परिवार, समाज र राष्ट्रलाई नोक्सानी बाहेक कुनै पनि फाइदा हुँदैन । अतः रक्सी खाएर परिवार विचल्ली पार्नु हुँदैन भन्ने सन्देश यस गीतले दिएको छ ।

*कपाल कोरन काइँयो मैले पाइन*
*हेर न लालुमै टेबुलमा ऐना छ ।*

*टोपी खस्यो मेरो पोखरा फेवातालमा*
*नफसाऊँ है मलाई मायालुले जालमा ।*

*दैलामुनिको हलहले तामा*
*छ्याप्प काटी मुरली बजाम बरिलै ।*

*हाम्रा बाबाले बनाएको मन्दिर*
*हिरा र मोतीको झ्याल बरिलै ।*

यी चारवैटै गीतहरूले तिज नारी वेदना, रोदन, पीडा, र बुहार्तनहरूको प्रस्फुटन मात्र होइन यो त स्वस्थ मनोरञ्जन र स्वच्छन्द भावनाको उद्वेलन पनि हो भन्दै तिजको अवसरमा महिलाहरू जम्मा भएर नाचगान, हाँसखेल, ख्यालठट्टा पनि गनुपर्छ र आनन्दले रमाउनुपर्छ भन्ने सन्देश दिएको पाइन्छ ।

*न छ पैसा न त खर्च यो तिजको बेलामा*
*रुँदै भोकै जानु छ साऊको मेलामा ।*

*भोकै पेट भए पनि गर्नुपर्छ दाउरा घाँस*
*लाउने भए श्रीमानले मलाई बनिबास ।*

यहाँ बुहारीले घरको काम जसरी भए पनि गर्नुपर्ने तर खाना खानसमेत नदिने सासू-ससुरा तथा श्रीमानप्रति तिखो प्रहार गरिएको छ । यहाँका महिलाहरूले अरू दिनमा घरको स्थितिको विरोध गर्न नसके पनि तिजको दिनमा गीतमार्फत आफ्ना कुण्ठा व्यक्त गर्छन् ।

यसैगरी धार्मिक, सांस्कृतिक, ऐतिहासिक सन्दर्भका विषयवस्तु समेत गीतमा ढालेर प्रस्तुत गर्दछन् भने प्रकृतिको प्रतिकूलताका कारणले टाढा रहेका आफ्ना माइती लिन आउन नसकेको गुनासो पनि गीतमार्फत व्यक्त गरेर आफ्नो मनलाई हुलका गराउँछन् ।

केही वर्ष अगाडिसम्म धर्म संस्कृति, सामाजिक चाल-चलन, तथा आफ्नो पीडा आदि गीतका विषय हुन्थे । हाल तिजगीतको विषय फराकिलो बनेको छ । नारी

जागरणका अवाजलाई बुलन्द गर्दै राजनैतिक चेतनाको स्वरसमेत तिज गीतको विषयवस्तु बन्ने गरेको पाइन्छ । राजनैतिक चेतनायुक्त गीत यस्तो रहेको भेटिन्छ -

*एक हात पुरुष त एक हात नारी*
*पाउनुपर्छ अधिकार बराबरी ।*

*हिँड्नुपर्छ हामी अब परम्परा तोडेर*
*हामीलाई दबाउनेको जरै गोडेर ।*

माथिको गीतमा नारीलाई सधैँ चुलो चौको ढिकी जाँतो र सन्तान जन्माउने मेसिनको रूपमा मात्र हेर्ने हाम्रो पुरुष प्रधान समाजलाई चुनौती दिँदै पुरुषसरह नारीले अवसर पाउनुपर्छ यदि कसैले अवरोध गर्छ भने त्यसको जरै निमिट्यान्न हुने गरी अन्त्य गर्नुपर्छ भन्ने राजनीतिक चेतनाको सन्देश यस गीतबाट व्यक्त गरिएको छ ।

## ४.७ निष्कर्ष

गुल्मी जिल्ला नेपाली संस्कृतिको ठूलो भण्डारको रूपमा रहेको कुरा यहाँ प्रचलित गीतहरूबाट पनि प्रष्ट हुन्छ । नेपाली हिन्दू समाजमा प्रचलित विभिन्न मान्यताहरूलाई आत्मसात गर्दै परम्पराको उजागर अनि भविष्यको सङ्केत यहाँका गीतहरूले गरेको पाइन्छ । प्राचीनकालदेखि नेपाली समाजमा रहेका पौराणिक तथा ऐतिहासिक विषयलाई गीतमार्फत् समाजमा ती विचारहरूलाई आजसम्म पनि जीवन्त राख्न यहाँका चेलीहरू सफल रहेका छन् । त्यस्तै समाजमा विद्यमान रहेको छोराछोरीबचिको भेदभाव समस्याको रूपमा रहेको दाइजो प्रथा अनि नारी पुरुषबीचको खाडललाई पनि गीतमार्फत व्यङ्ग्य गर्दै सकारात्मक परिवर्तनको निम्ति समाजलाई आह्वान गर्दछन् । परम्परा भन्दैमा गलत कुरालाई अँगिकार गर्नुपर्छ भन्ने छैन भन्दै आधुनिकताको नाउँमा भित्रिएको विकृति विसङ्गतिबाट पनि बच्न सक्नुपर्छ भन्ने नीति सन्देश दिने काम पनि यहाँका चेलीबेटीले गीतमार्फत अभिव्यक्त गरेको पाइन्छ ।

# परिच्छेद पाँच

## उपसंहार

गुल्मी जिल्ला नेपालको ७५ जिल्लामध्येको एक पहाडी रमणीय जिल्ला हो । समुद्री सतहदेखि ६२८ मिटरदेखि २७८८ मिटरसम्म फैलिएको यसे जिल्लाको क्षेत्रफल १२४५ वर्गकिलोमिटर रहेको छ । वि.सं. २००९ साबलाट छुट्टै जिल्लाको रूपमा परिचय पाएको गुल्मीले वि.सं २०२५ बाट एकल अड्डाको रूपमा तम्घासलाई सदरमुकामको रूपमा पायो । गुल्मी जिल्लाको नामका सम्बन्धमा धेरै किसिमका अभिमत पाइए पनि संस्कृतको 'गुल्म' शब्दमा ई प्रत्यय लगाएर गुल्मी रहन गएको हो भन्ने भनाइलाई आधिकारिक मान्न सकिन्छ । गुल्मी जिल्लाको सबैभन्दा अग्लो स्थान थाप्लेको लेक (२७२८ मिटर) सबैभन्दा होचो स्थान रिडी (६२८) मिटर रहेको छ । विभिन्न जातजातिको साझा फूलबारीको रूपमा रहेको गुल्मीमा ब्राह्मण जातिको बाहुल्यता पाइन्छ तर पनि यहाँ क्षत्री, मगर, कामी, दमाई, सार्की, सन्यासी ठकुरी, कुमाले आदि जातिहरूको पनि उल्लेख्य उपस्थिति रहेको छ । समाजमा धार्मिक सहिष्णुता र सामाजिक सद्भावको राम्रो नमुना यहाँ सामूहिक रूपमा मनाइने विभिन्न चाडपर्व तथा उत्सवबाट नै प्रष्ट हुन्छ । वि.सं १९६९ मा रिडीमा स्थापित तत्कालीन संस्कृत प्रधान पाठशालाबाट नै गुल्मी जिल्लामा शिक्षाको उज्यालो घाम उदाएको थियो भने हाल आएर यो जिल्ला नेपाल गणराज्यमा नै शिक्षाको क्षेत्रमा नमुना जिल्लाहरू मध्येमा पर्दछ । ज्लिलाका अधिकाश गा.वि.स. मा स्वास्थ्य सेवाको पहुँच रहेको यहाँ १ जिल्ला अस्पताल, ४ प्रा. स्वा. के., १३ स्वास्थ्य चौकी र ६४ उपस्वास्थ्य चौकी तथा २ आयुर्वेदिक औषधालय रहेका छन् ।

पहाडी जिल्ला भए पनि अधिकांश क्षत्रेमा यातायात शिक्षाको पहुँच पुगेको छ । एउटा राष्ट्रिय मार्ग पक्की सडक यस जिल्लामा पुगेको छ । पाल्पा-रिडी-तम्घास जिल्लाको दक्षिणी भेग हुँदै सदरमुकाम तम्घाससम्म पुगेको छ भने रुद्रबेनी बामीटक्सार सडक पनि महत्त्वपूर्ण रहेको छ । दर्जनौ ग्रामीण सडकको पनि विस्तार भएको छ ।

नेपालकै ४ धाममध्येको रूरू क्षेत्रको पावन धाम पर्ने गुल्मी जिल्लामा यसका अतिरिक्त श्रृङ्गेश्वर , रेसुङ्गा, दिव्रङ, माइस्थान, गोलफूल गुफा आदि प्रसिद्ध धार्मिक स्थल रहेका छन् भने गुल्मी जिल्लामा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । तापनि यहाँ बुद्ध, इशाइ, मुस्लिम धर्म मान्ने मानिहरू पनि बसोवास गर्दछन । विशेष गरी हिन्दू समाज र संस्कृतिको ठूलो प्रभाव रहेको गुल्मीमा दशै, तिहार, तिज, माघे संक्रान्ति, साउने संक्रान्ति, जनैपूर्णिमा (गुरु पूर्णिमा) आदि पर्वहरू धुमधाम साथ मनाइन्छ । मनोरञ्जनको निम्ति देउसी, भैलो, तिज, फागु, दोहोरी, झाम्रे गीतहरू गाइन्छ भने धार्मिक आस्था प्रकट गर्नको निम्ति भजन कीर्तन गर्नेहरू पनि प्रशस्तै रहेका छन ।

७९ गा.वि.स. इलाका र ३ निर्वाचन क्षेत्र रहेको गुल्मी जिल्लाका जनताको राजनैतिक चेतनाको स्तर पनि माथि रहेको छ । समाजमा राजनैतिक चेतनाकै कारण उच, नीच, जात-पात, छुवाछूतको रूढिवादी परम्परा, पनि घट्दै गएको पाइन्छ । अधिकांश जनताहरू कृषिमा निर्भर रहेको गुल्मी जिल्लामा प्रसिद्ध कफी खेती पनि गरिन्छ । कृषिका अतिरिक्त यहाँका जनता नोकरी, व्यापार, वैदेशिक रोजगार घरेलु उद्योगतर्फ पनि आकर्षित रहेको पाइन्छ । समशितोष्ण हावापानी पाइने गुल्मी जिल्लामा ग्रीष्म ॠतुमा बेंसी तथा फाँटहरूमा गर्मी हुने तथा हिउँद याममा लेक तथा पहाडमा जाडो हुन्छ । न्यूनतम तापक्रम १४.८ सेल्सियस र अधिकतम तापक्रम २३.३ सेल्सियस हुने गुल्मीमा हावापानी र वनजङ्गल पनि तीन किसिमको रहेको कूल क्षेत्रफलको १७,५०० हेक्टर जमिन खेतीयोग्य रहेको यस जिल्लामा मिश्रित कृषि प्रणाली पाइन्छ । यहाँ धान, मकै, कोदो, तेलहन आदि खाद्य बालीका अतिरिक्त कफी, तरकारी अदुवा, अमरिसो आदि नगदे बालीको पनि उत्पादन हुन्छ । गुल्मी जिल्ला एक पहाडी जिल्ला भए पनि यहाँको जनआवादी निकै बाक्लो रहेको छ । यहाँको कुल जनसंख्या २९७३१६ मध्ये महिलाको १६२६५३ रहेको छ भने पुरुषको १३४४८३ रहेको छ । गुल्मी जिल्लाको जनघनत्व प्रतिवर्ग कि.मि. २८८.९१ प्रतिशत रहेको छ ।

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये सबैभन्दा लोकप्रिय विधाको रूपमा परिचित रहेको लोकगीत नेपाली समाजमा मौखिक श्रुतिपरम्परामा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको अलिखित साहित्यिक विधा हो । यो लयात्मक तथा गेयात्मक पनि

हुन्छ । जसमा लोकजीवनका सामूहिक अनुभूतिको प्रकटीकरण हुनुका अलावा शब्द र सङ्गीतद्वारा सुसज्जित हुन्छ । नेपाली लोकगीतमा स्रष्टा अज्ञात हुनुको साथै रचनाकाल पनि अज्ञात नै रहन्छ । तर आजभोलि मनोरञ्जनका साथै व्यावसायिकताका निम्ति रचिएका वा सङ्कलन गरिएका लोकगीतहरूका रचनाकार वा सङ्कलन पाइन्छन् र यो रेकर्ड हुन्छ, जुन लोकसाहित्य र लोकगीतको परम्परा भन्दा विपरीत रहेको छ ।

सङ्गीत, लय, तथा गायन र गतिमा तीव्रता अनि हृदयलाई सहज पगाल्न सक्ने गुणले गर्दा लोकगीतलाई लोकसाहित्यका अन्य विधाबाट सजिलै छुट्याउन सकिन्छ । कुनै पनि एउटा सफल लोकगीत हुनका निम्ति त्यसमा भाव वा विचार, उद्देश्य, भाषाशैली अनिवार्य तत्त्वको रूपमा रहेका छन् भने त्यसमा सरलता, सहजता पनि हुनुपर्दछ । वास्तवमा लोकगीत लिखित रूपमा आउँदा यसले आफ्नो मौलिकता गुमाउने हुँदा मौखिक श्रुतिपरम्परामा आधारित हुनुपर्दछ । लोकगीतले कुनै न कुनै नैतिक सन्देश दिने भएकोले यो समाज सुधारकको रूपमा पनि रहेको छ ।

नेपाली लोकसाहित्यमा विभिन्न किसिमका लोकगीत पाइन्छन् । विद्वान्हरूले पनि आ-आफ्नै ढङ्गले वर्गीकरण गरेको पाइन्छ । अहिलेसम्मको अध्ययनलाई हेर्दा नेपाली लोकगीतहरूको प्रकार विभिन्न किसिमले गर्न सकिन्छ । क्षेत्रीय, जातिगत, भाषिक, विषयवस्तु, संरचना, उमेर, लिङ्ग, बनोट प्रस्तुति, समय आदि लोकगीतका वर्गीकरणका आधार हुन् । नेपाली समाजमा खास गरी सदाकालिक, बाह्रमासे, पर्वगीत, श्रमगीत, दोहोरीगीत आदि लोकप्रिय भई जनबोलीको रूपमा रहेका छन् । विभिन्न चाडपर्वहरूमा खासगरी नेपाली हिन्दू परम्परामा आधारित संस्कारलाई पूर्णता दिन र मनोरञ्जनको निम्ति गाइने गीत नै संस्कार वा पर्व गीत हुन् । पर्व गीतमा पनि देउसी, भैली, तिज, फागु र मालसिरी आदि प्रमुख रहेका छन् ।

यिनै पर्व गीतमध्येको एक तिजगीत रहेको छ । नेपाली हिन्दू महिलाहरूको महान पर्व हरितालिका वा तिजका अवसरमा गाइने भएकोले यसलाई तिजगीत भनिएको भन्ने विद्वान्हरूको तर्क रहेको छ । महिलाहरूले वर्षदिनभरिमा परिवार, सासू ससुरा, पति, देवर नन्द आदिबाट व्यहोर्नु परेको बुहार्तन, माइती पक्षबाट हुन परेको अपहेलना, नारी जागरण र अधिकारका कुरा राजनैतिक चेतना, नेपाली हिन्दू समाज र

संस्कृतिका कुरा अनि देवी देवताको स्तुति तथा सामाजिक घटना परिघटना आदि गुल्मेली तिजगीतका विषयवस्तु बन्ने गरेका छन् । यस्ता गीतहरू काव्यशास्त्रीय दृष्टिकोणबाट हेर्दा पनि पूर्ण देखिन्छन् । लोकलयमा स्थानीय भाषिकाको सफल प्रयोगबाट बुनिएका  गुल्मेली तिज गीतले समाज सुधारको निम्ति नीति सन्देश, समाजमा चलिआएका परम्पराको प्रकटीकरण तथा सामाजिक विकृति, विसङ्गतिप्रति तीखो व्यङ्ग्य गरेको पाइन्छ ।

यस शोधकार्यको विषयवस्तु पनि गुल्मी जिल्लामा प्रचति तिजगीतको अध्ययन रहेकाले सोको चर्चा यथास्थानमा भइसकेको छ । नेपालमा मनाइने विभिन्न चाडपर्वहरू स्वभाविक रूपमा गुल्मी जिल्लामा पनि मनाइन्छ । वर्षभरिमा मनाइने प्रमुख चाडपर्वहरूमध्ये तिज पनि एक महत्त्वपूर्ण चाड रहेको छ । गुल्मेली समाजमा पनि तिजको धार्मिक तथा सांस्कृतिक महत्त्व रहेको छ । तिजको धार्मिक तथा सांस्कृतिक र नेपाली समाजको सामाजिक, राजनैतिक, आर्थिक महत्त्वलाई आत्मसात् गर्ने यस्ता गीतहरूले ग्रामीण जीवनका आशा-निरशा, हर्ष-विस्मात, सुख-दुःख जस्ता भावनााई सरल, सहज र मर्मस्पर्शी ढङ्गले व्यक्त गर्ने कला बोकेका गीतहरूको आफ्नो विशिष्ट लय हुन्छ । वैयक्तिक तथा सीमित भौगोलिक सीमाहरूलाई नाँघेर राष्ट्रिय ढुकढुकी बन्न सफल गीतहरूले गुल्मी जिल्लाको धार्मिक आस्था, आर्थिक अवस्था तथा सामाजिक जीवनस्तर आदिका बारेमा अध्ययन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउँछन । स्थानीय बोलीचालिका भाषिकाको प्रयोग हुने यस्ता गीतबाट सम्बन्धित क्षेत्रको भाषिक अध्ययन गर्न समेत मद्दत पुग्दछ । यहाँका दिदी बहिनीहरूले आफ्ना मनभित्र गुम्सिएर बसेका भावनाहरूलाई व्यक्त गर्ने प्रमुख साधनका रूपमा तिज गीतलाई लिएकोले पनि वर्षदिनमा आफू पनि रमाउँछन् र लोकलाई पनि मनोरञ्जन दिन्छन् ।

नेपाली समाजको अनुभूतिका आयाम बनेका तिजगीत हाल वृद्ध तथा अशिक्षित महिलाहरूको गलामा मात्र सीमित हुने वातावरणमा सिर्जना हुँदै गएको देखिन्छ । हिजोसम्म परम्परागत रूपमा गाउदै आएका धार्मिक अनुष्ठान तथा सांस्कारिक तिजगीतहरू अहिले लोपोन्मुख अवस्थामा पुगेका छन् । पुरानो पुस्ताको अन्त्य र नयाँ पुस्ताको त्यसप्रतिको अरुचिको कारण बढ्दो आधुनिकतासँगै गुल्मेली समाजमा

परम्परागत रूपमा बाँची आएका तिजगीतले कतै समयसँगै आफूलाई हराउँदै लैजाने त होइनन् भन्ने जिज्ञासा र त्यस्ता गीतहरूप्रतिको रुचिको कारणले पनि यो शोधकार्य गर्न जागरुक गराएको हो ।

आफ्नै कारणले समय दिन नसकेका कारणले छोटो समयमा सङ्कलन गरिएका गीतहरूमार्फत नै शोधकार्यलाई पूर्णता दिने प्रयास गरेको छु तर पनि समय, अवसर, अनुकूलताका कारण समेट्न पर्ने विषय धेरै भएको र सबैको चर्चा अनिवार्य भएकोले छोटकरीमै भए पनि सबैलाई समेटर यो रूपमा तयार पारेको छु ।

# सन्दर्भग्रन्थसूची


आचार्य, कृष्णप्रसाद, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य**, क्षितिज प्रकाशन, काठमाडौँ, कीर्तिपुर, २०६३ ।

कँडेल, नारायणप्रसाद, 'गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय', **गुल्मी परिचय**, काठमाडौँ : गुल्मेली समाज, २०६२ ।

काफ्ले, भगवती, **नारी चेतना गीतिसङ्ग्रह**, पद्म कन्या क्याम्पस बागबजार, २०६० ।

गिरी, मधुसूदन, **लोकसाहित्य**, काठमाडौँ : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स, २०६० ।

गैरे, ईश्वरीप्रसाद, **लोकसाहित्य र पूर्व आधुनिक नेपाली साहित्य**, काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६० ।

गौतम, अङ्गद्मणि, **बलेटक्सार गाउा, विकास समितिको विस्तृत अध्ययन**, काठमाडौँ : राष्ट्रिय विकास सेवा त्रि.वि.वि, २०५४ ।

ज्ञवाली, हिरण्यलाल, 'गुल्मेली लोक संस्कृतिक एक झलक', **गुल्मी परिचय**, काठमाडौँ : गुल्मेली समाज, २०६२ ।

ज्ञवाली, हेमराज, 'गुल्मी ऐतिहासिक दृष्टिमा', **गुल्मी परिचय**, काठमाडौँ : गुल्मेली समाज, २०६२ ।

ढकाल, भागवत, 'काव्य शास्त्रीय दृष्टिकोणमा गुल्मेली तिज गीत', **गुल्मी परिचय,** काठमाडौँ : गुल्मेली समाज, २०६२ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौँ : पा.वि.के., २०४१ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** काठमाडौँ : वीण प्रकाशन, प्रा.लि., २०५७ ।

पराजुली मोतिलाल, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू,** काठमाडौंः साझा प्रकाशन, २०६३ ।

पौडेल, पूर्णबहादुर, **नारीहरूको यथार्थतामा तिज**, बुटवल २०६०।

बज्राचार्य, पुण्यरत्न, **हाम्रो चाडपर्व**, काठमाडौंः रत्नपुस्तक भण्डार, २०४३ ।

बन्धु चूडामणि, **नेपाली लोकसाहित्य**, एकता बुक्स, काठमाडौं, २०५८ ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौं : विद्यार्थीपुस्तक भण्डार, २०६३ ।

सुवेदी, राजाराम, 'गुल्मी जिल्लाको ऐतिहासिक पृष्ठभूमि', **हाम्रो पुरुषार्थ**, गुल्मीः किरण पुस्तकालय, (२०५३) ।